# साहित्यकार श्यामबहादुर 'भावुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र
बहुमुखी क्याम्पस नेपाली विभाग, भरतपुर, चितवनको स्नातकोत्तर तह
नेपाली (एम.ए.) द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
**भीमाकुमारी थापा**
**क्याम्पस क्रमाङ्क : ३१**
त्रि.वि. दर्ता नं. : ६-१-१९-४५८-९९
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
**भरतपुर, चितवन**
**२०६८**

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
नेपाली विभाग


# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरकी विद्यार्थी भीमाकुमारी थापाले नेपाली विषय स्नातकोत्तर (एम.ए.) तहको दसौँ पत्रको प्रयोजनका निम्ति **साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल** ..................................
विभागीय प्रमुख हस्ताक्षर

**शिक्षण सहायक भीष्मराज पौडेल** ..................................
शोधनिर्देशक हस्ताक्षर

**सह-प्राध्यापक गोविन्दराज 'विनोदी'** ..................................
बाह्यपरीक्षक हस्ताक्षर

मिति : २०६८ । ३ । १०

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, नेपाली विभाग, स्नातकोत्तर तह नेपाली (एम.ए.) दोस्रो वर्षकी छात्रा भीमाकुमारी थापाले **साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमका साथ तयार पारिएको प्रस्तुत शोध-पत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................................

**भीष्मराज पौडेल**
शि.स.
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

मितिः २०६८ । ३ । १

# कृतज्ञताज्ञापन

शोधकार्य आफैमा एक गहन र जटिल कार्य हो । यो गहन एवम् जटिल कार्यलाई आदरणीय गुरुज्यू शिक्षण सहायक भीष्मप्रसाद पौडेलज्यूको कुशल निर्देशनमा सम्पन्न गरेकी हुँ । आफ्नै कार्य व्यस्तताका बाबजुद पनि मलाई अमूल्य सुझाव र उचित सल्लाह दिएर लक्षित स्थानसम्म पुऱ्याउन सहयोग गर्नु हुने शोधनिर्देशक श्रद्धेय गुरुज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधप्रस्ताव स्वीकृत गरी मलाई शोधकार्य तयार पार्न अनुमति प्रदान गर्ने नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनाल र विभाग परिवारप्रति आभारी छु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक पुस्तक, पत्रपत्रिका र लेख-रचना आदि उपलब्ध गराई सहयोग गर्नुहुने शोधनायक श्यामबहादुर 'भावुक'ज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । विशिष्ट प्रतिभाका धनी श्यामबहादुर 'भावुक'को जीवनीवारे अहिलेसम्म गहन रुपमा अध्ययन, अनुसन्धान नभएको अवस्थामा उहाँको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी यथेष्ट रुपमा जान्ने, बुझ्ने एवम् अनुसन्धान गर्ने रुचि जागेर नै यो शोधपत्र तयार पारेकी हुँ । यसबाट श्यामबहादुर 'भावुक' को व्यक्तित्व र कृतित्व अझै प्रस्टिने छ भन्ने आशा लिएकी छु ।

मलाई पढ्न प्रेरणा दिएर यहाँसम्म पुऱ्याउन उत्प्रेरकको भूमिका निर्वाह गर्ने पूजनीय पिता गंगाबहादुर क्षेत्री, आमा इन्द्रकुमारी क्षेत्री र दाजु मनबहादुर थापाप्रति आभारी छु । शोधपत्र तयार पार्ने क्रममा आवश्यक सल्लाह, सुझाव एवम् वातावरण तयार गरिदिनुहुने श्रीमान् किशोरबहादुर अधिकारी र छोरी आर्या अधिकारीप्रति तथा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने अन्य सबैप्रति म आभारी छु ।

अन्त्यमा, **साहित्यकार श्यामबहादुर 'भावुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुरसमक्ष पेस गर्दछु ।

......................................

मितिः २०६८ । ३ । १

**भीमाकुमारी थापा**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्द-सूची

यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सङ्क्षेपीकृत रुप यसप्रकार छ :-

| | |
|---|---|
| इ.सं. | इस्वी संवत् |
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| न.पा. | नगरपालिका |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| वा.नं. | वार्ड नम्बर |
| वि.सं. | विक्रम संवत् |
| वी.पी. | विश्वेश्वरप्रसाद |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |
| स्व. | स्वर्गीय |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची


क) शोधपत्रको स्वीकृत पत्र
ख) शोधनिर्देशकको मन्तव्य
ग) कृतज्ञताज्ञापन
घ) सङ्क्षेपीकृत शब्दसूची

**परिच्छेद : एक**

**शोध-पत्रको परिचय** **१–७**

| | | |
|---|---|---|
| १.१ | शोधपरिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.६ | शोधकार्यको क्षेत्र र सीमा | ६ |
| १.७ | सामग्री सङ्कलन | ६ |
| १.८ | शोधविधि | ६ |
| १.९ | शोधपत्रको रुपरेखा | ७ |

**परिच्छेद : दुई**

**श्यामबहादुर 'भावुक' को जीवनी र व्यक्तित्व** **८–२१**

| | | |
|---|---|---|
| २.१ | जीवनी : पृष्ठभूमि | ८ |
| २.२ | पुर्ख्यौली परिचय | ९ |
| २.२.१ | जातीय परिचय | ९ |
| २.२.२ | जन्म र जन्मस्थान | ९ |
| २.२.३ | पारिवारिक पृष्ठभूमि | १० |
| २.२.४ | बाल्यकाल | १० |
| २.२.५ | आर्थिक स्थिति | १० |
| २.२.६ | सामाजिक परिवेश | ११ |
| २.२.७ | पारिवारिक, शैक्षिक वातावरण | ११ |
| २.२.८ | शिक्षा-दीक्षा | १२ |
| २.२.९ | वैवाहिक तथा पारिवारिक जीवन | १२ |

२.२.१० जागिरे जीवन र आजीविका १२
२.२.११ दिनचर्या, बानी र रुचि १३
२.२.१२ साहित्यिक रुचि, अध्ययन र शोख १३
२.२.१३ भ्रमण १४
२.२.१४ पुरस्कार तथा सम्मान १४
२.३ श्यामबहादुर 'भावुक' को व्यक्तित्व १५
२.३.१ व्यक्तित्व पृष्ठभूमि १५
२.३.२ बाह्य व्यक्तित्व १५
२.३.३ आन्तरिक व्यक्तित्व १६
२.३.३.१ साहित्यिक व्यक्तित्व १६
२.३.३.१.१ स्रष्टा व्यक्तित्व १७
२.३.३.१.२ द्रष्टा व्यक्तित्व १८
२.३.३.२ साहित्येतर व्यक्तित्व १९
२.३.३.३ स्रष्टा र द्रष्टा व्यक्तित्वबीच सहसम्बन्ध २०
२.३.४ साहित्य सेवा र संस्थागत संलग्नता २१
२.३.५ निष्कर्ष २१

**परिच्छेद : तीन**

**श्यामबहादुर 'भावुक' को साहित्ययात्रा र प्रवृत्ति २२-२६**

३.१ श्यामबहादुर 'भावुक' को साहित्ययात्रा २२
३.१.१ श्यामबहादुर 'भावुक' को साहित्यिकयात्राको चरण विभाजन २२
३.१.२ प्रथम चरण २३
३.१.३ द्वितीय चरण २३
३.२ श्यामबहादुर 'भावुक' को साहित्य प्रवृत्ति २४
३.२.१ औपन्यासिक प्रवृत्ति २४
३.२.२ कवितात्मक तथा काव्यात्मक प्रवृत्ति २५
३.३ नेपाली साहित्यको क्षेत्रमा श्यामबहादुर 'भावुक'को स्थान २६
३.४ निष्कर्ष २६

## परिच्छेद : चार


| | | |
|---|---|---|
| | **श्यामबहादुर 'भावुक' का कृतिहरूको अध्ययन तथा विश्लेषणका साथै फुटकर रचनाहरूको विवरण** | **२८-१११** |
| ४.१ | साहित्यको परिचय | २८ |
| ४.१.१ | साहित्यकार 'भावुक' का काव्यहरूको अध्ययन | ३२ |
| ४.१.२ | काव्यगत विषय प्रवेश | ३२ |
| ४.१.३ | कृतित्व अध्ययनको पृष्ठभूमि | ३३ |
| ४.२ | उपन्यासकार 'भावुक'को उपन्यासको अध्ययन तथा विश्लेषण | ३३ |
| ४.२.१ | उपन्यासको व्युत्पत्ति | ३३ |
| ४.२.२ | उपन्यासको स्वरुप | ३४ |
| ४.२.३ | उपन्यासको परिभाषा | ३४ |
| ४.२.४ | उपन्यासका तत्त्वहरू | ३६ |
| ४.२.४.१ | कथावस्तु वा कथानक | ३६ |
| ४.२.४.२ | चरित्रचित्रण | ३६ |
| ४.२.४.३ | संवाद वा कथोपकथन | ३६ |
| ४.२.४.४ | देशकाल, वातावरण वा परिवेश | ३७ |
| ४.२.४.५ | भाषाशैली | ३७ |
| ४.२.४.६ | उद्देश्य | ३७ |
| ४.२.४.७ | दृष्टिबिन्दु वा कथनपद्धति | ३७ |
| ४.३ | **अधुरो सपना** उपन्यासको विश्लेषण | ३८ |
| ४.३.१ | पृष्ठभूमि | ३८ |
| ४.३.१.१ | कथानक | ३८ |
| ४.३.१.२ | चरित्रचित्रण | ३९ |
| ४.३.१.२.१ | प्रमुख पात्रहरू | ३९ |
| ४.३.१.२.२ | सहायक पात्रहरू | ४१ |
| ४.३.१.२.३ | गौण पात्रहरू | ४२ |
| ४.३.१.३ | संवाद वा कथोपकथन | ४२ |
| ४.३.१.४ | देशकाल वातावरण वा परिवेश | ४२ |
| ४.३.१.५ | भाषाशैली | ४३ |
| ४.३.१.६ | उद्देश्य | ४३ |
| ४.३.१.७ | दृष्टिबिन्दु वा कथनपद्धति | ४४ |
| ४.३.२ | निष्कर्ष | ४४ |

| | | |
|---|---|---|
| ४.४ | कवि श्यामबहादुर 'भावुक'का काव्यकृतिहरूको अध्ययन तथा विश्लेषण | ४४ |
| ४.४.१ | खण्डकाव्यको सैद्धान्तिक परिचय | ४४ |
| ४.४.२ | खण्डकाव्यको परिभाषा | ४५ |
| ४.४.३ | खण्डकाव्यका तत्त्वहरू | ४७ |
| ४.४.३.१ | कथानक | ४७ |
| ४.४.३.२ | लय वा छन्द | ४७ |
| ४.४.३.३ | परिवेश | ४७ |
| ४.४.३.४ | पात्रविधान | ४८ |
| ४.४.३.५ | उद्देश्य | ४८ |
| ४.४.३.६ | भाव | ४८ |
| ४.४.३.७ | कथनपद्धति | ४८ |
| ४.४.३.८ | भाषाशैली र संरचना | ४८ |
| ४.४.३.९ | प्रतीक, बिम्ब, अलङ्कार, रस | ४९ |
| ४.५ | **सुन्तली-हर्के** खण्डकाव्यको सङ्क्षिप्त विश्लेषण | ५० |
| ४.५.१ | पृष्ठभूमि | ५० |
| ४.५.१.१ | कथानक | ५० |
| ४.५.१.२ | लय वा छन्द | ५२ |
| ४.५.१.३ | परिवेश | ५२ |
| ४.५.१.४ | पात्रविधान | ५२ |
| ४.५.१.५ | उद्देश्य | ५३ |
| ४.५.१.६ | भाव | ५३ |
| ४.५.१.७ | कथनपद्धति | ५३ |
| ४.५.१.८ | भाषाशैली र संरचना | ५४ |
| ४.५.१.९ | प्रतीक, बिम्ब, अलङ्कार, रस | ५४ |
| ४.५.२ | निष्कर्ष | ५५ |
| ४.६ | **अठोट** खण्डकाव्यको सङ्क्षिप्त विश्लेषण | ५५ |
| ४.६.१ | पृष्ठभूमि | ५५ |
| ४.६.१.१ | कथानक | ५५ |
| ४.६.१.२ | लय वा छन्द | ५७ |
| ४.६.१.३ | परिवेश | ५७ |
| ४.६.१.४ | पात्र वा चरित्रचित्रण | ५८ |

| | | |
|---|---|---|
| ४.६.१.५ | उद्देश्य | ५८ |
| ४.६.१.६ | भाव | ५८ |
| ४.६.१.७ | कथनपद्धति | ५९ |
| ४.६.१.८ | भाषाशैली र संरचना | ५९ |
| ४.६.१.९ | प्रतीक, बिम्ब, अलङ्कार, रस | ६० |
| ४.६.२ | निष्कर्ष | ६० |
| ४.७ | **होसियार** कवितासङ्ग्रहको सङ्क्षिप्त विश्लेषण | ६१ |
| ४.७.१ | पृष्ठभूमि | ६१ |
| ४.७.१.१ | धोका दिन सक्छ | ६१ |
| ४.७.१.२ | आफूलाई पनि फर्केर हेर | ६१ |
| ४.७.१.३ | मन्त्रीमहिमा | ६२ |
| ४.७.१.४ | पार्टी खोज्न थाले | ६२ |
| ४.७.१.५ | मन्त्रीले कसलाई के दिने ? | ६२ |
| ४.७.१.६ | काठमाडौँमा धेरै छन् | ६३ |
| ४.७.१.७ | समयमै गर | ६३ |
| ४.७.१.८ | मानिसको जीवन कस्तो ? | ६३ |
| ४.७.१.९ | साँच्चिकै पीर | ६४ |
| ४.७.१.१० | समय | ६४ |
| ४.७.१.११ | गुरुचेला | ६४ |
| ४.७.१.१२ | भोट कसरी माग्ने ? | ६५ |
| ४.७.१.१३ | नेताको मर्म | ६५ |
| ४.७.१.१४ | भङ्गालेको गुनासो | ६६ |
| ४.७.१.१५ | जता पनि पाइने | ६६ |
| ४.७.१.१६ | अमर हुनु भो | ६६ |
| ४.७.१.१७ | क्यान्सर अस्पताल | ६७ |
| ४.७.१.१८ | चितवन | ६७ |
| ४.७.१.१९ | पुरैपुर | ६८ |
| ४.७.१.२० | चोकैचोक | ६८ |
| ४.७.१.२१ | नगरैनगर | ६८ |
| ४.७.१.२२ | भरियाको जीवन | ६९ |
| ४.७.१.२३ | एकदिन सबैजना जानुपर्छ बगर | ६९ |
| ४.७.१.२४ | मेरो प्यारो भङ्गाल | ६९ |

४.७.१.२५ आमाको सपना ७०
४.७.१.२६ किसानको मर्म ७०
४.७.१.२७ भेटवार्ता ७१
४.७.१.२८ म त भङ्गालबासी ७१
४.७.१.२९ रक्सीको करामत ७१
४.७.१.३० स्कुलको प्रतीक्षामा रहेको भङ्गाल ७२
४.७.१.३१ क्यान्सर ७२
४.७.१.३२ वेदना ७३
४.७.१.३३ व्यस्त प्रजातन्त्र ७३
४.७.१.३४ श्रद्धाञ्जलि ७३
४.७.१.३५ नजाउ परदेश ७४
४.७.१.३६ स्वस्थ जीवन ७४
४.७.१.३७ चेपाङ जातिको मर्म ७४
४.७.१.३८ धनी-गरिब ७५
४.७.१.३९ देशको विकास कसो गरी हुन्छ ? ७५
४.७.१.४० सम्झना ७६
४.७.१.४१ बिलौना ७६
४.७.१.४२ शपथ ७६
४.७.१.४३ श्रद्धासुमन ७७
४.७.१.४४ तिम्रो जीवन फलोस्-फुलोस् ७७
४.७.१.४५ यो कस्तो आजको सहर ? ७७
४.७.१.४६ क्यान्सर : लक्षण र रोकथाम ७८
४.७.१.४७ युद्धको सम्झनामा ७८
४.७.१.४८ होसियार ७८
४.७.२ निष्कर्ष ७९
४.८ **सम्झनाको दियो** गीति शोककाव्यको सङ्क्षिप्त विश्लेषण ७९
४.८.१ पृष्ठभूमि ८०
४.८.१. कथानक ८०
४.८.१.२ लय वा छन्द ८१
४.८.१.३ परिवेश ८१
४.८.१.४ पात्रविधान ८२
४.८.१.५ उद्देश्य ८२

| | | |
|---|---|---|
| ४.८.१.६ | भाव | ८२ |
| ४.८.१.७ | कथनपद्धति | ८३ |
| ४.८.१.८ | भाषाशैली र संरचना | ८३ |
| ४.८.१.९ | प्रतीक, बिम्ब, अलङ्कार, रस | ८३ |
| ४.८.२ | निष्कर्ष | ८४ |
| **४.९** | **गजलकार श्यामबहादुर 'भावुक' को गजलकृतिको सङ्क्षिप्त अध्ययन तथा विश्लेषण** | ८५ |
| ४.९.१ | गजलको व्युत्पत्ति र संरचना | ८५ |
| ४.९.२ | गजल शब्दको स्रोत र अर्थ | ८६ |
| ४.९.३ | गजलको परिभाषा | ८७ |
| ४.९.४ | गजलको विकासक्रम | ८७ |
| ४.९.५ | गजलका तत्त्वहरू | ८८ |
| ४.९.५.१ | सेर | ८८ |
| ४.९.५.२ | मिसरा | ८८ |
| ४.९.५.३ | मतला | ८९ |
| ४.९.५.४ | मकता | ८९ |
| ४.९.५.५ | तखल्लुस | ८९ |
| ४.९.५.६ | काफिया | ८९ |
| ४.९.५.७ | रदिफ | ९० |
| ४.९.५.८ | रुक्न | ९० |
| ४.९.५.९ | अर्कान | ९१ |
| ४.९.५.१० | बहर | ९१ |
| ४.९.५.११ | यति | ९१ |
| ४.९.५.१२ | भाव | ९१ |
| ४.९.५.१३ | लयविधान | ९२ |
| ४.९.५.४ | प्रतीक वा बिम्ब | ९२ |
| **४.१०** | **मौन खबरहरू** गजलसङ्ग्रहको सङ्क्षिप्त विश्लेषण | ९२ |
| ४.१०.१ | पृष्ठभूमि | ९३ |
| ४.१०.१.१ | माया गर्ने मायालुको | ९३ |
| ४.१०.१.२ | कसैलेनि नपत्याउने | ९३ |
| ४.१०.१.३ | गरीबको | ९३ |
| ४.१०.१.४ | कतिलाई बाडौँ मैले | ९४ |

| | | |
|---|---|---|
| ४.१०.१.५ | नेताहरू कुहिनाले | ९४ |
| ४.१०.१.६ | मानिस भै | ९४ |
| ४.१०.१.७ | नयाँ वर्ष | ९४ |
| ४.१०.१.८ | नेपालभित्र जतातत‍ै | ९५ |
| ४.१०.१.९ | पहिरो लाग्यो | ९५ |
| ४.१०.१.१० | झुल्के घाम | ९५ |
| ४.१०.१.११ | उनकै सम्झनाले | ९६ |
| ४.१०.१.१२ | उठ-उठ | ९६ |
| ४.१०.१.१३ | उनी कता गइन् होला | ९६ |
| ४.१०.१.१४ | मातृभूमि सम्झिएर | ९६ |
| ४.१०.१.१५ | नेपालीले नेपालमा | ९७ |
| ४.१०.१.१६ | कसले सुनी दिन्छ | ९७ |
| ४.१०.१.१७ | निद्रा पनि लाग्न | ९७ |
| ४.१०.१.१८ | गाई-बाखा एकै | ९७ |
| ४.१०.१.१९ | मलाई एक्लै | ९८ |
| ४.१०.१.२० | भोकै होलिन् उनी | ९८ |
| ४.१०.१.२१ | किन होला आजसम्म | ९८ |
| ४.१०.१.२२ | भेट गर्ने इच्छा थियो | ९८ |
| ४.१०.१.२३ | आज हाम्रो पिरतीमा | ९९ |
| ४.१०.१.२४ | कता गइन् उनी आज | ९९ |
| ४.१०.१.२५ | ख्याल-ख्यालैमा उनीसँग | ९९ |
| ४.१०.१.२६ | सपनीमा उनीलाई | ९९ |
| ४.१०.१.२७ | मेरो लागि उनी अघि | १०० |
| ४.१०.१.२८ | जीवनमा कुनै मूल्य | १०० |
| ४.१०.१.२९ | बेकारमा नेता | १०० |
| ४.१०.१.३० | मान्छेको जात किन होला | १०० |
| ४.१०.१.३१ | यो जुनीमा | १०० |
| ४.१०.१.३२ | चियाभित्र चिनी | १०१ |
| ४.१०.१.३३ | हामी सबै नेपालीले | १०१ |
| ४.१०.१.३४ | आकाशमा चम्किएर | १०१ |
| ४.१०.१.३५ | सधैँभरि उनको नजिक | १०१ |
| ४.१०.१.३६ | जीवनसाथी उनी मेरो | १०२ |

| | | |
|---|---|---|
| ४.१०.१.३७ | तिमी बाहेक अन्त | १०२ |
| ४.१०.१.३८ | इशाराले बोलाएनि | १०२ |
| ४.१०.१.३९ | माया-मोह बिर्सी | १०२ |
| ४.१०.१.४० | अत्याचार गर्नेलाई | १०३ |
| ४.१०.१.४१ | आकाशको तारा पनि | १०३ |
| ४.१०.१.४२ | उनी मेरो जिन्दगीको | १०३ |
| ४.१०.१.४३ | जिन्दगीलाई सधैंभरि | १०३ |
| ४.१०.१.४४ | नेपालमा अब शान्ति | १०३ |
| ४.१०.१.४५ | उनले छाडी गएपछि | १०४ |
| ४.१०.१.४६ | आजभोलि किन-किन | १०४ |
| ४.१०.१.४७ | ६ महिनाको | १०४ |
| ४.१०.१.४८ | आज आफ्नो भए पनि | १०५ |
| ४.१०.१.४९ | मधुरो भो आकाशमा | १०५ |
| ४.१०.१.५० | उनी आउँछिन् | १०५ |
| ४.१०.१.५१ | कसो-कसो माया बस्यो | १०५ |
| ४.१०.१.५२ | कसलाई दसा लागेर हो | १०६ |
| ४.१०.१.५३ | डोरी खोजी यो मनले | १०६ |
| ४.१०.१.५४ | गाउँबाट सहर पसे | १०६ |
| ४.१०.१.५५ | आजसम्म सधैं मेरो | १०६ |
| ४.१०.१.५६ | मुस्किल पऱ्यो | १०७ |
| ४.१०.१.५७ | त्यो मनमा अनेक | १०७ |
| ४.१०.१.५८ | मातलाग्ने नशा | १०७ |
| ४.१०.१.५९ | उनकै यादले | १०७ |
| ४.१०.१.६० | मायालुलाई ढाँट्न | १०८ |
| ४.१०.१.६१ | चुहिने घर छाउने | १०८ |
| ४.१०.१.६२ | मानिसको मनभित्र | १०८ |
| ४.१०.१.६३ | थुकेपछि फेरि आफै | १०८ |
| ४.१०.१.६४ | राम्रो काम गरिस् भने | १०९ |
| ४.१०.१.६५ | अन्याय र अत्याचारको | १०९ |
| ४.१०.१.६६ | ठूलो नदी महाकाली | १०९ |
| ४.१०.१.६७ | एक्लो भए जस्तो | ११० |
| ४.१०.१.६८ | धेरै जिद्धि नगर | ११० |

४.१०.१.६९ साइँलो पनि हिजो ११०
४.१०.१.७० दुःख, पीडा खप्ने ११०
४.१०.१.७१ नेपाली हुँ भनी बाँच्न ११०
४.१०.१.७२ माया गरौँ नेपालीले १११
४.१०.२ निष्कर्ष १११
४.११ श्यामबहादुर 'भावुक'का फुटकर रचनाहरूको विवरण १११

## परिच्छेद : पाँच

## उपसंहार

५.१ पृष्ठभूमि ११३
५.१.१ पहिलो परिच्छेदको निष्कर्ष ११३
५.१.२ दोस्रो परिच्छेदको निष्कर्ष ११४
५.१.३ तेस्रो परिच्छेदको निष्कर्ष ११४
५.१.४ चौथो परिच्छेदको निष्कर्ष ११४
५.१.५ पाचौँ परिच्छेदको निष्कर्ष ११४
५.२ समग्र निष्कर्ष ११५

## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधपरिचय

वि.सं. २०२९ कार्तिक १८ गते पिता कमलबहादुर खड्का र माता रत्नकुमारी खड्काका कोखबाट काठमाडौँ, महाङ्काल-२, भङ्गालमा जन्मिएका श्यामबहादुर खड्काको साहित्यिक नाम श्यामबहादुर 'भावुक' हो । नेपालीमा स्नातकोत्तर तहसम्म अध्ययन गरेका 'भावुक' साहित्य लेखनतिर क्रियाशील रहेका छन् । आख्यान र कविता विधामा कलम चलाए तापनि यिनको साहित्य सिर्जनाको मुख्य क्षेत्र कविता नै हो ।

यिनका आख्यानमा एउटा उपन्यास र कवितामा दुईवटा खण्डकाव्य, एउटा कवितासङ्ग्रह, एउटा गीति शोककाव्य र एउटा गजलसङ्ग्रह प्रकाशित छन् । यसका साथै विभिन्न पत्रपत्रिकाहरूमा यिनका फुटकर रचनाहरूसमेत प्रकाशित छन् । यिनका हालसम्म प्रकाशित कृतिहरू यसप्रकार रहेका छन् :

क) **अधुरो सपना** (उपन्यास-२०५२)

ख) **सुन्तली-हर्के** (खण्डकाव्य-२०५६)

ग) **अठोट** (खण्डकाव्य-२०५८)

घ) **होसियार** (कवितासङ्ग्रह-२०५९)

ङ) **सम्झनाको दियो** (गीति शोककाव्य-२०६०)

च) **मौन खबरहरू** (गजलसङ्ग्रह-२०६५)

हाल भरतपुर स्थित बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल प्रशासन शाखामा शाखा अधिकृत पदमा कार्यरत 'भावुक'ले यी कृतिहरूका अतिरिक्त **स्वाजन सन्देश साहित्यिक समाज पत्रिका** (२०६२) (काठमाडौँबाट प्रकाशित हुने) को सम्पादक मण्डलमा र **वि.के.पि.एम. न्युज लेटर बुलेटिन (BPKMCH News Letter Bulletin)** (२०६५) (क्यान्सर अस्पतालबाट प्रकाशित हुने) मा कार्यकारिणी सम्पादक भएर पनि काम गरेका छन् ।

यी विविध क्षेत्रमा कलम चलाएबापत विभिन्न साहित्यिक सङ्घ-संस्थाबाट 'भावुक' अभिनन्दित एवम् सम्मानित भएका छन् । साहित्य साधनामा अहोरात्र लाग्ने साहित्यकार

'भावुक' अनुसन्धेय व्यक्तित्व हुन् । उनको बारे हालसम्म कुनै किसिमको अध्ययन-अनुसन्धान भएको नपाइएकाले समग्र जीवनी र व्यक्तित्वका आलोकमा यिनका कृतिहरूको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको विषय रहेको छ ।

## १.२ समस्याकथन

यस शोधपत्रमा साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनी, व्यक्तित्व र कृतित्वको वस्तुनिष्ठ ढङ्गले अध्ययन गर्न निम्नानुसार समस्याकथन चयन गरिएका छन् :-

क) साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनी के-कस्तो रहेको छ ?

ख) साहित्यकार श्यामबहादुर 'भावुक'को व्यक्तित्व के-कस्तो रहेको छ ?

ग) उनको साहित्य यात्रा र प्रवृत्ति के कस्तो रहेको छ ?

घ) उनका साहित्यिक कृति के-कस्ता रहेका छन् ?

ङ) नेपाली साहित्यमा उनको योगदान के-कस्तो रहेको छ ?

यस शोधपत्रमा यिनै समस्यामा केन्द्रित रहेर समाधान खोजिएको छ ।

## १.३ शोधको उद्देश्य

साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनी र व्यक्तित्वका विविध पाटाहरू केलाउनु, साहित्यिक यात्राको रेखाङ्कन र यिनका कृतिगत योगदानको निरूपण गर्ने सन्दर्भमा यस शोधकार्यका निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् :-

क) साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनीको अध्ययन गर्नु,

ख) उनको व्यक्तित्वको अध्ययन गर्नु,

ग) उनको साहित्यिक यात्रा र प्रवृत्तिको अध्ययन गर्नु,

घ) उनको कृतित्व र कृतिगत योगदानको निरूपण गर्नु,

ङ) नेपाली साहित्यमा उनको योगदानको निरूपण गर्नु ।

यिनै उद्देश्य परिपूर्तितर्फ यस शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

युवाकवि साहित्यकार श्यामबहादुर 'भावुक' नेपाली समाजका विकृति र विसङ्गतिलाई उजागर गर्ने साहित्यिक व्यक्तित्व हुन् । यिनको जीवनी, व्यक्तित्व र साहित्यिक कृतित्वका सम्बन्धमा समग्र रूपमा अहिलेसम्म अध्ययन र अनुसन्धान भएको

छैन । नेपाली साहित्यमा वि.सं. २०४५ देखि हालसम्म योगदान पुऱ्याई रहेका 'भावुक'का बारेमा निकै कम लेखक, समीक्षकहरूले विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा फाट्टफुट्ट रूपमा चर्चा गरेका छन् । त्यसैले हालसम्म उनका कृतिहरूका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा भएगरेका टीका-टिप्पणीको विवरण कालक्रमिक रूपमा यस प्रकार रहेको छ :-

डम्बरबहादुर सिंहले *अधुरो सपना* (वि.सं. २०५५ चैत्र ४ बिहीबार, **युगसंवाद साप्ताहिक**) शीर्षकमा श्यामबहादुर 'भावुक'द्वारा लिखित २०५२ सालमा प्रकाशित उपन्यास **अधुरो सपना** हामी मानव समुदाय, नेपाली समाज, गाउँबस्तीको परिस्थिति र बाध्यतामा पिल्सिएर बाँचिरहेका सोझो व्यक्तिले भोलिको सुन्दर सपना, सुखी भविष्यको कल्पना गर्दै ओठमुख सुकाएर बाँच्ने प्रयास गर्दा पनि मर्नुपर्नेहरूको वेदनायुक्त नेपाली समाज, रीतिरिवाज, बाध्यता र परिस्थितिसँग खानुपर्ने ठक्कर नियमको ज्वलन्त दुःखको आलो घाउ लिएर लेखिएको उपन्यास हो भनी उल्लेख गरेका छन् ।

के.बी. बानियाले *अधुरो सपनाबाट झुल्केका 'भावुक'* (वि.सं. २०५६ बैशाख २१ मंगलबार **युगसंवाद साप्ताहिक**) शीर्षकको लेखमा दुःखी, गरिब, शोषित, पीडित र समाजबाट उपेक्षित तल्लोवर्गका पक्षमा वकालत गर्ने सामर्थ्य रहेका 'भावुक'ले वर्तमान विसङ्गतिप्रति आक्रोश र सुझावको प्रशस्त उद्घोष गरेका छन् भनी उल्लेख गरेका छन् ।

राम सञ्जेलले *सुन्तली-हर्के* (वि.सं. २०५७ बैशाख ०३ शनिवार, **साप्ताहिक जनसत्ता** साहित्य/साहित्यकार कोलम) मा सामाजिक विकृतिको उजागर यस खण्डकाव्यमा जुवातासले धनसम्पत्ति मात्र सत्यानास पार्दैन, आफूलाई समेत कालकोठरीमा लगेर जाक्छ भनी दीक्षा प्रदान गर्दछ भनी उल्लेख गरेका छन् ।

केशव शर्माले *सुन्तली-हर्के : सामाजिक परिप्रेक्ष्यमा* (वि.सं. २०५८ भाद्र १३ मंगलबार, **युगसंवाद साप्ताहिक**) मा प्रगतिवादतिर उन्मुख 'भावुक'ले नेपाली समाजका विकृति र विसङ्गतिलाई उजागर गरी स्वस्थ समाजको निर्माण गर्ने चाहना राखेका छन् भनी उल्लेख गरेका छन् ।

राम सञ्जेलले *श्यामबहादुरको अठोटसित एकछिन* (वि.सं. २०५८ भाद्र १५ शनिबार, **साप्ताहिक जनसत्ता,** काठमाडौँ) शीर्षकमा समाजको ऐना **अठोट** जस्तै अरू सुन्दर काव्यहरू आउने आशा गर्दछु भनी उल्लेख गरेका छन् ।

हरि के.सी. ले *अठोट खण्डकाव्य : एक विश्लेषण* (पृ. ४, वि.सं. २०५८ मङ्सिर २३ शनिबार, **साप्ताहिक दिव्यदर्शन**) मा जाँड-रक्सी खाएर जीवन बर्बाद गरिरहेका नेपाली युवा पिँढीहरूलाई गलत काम गर्न रोकी कर्म गरी पौरखी बन्ने सन्देश दिइएको छ भनी उल्लेख गरेका छन् ।

रेणुका भट्टराईले *सुन्तली र हर्के*को खण्डकाव्यिक कथा (वि.सं. २०६२ माघ ०४ मंगलबार, **जनप्रहार**) शीर्षकमा साहित्य लेखनमा कटिबद्ध 'भावुक'को साहित्ययात्रा उर्वर रहोस् भनी प्रगतिको कामना गरेकी छिन् ।

डी.आर. ले *होसियार* (वि.सं. २०५९ कात्तिक २६ मङ्गलबार, **युगसंवाद साप्ताहिक**) शीर्षकमा 'भावुक'को पुस्तक समीक्षा गर्दै एउटै सङ्ग्रहमा विविध शैली, बान्की र विषयवस्तुका कविता सिर्जेर सबै खालका पाठकहरूलाई मोहित पार्ने खालका 'भावुक'का कविता साँच्चै नै अनुपम र नवीन प्रकृतिका छन् भनी उल्लेख गरेका छन् ।

माधवप्रसाद घिमिरेले **होसियार** (कवितासङ्ग्रह-२०५९) को *शुभाशीष* शीर्षकको भूमिकामा समाजलाई सचेत गराउन र दुर्दशाबाट होसियार गराउन सफल 'भावुक', 'भावुक' भैकन पनि चिन्तनशील बन्न सकून् भनी प्रगतिको कामना गरेका छन् ।

रामप्रसाद ज्ञवालीले **होसियार** (कवितासङ्ग्रह-२०५९) को *अभिधाका कवि 'भावुक' ढाट्न जान्दैनन्* शीर्षकको भूमिकामा हाम्रो युगका स्रष्टा श्यामबहादुर 'भावुक' परिष्कृत, परिमार्जित, विश्लेषक, युगबोधक र अझ उत्साही बन्दै कविता लेखनमा निरन्तर लाग्न सकून् र हामीले उनलाई जनताका कवि, जनपक्षीय कवि, इमान्दार कविका साथै विधागत सचेतता भएका कविका रूपमा समेत चर्चा गर्न पाऔँ भनी शुभकामना व्यक्त गरेका छन् ।

माधवप्रसाद घिमिरेले *आँसुको भाषा* (**सम्झनाको दियो,** गीति शोककाव्य-२०६०) शीर्षकको भूमिकामा २०५८ को राजदरबारभित्र घटेको अकल्पनीय घटनालाई लिपिबद्ध गरी नेपालीका आँसुलाई चार-चार पङ्क्तिको अन्तरा र दुई-दुई पङ्क्तिको थेगोमा रचित मर्मस्पर्शी काव्य गाइरहूँ जस्तो छ भन्दै यस मर्मस्पर्शी शोककाव्यका गीतकार श्यामबहादुर 'भावुक'प्रति साधुवाद छ भनी उल्लेख गरेका छन् ।

धर्मराज थापाले *श्रद्धाञ्जलिका दुई थुँगा* (**सम्झनाको दियो** गीति शोककाव्य-२०६०) शीर्षकको मन्तव्यमा स्वर्गीय राजा वीरेन्द्र र कवयित्री चाँदनी शाहलगायत राजपरिवारका सदस्यहरूको कारुणिक गाथा गाइएको यो शोककाव्य मार्मिक रहेको छ भनी उल्लेख गरेका छन् ।

प्रकाश सुवेदीले *'भावुक'को भावुकतामा एकै छिन लुटपुटिँदा* (वि.सं. २०६० जेठ २४ गते शनिवार, **हिमालय टाइम्स**) भन्ने शीर्षकमा यथार्थ घटनालाई सम्भनाको दियोमा पोखिएको भावुकको भावुकता निकै मार्मिक र मन छुने खालको छ । साधारण पाठकहरूले पनि सजिलै बुझ्न सक्ने सरल भाषा र मौलिकताले कृतिलाई थप सुन्दर तुल्याएको छ भनी उल्लेख गरेका छन् ।

वाई देवकोटाले *भावुकको सम्भनाको दियो* (वि.सं. २०६२ भदौ १० गते शुक्रवार, **नवोदित साप्ताहिक**) भन्ने शीर्षकमा नेपाली जनताले देखेको, सुनेको र भोगेको अकल्पनीय पीडाको प्रतिबिम्बको रुपमा कवि भावुकले आफूलाई सम्भनाको दियोमा उतारेका छन् । इतिहासले बिर्सनै नसक्ने, कल्पना नै गर्न नसक्ने हृदयविदारक घटनाले नेपाली जनता छट्पटिएको कुरा यस शोककाव्यमा प्रस्तुत गरेका छन् भनी उल्लेख गरेका छन् ।

किसान प्रेमीले *'भावुक'का मौन खबरहरूभित्र डुबुल्की मार्दा* (वर्ष १०, अङ्क २३, वि.सं. २०६७ असोज ४ सोमबार, **साप्ताहिक जनअर्पण**) भन्ने शीर्षकमा समसामयिक, राजनीतिक, सामाजिक यथार्थ चित्रणहरूका साथै मानवीय समवेदना र जीवनजगत्सँग सम्बन्धित मिलन र बिछोडका पीडाका साथ देश दुखिरहेको बेला कुनै साहित्यकार मौन बस्न सक्दैन । आफ्नो कलमको माध्यमले त्यसलाई देखाउने जमर्को गरेका हुन्छन् भनी पुस्तक समीक्षामा लेखेका छन् ।

जे.बी. क्षितिजले *होसियार कवितासङ्ग्रहको एक अन्वेषण* (वि.सं. २०६७ फागुन १०, मंगलबार **चितवन आस्था**, दैनिक पत्रिका) शीर्षकमा समाजमा ढटुवा नेतालाई नाङ्गेझार बनाइदिएको र प्रशासनिक क्षेत्रतर्फ भ्रष्टाचारी, घुसखोरी, नातावाद, कृपावाद माथि झटारो हानिनुका साथै क्यान्सर रोगका बारेमा सचेतना दिएका छन् भनी अभिव्यक्त गरेका छन् ।

यसप्रकार 'भावुक'का कृतिहरूका बारेमा सतही अध्ययन मात्र गरिएको छ । पूर्ण काव्यिक तत्त्वका आधारमा उनका कृतिहरूको विश्लेषण गरिएको छैन । तसर्थ यस शोधमा साहित्यकार 'भावुक'को जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

**अधुरो सपना** (उपन्यास-२०५२) सामाजिक उपन्यास लिएर नेपाली साहित्य फाँटमा उदाएका उदीयमान स्रष्टा श्यामबहादुर 'भावुक'को पूर्व अध्येताहरूले दिएका सूचना र

सङ्केतहरू पर्याप्त नदेखिएकाले उनको जीवनी, व्यक्तित्व र कृतित्वको तथ्यपरक अध्ययन गर्नु यस शोधपत्रको औचित्य र महत्त्व रहन्छ । यस खालका उदीयमान स्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समवर्ती वा उत्तरवर्ती प्रतिभाहरूको लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने व्यक्ति साहित्यानुरागी पाठक र अनुसन्धानकर्ताहरू यस शोधपत्रबाट लाभान्वित हुनेछन् । यिनै कुराहरूबाट प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व पुष्टि हुन जान्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

वि.सं. २०४५ सालदेखि नेपाली साहित्यमा लागेका श्यामबहादुर 'भावुक'को अहिलेसम्म कुनै अध्ययन-अनुसन्धान नभएको सन्दर्भमा उनका साहित्यिक कृतिहरूको अध्ययन अनुसन्धान गर्नु आवश्यक भएकोले उनको जीवनी, व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्दै उनको योगदानको विश्लेषण गरिएको छ । उनको जीवनका प्रमुख घटनाक्रमका प्रसङ्गहरूलाई प्रस्तुत शोधपत्रको जीवनी पक्षमा समेटिएको छ भने उनका व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्व पक्षमा र उनीबाट सिर्जित रचनाहरूलाई कृतित्वपक्षमा समेटिएको छ । कृति विश्लेषणका क्रममा विधागत तत्त्वलाई आधार मानिएको छ । पत्रपत्रिकाहरूमा प्रकाशित उनका फुटकर लेख, रचनाहरूको भने कालक्रमिक विवरणमात्र प्रस्तुत गरिएको छ ।

## १.७ सामग्री सङ्कलन

शोधपत्र लेखनको प्रारम्भिक चरणमा शोधनायक जीवितै भएकाले उनीसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिएर शोधकार्यका लागि सामग्री सङ्कलन गरिएको छ । कृतिहरूको अध्ययनका निमित्त पुस्तकालयलाई सामग्री सङ्कलनको आधार बनाइएको छ ।

## १.८ शोधविधि

विशेषगरी जीवनी र व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना र कृतिहरूको अध्ययनमा कृतिपरक समालोचना पद्दतिलाई अँगालिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि पाँचओटा परिच्छेदमा विभाजन गरी निम्नलिखित शीर्षक राखिएको छ :

१) **पहिलो परिच्छेद : शोधपत्रको परिचय**

पहिलो परिच्छेदमा शोधपत्रको परिचयका साथै शोधकार्यको प्रयोजन लगायत शोधपत्रको रूपरेखाका बारेमा अध्ययन गरिएको छ ।

२) **दोस्रो परिच्छेद : श्यामबहादुर 'भावुक'को जीवनी र व्यक्तित्व**

दोस्रो परिच्छेदमा श्यामबहादुर 'भावुक'को जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ ।

३) **तेस्रो परिच्छेद : साहित्यकार 'भावुक'को साहित्ययात्रा र प्रवृत्ति**

तेस्रो परिच्छेदमा 'भावुक'को साहित्ययात्रा र प्रवृत्तिको वारेमा अध्ययन गरिएको छ ।

४) **चौंथो परिच्छेद : साहित्यकार 'भावुक'को कृतिहरूको अध्ययन**

चौंथो परिच्छेदमा 'भावुक'को कृतिहरूका अध्ययन र विश्लेषण गरिएको छ ।

५) **पाचौँ परिच्छेद : निष्कर्ष**

पाचौँ परिच्छेदमा जीवनी, व्यक्तित्व र कृतित्वको निचोड रूप निष्कर्ष रहेको छ ।

**परिशिष्ट**

यसअन्तर्गत श्यामबहादुर 'भावुक' ले प्राप्त गरेका सम्मान-पत्रहरू र अन्तर्वाताका क्रममा सोधिएका प्रश्नहरू रहेका छन् ।

**सन्दर्भ ग्रन्थ-सूची**

यसमा शोधपत्र तयार पार्नका लागि सहयोगी रहेका पुस्तक, पत्रिका र शोधपत्रका नामावली रहेका छन् ।

यसरी प्रस्तुत शोधपत्रलाई सर्वप्रथम पाँच परिच्छेद र आवश्यकतानुसार प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । शोधपत्रमा परिशिष्टको अंश पनि रहेको छ । जसमा साहित्यकारले प्राप्त गरेका सम्मान-पत्रका प्रतिलिपि र साहित्यकारसँग लिइएको अन्तर्वार्ताका प्रश्नहरू रहेका छन् । अन्त्यमा सन्दर्भसामग्रीसूची समावेश गरिएको छ । यसलाई पनि सन्दर्भ ग्रन्थ-सूची र सन्दर्भ पत्रिका-सूची गरी दुई रूपमा प्रस्तुत गरिएको छ । यसरी सर्वाङ्गपूर्ण बनाएर शोधपत्र प्रस्तुत गरिएको छ ।

## दोस्रो परिच्छेद

# श्यामबहादुर 'भावुक'को जीवनी र व्यक्तित्व

### २.१ जीवनी : पृष्ठभूमि

कुनैपनि व्यक्तिको जीवन भोगाइको क्रमलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नु सामान्य अर्थमा जीवनी हो । जीवनी मानिसले जीवनभरि गरेका काम-कुराहरूको इतिहास हो । कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखलाई जीवनी भनिन्छ ।[१] जीवनी शब्द 'जीवन' बाट बनेको हो । अङ्ग्रेजी भाषामा जीवनीलाई बायोग्राफी (Biography) भनिन्छ । ग्रिसेली शब्दहरूको बायो (Bio) र ग्राफिया (Graphia) को संयोगबाट 'बायोग्राफी' शब्दको निर्माण भएको हो । 'बायो' ले 'जीवन' लाई र 'ग्राफिया' ले 'लेखन' लाई बुझाउँछ । यसरी यसले कुनै पनि व्यक्तिविशेषको जीवनको लेखन भन्ने अर्थ्याउँछ । सङ्क्षेपमा यसको अर्थ जीवनी नै भन्ने बुझिन्छ । मोहनहिमांशु थापाका अनुसार "जीवन भनेको एउटा व्यक्ति विशेषको जीवन वृतान्त हो अथवा जीवनभर गरेका काम-कुराको क्रमबद्ध लेखन वा कथन हो ।"[२]

जीवनीमा विशेष व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र पेसा आदि महत्त्वपूर्ण पक्षहरू लिएर उसले समाजमा दिएको योगदान लेखी त्यसको मूल्याङ्कन पनि समावेश गरिएको हुन्छ । त्यसैले यसमा जीवनपर्यन्त उसले गरेका कार्य, संस्कारहरू शिक्षादीक्षा, सेवा, अनुभव, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधि, साहित्यिक क्रियाकलाप, धार्मिक-आध्यात्मिक जीवन आदि सम्बन्धित विविध पक्षहरूको उद्घाटन गरिन्छ ।

जीवनी संस्कृत शब्द 'जीवन'बाट स्त्रीत्व बुझाउने तद्धितप्रत्यय 'ई' लागेर बनेको शब्द हो । यसको शाब्दिक अर्थ कुनै व्यक्तिविशेषको जीवनका सम्पूर्ण वा महत्त्वपूर्ण घटनाहरूलाई कालक्रमिक ढङ्गमा लेखिने गद्यरचना भन्ने हुन्छ ।[३] साहित्यकै अङ्ग मानिने जीवनीलाई 'जीवनचित्रण' वा 'जीवन चरित्र' पनि भनिन्छ । जीवनी र जीवन चरित्रमा कुनै

---

[१] कृष्णहरि बराल, नेत्र एटम, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** दोस्रो संस्करण (तलेजु प्रकाशन-२०६२) पृ. ३०४ ।

[२] मोहनहिमांशु थापा, **साहित्य परिचय** पाचौं संस्करण, (ललितपुरः साझा प्रकाशन, २०५५), पृष्ठ २०२ ।

[३] दयाराम श्रेष्ठ, चूडामणि काफ्ले, विष्णु अधिकारी, **विद्यार्थी नेपाली शब्दमाला** प्रथम संस्करण (बागबजारः अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन-२०६२) पृ. १३१ ।

खास अन्तर छैन । यसमा दार्शनिक, साहित्यिक, राजनीतिक, सामाजिक जीवन आदिसँग सम्बन्धित व्यक्तिहरूको जीवनी अङ्कन गरिएको हुन्छ ।

जीवनीमा सामान्यता कुनै व्यक्तिको आफ्नो जीवनभर गरेका कार्यहरूको क्रमिक रूपमा वर्णन गरिएको हुन्छ । यसमा चरित्रनायकका सम्पूर्ण जीवन र घटनालाई अभिव्यक्त गरिएको हुन्छ । यसो भएन भने चरित्र नायकका महत्त्व र विशेषता मात्रै देखिन्छन् । यसले चरित्रको स्वाभाविक विकास र निर्माण हुन सक्दैन । यसैले जीवनीकारले सामग्रीहरू विभिन्न स्रोतबाट सङ्कलन गर्नु पर्दछ । जीवनी लेखकलाई चरित्रनायकका ती सबै तथ्यहरूले चरित्रनायकका जीवनलाई प्रभाव पारेका हुन्छन् । त्यसैले जीवनी भनेको कुनै व्यक्तिको जन्मदेखि मृत्युपर्यन्तको इतिवृत्त हो । यस सन्दर्भमा श्यामबहादुर 'भावुक'को जीवनीको चर्चा गर्दा जीवनयापनमा भोगेका, देखेका र व्यवहारमा ल्याएका अनुभव, ज्ञान, सीप आदि थुप्रै विषयहरूको अध्ययन गरिएको छ । जीवनका उकाली-ओराली जस्ता घटनामूलक विवरणहरूलाई विभिन्न शीर्षकमा विभाजित गरी सत्यतथ्य रूपमा यहाँ चर्चा गरिएको छ ।

## २.२ पुर्ख्यौली परिचय

यसभित्र 'भावुक'को जातीय परिचय, जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमिदेखि लिएर उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूका बारेमा वर्णन गरिएको छ ।

### २.२.१ जातीय परिचय

कपिल ऋषिका कुलमा जन्मेका श्यामबहदुर खड्का 'भावुक' क्षेत्री पुर्खामध्येका पुवाँर खड्काका एक सन्तति हुन् । आफ्ना पुर्खाको मुख्य पेसा कृषि भएको बताउने 'भावुक' ले जन्मदेखि मृत्युसम्मका संस्कार र कर्महरू हिन्दूपरम्पराअनुसार गरिने जनाउँदै आफू हिन्दू धर्मावलम्बी भएको बताएका छन् ।[४]

### २.२.२ जन्म र जन्मस्थान

वि.सं. २०२९ कार्तिक १८ गते काठमाडौँ, महाङ्काल-२, भङ्गालमा पिता कमलबहादुर खड्का र माता रत्नकुमारी खड्काको गर्भबाट दोस्रो सन्तानका रूपमा श्यामबहादुर

[४] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

खड्काको जन्म भएको थियो । जन्मानुसार यिनको राशि वृष हो । 'भावुक'का एक दाजु र तीन बहिनीहरू रहेका छन् ।[५]

### २.२.३ पारिवारिक पृष्ठभूमि

श्यामबहादुर 'भावुक'को जन्म निम्नमध्यम वर्गीय परिवारमा भएको थियो । यिनका बाबु राष्ट्रिय अनुसन्धान विभागमा सुबेदार पदमा कार्यरत भए तापनि पैतृक सम्पत्ति दरिलो नभएकोले बाबु-आमालाई पाँच सन्तान पाल्न धौ-धौ परेको थियो । काठमाडौँको महाङ्काल गा.वि.स.को भङ्गालमा पानीको अभाव रहेकोले पानी लिन टाढा-टाढासम्म जानु पर्थ्यो । आमा चुलो-चौका र गोठ धन्दामा सीमित हुने हुनाले घरमा सहयोगको लागि शिवपुरीको डाँडाबाट दाउरा बोकेर ल्याउनु परेको उनले बताएका छन् । घरको आर्थिक अवस्थाका कारणले ७-८ कक्षा पढ्दाबाट नै बिहान-बेलुका चर्खाको धागो कात्नुका साथै फुर्सदको समयमा चिमनी भट्टीमा भट्टी कोइला बोक्ने काम समेत 'भावुक'ले गरेको बताएका छन् । हाल आफू जागिरे र उनकी श्रीमती सीताकुमारी प्याकुरेल पनि शिक्षण अस्पताल महाराजगञ्जमा सिस्टर पदमा कार्यरत रहेकाले दुई सन्तान सगुन र सन्देशलाई भ्याली पब्लिक सेकेन्डरी उच्च मा.वि.मा अध्ययन गराउन गाह्रो नभएको र हाल आफ्नो जीवनस्तर केही सुध्रिएको उनले जानकारी दिएका छन् ।[६]

### २.२.४ बाल्यकाल

श्यामबहादुर 'भावुक'का पिता सरकारी जागिरे भए तापनि घरमा आम्दानीको दरिलो अन्य स्रोत नभएकाले उनको बाल्यकाल अभाव र दुःख-कष्टसँग सङ्घर्ष गर्दै बितेको थियो । भङ्गालमा पानीको अभाव भएकोले पानी लिन टाढा-टाढासम्म पुग्नु पर्थ्यो । खाना पकाउने दाउरा लिनको लागि शिवपुरीको डाँडासम्म पुग्नु पर्थ्यो । यसरी घाँस, दाउरा, पानी बोक्दै र बहिनीहरूको स्याहार गर्दै उनको बाल्यकाल बितेको थियो ।[७]

### २.२.५ आर्थिक स्थिति

बाबु-आमाका पाँच सन्तान रहेका र घरको आर्थिक समस्याका कारण बाल्यकालबाट नै दुःख गर्दै पढ्नु परेको थियो । पढाइका अतिरिक्त गोठालो जाने, घरमा घाँस, दाउरा, पानी बोक्नु परेको र त्यतिमात्र नभई घरमा आर्थिक सहयोगका लागि चिमनी भट्टीमा भट्टी कोइला

[५] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।
[६] ऐजन ।
[७] ऐजन ।

टुप्के भन्ने ठाउँबाट स्पेशलसम्म बोक्नु परेको थियो । त्यस समयमा एक धार्नी भट्टी कोइला बोकेबापत २० पैसा पाइएको थियो । उनले एक पटकमा पाँच धार्नीसम्म भट्टी कोइला बोकेका थिए । विभिन्न टाइपिङ्ग इन्स्टिच्युटमा काम गर्दै आफ्नो अध्ययनलाई अगाडि बढाउँदै लगी स्नातकोत्तर तहसम्म पुऱ्याउन सफल रहेका छन् । वि.सं. २०५२ सालदेखि स्वास्थ्य मन्त्रालयअन्तर्गत वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको मुख्य कार्यालय, काठमाडौँबाट आफ्नो जागिरे जीवन प्रारम्भ गरी आर्थिक स्थिति केही दरिलो बनाउँदै लगेका हुन् । हाल उनी नेशनल लाइफ इन्स्योरेन्स कम्पनीसँग पनि आबद्ध छन् । वर्तमान समयमा उनको आर्थिक स्थिति केही सहज भएको कुरा उनका कुराबाट थाहा पाइन्छ ।[८]

### २.२.६ सामाजिक परिवेश

वि.सं. २०५२ सालमा **अधुरो सपना** कृति लिएर नेपाली साहित्यमा उदाएका नवप्रतिभा 'भावुक' विभिन्न सङ्घ-संस्थासँग आबद्ध रहेका छन् । **स्वाजन साहित्य समाज**को कविगोष्ठी (२०६२) मा प्रथम, **पञ्चकुमारी सामाजिक गुठी**द्वारा आयोजित गजल प्रतियोगिता (२०५९) मा तृतीय भएपछि उनको साहित्यप्रतिको रुचि बढ्दै गएको थियो । यसले गर्दा पुरस्कार तथा सम्मान पनि एकपछि अर्को मिल्दै गयो । अन्याय, अत्याचारलाई नसहने 'भावुक' समाजमा मध्यस्थकर्ताको भूमिका पनि खेल्ने गर्दथे । समाजको हितार्थ समर्पित 'भावुक' रसिक र ठट्यौली गर्न मन पराउने भएकोले र असारे भाकामा कविता वाचन गर्न रुचाउने भएकाले समाजमा 'असारे कवि' का रूपमा पनि परिचित छन् । सामाजिक यथार्थलाई केन्द्रबिन्दु बनाई साहित्य सिर्जना गर्ने 'भावुक' ले आफ्ना कृतिमार्फत युवाहरूमा जनचेतना जगाउने काम गरेका छन् । साहित्य सिर्जनामार्फत समाजमा प्रतिष्ठित आदर्श एवम् इमान्दार व्यक्तिका रूपमा स्थापित हुन चाहने 'भावुक' साँच्चिकै भावुक, मिलनसार, सामाजिक व्यक्तित्वका रूपमा परिचित छन् ।

### २.२.७ पारिवारिक शैक्षिक वातावरण

'भावुक'की आमा निरक्षर भएपनि छोराले सुनाएका रचनाहरू ध्यानपूर्वक सुनिदिने हुनाले साहित्यप्रति उनको रुचि रहेको भन्न सकिन्छ । उनका बाबुले ७-८ कक्षासम्म मात्र पढेका छन् । उनका दाजुले स्नातक तहसम्मको अध्ययन गरेका छन् । पारिवारिक दुःख-

---
[८] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

कष्टलाई झेल्दै भएपनि 'भावुक'ले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । उनको पारिवारिक शैक्षिक वातावरणलाई हेर्दा उच्च शिक्षा अध्ययनको क्रममा 'भावुक' नै अग्रणी स्थानमा देखिन्छन् ।[९]

### २.२.८ शिक्षादीक्षा

वि.सं. २०३५ सालमा चपलीको घुम्तीको स्कुल गणेश नि.मा.वि. मा 'भावुक' कक्षा शिशुमा भर्ना भएका थिए । कक्षा शिशुमा भर्ना भएपछि उनको औपचारिक शिक्षायात्रा सुरु भएको थियो । त्यहाँ कक्षा ७ सम्म अध्ययन गरेपछि कक्षा ८ अध्ययनका लागि शान्ति विद्यागृह, लैनचौरमा भर्ना भएका थिए । उनले वि.सं. २०४५ सालमा शान्ति विद्यागृहबाट प्रवेशिका दोस्रो श्रेणीमा र वि.सं. २०४९ सालमा सरस्वती बहुमुखी क्याम्पसबाट प्रमाण-पत्र तह उत्तीर्ण गरेका थिए ।[१०] घरायसी समस्या र जागिरका कारण त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा भर्ना भएर छोड्नु परेको बताएका छन् । यिनमा रहेको शिक्षाप्रतिको अभिरुचिका कारण नै विविध बाधा-व्यवधान सहँदै आफ्नो शिक्षाक्षेत्रलाई यहाँसम्म पुऱ्याउन सफल रहेका छन् ।

### २.२.९ वैवाहिक तथा पारिवारिक जीवन

वि.सं. २०५४ वैशाख २६ मा गेर्खु गा.वि.स. बरु गाउँ वडा नं. ८, नुवाकोट निवासी बुबा नरबहादुर प्याकुरेल र आमा विष्णुमाया प्याकुरेलकी दोस्रो सन्तानका रूपमा जन्मिएकी सीता प्याकुरेलसँग औपचारिक रूपमा 'भावुक' विवाह बन्धनमा बाँधिएका हुन् ।[११] सगुन र सन्देश दुई छोराका पिता 'भावुक'लाई विशेषतः उनकी श्रीमती सीताले साहित्यका क्षेत्रमा लाग्न सहयोग गरेको देखिन्छ । घरबासको उचित व्यवस्था मिलाई परिवारलाई खुसीसाथ राख्न सफल 'भावुक' समाजमा 'असारे कवि'का नामबाट चिनिन सफल भएकोमा परिवारका सबै सदस्यहरू खुसी देखिन्छन् ।[१२]

### २.२.१० जागिरे जीवन र आजीविका

'भावुक' वि.सं. २०५२-२०५४ सालसम्म स्वास्थ्य मन्त्रालयअन्तर्गत बी.पी. मेमोरियल क्यान्सर अस्पतालको मुख्य कार्यालय काठमाडौँमा सुब्बा पदमा कार्यरत रहेका

[९] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।
[१०] ऐजन ।
[११] ऐजन ।
[१२] शोधनायककी श्रीमती सीता प्याकुरेलसँगको अन्तर्वार्ता अनुसार ।

थिए । वि.सं. २०५४ सालमा मुख्य कार्यालय काठमाडौँमा शाखा अधिकृत पदमा बढुवा भएका थिए । बढुवा भएपछि चितवनमा आएर केही समय काम गरेपछि पुनः काठमाडौँ गए । वि.सं. २०६३ चैत्र २६ बाट भने निरन्तररूपमा चितवनमा नै कार्यरत रहेको उनले बताएका छन् ।[१३] जागिरबाहेक साहित्य रचना र नेशनल लाइफ इन्स्योरेन्स कम्पनीमा बीमा अभिकर्ताको काम गरेर पनि जीविका चलाउन केही सहयोग पुगेको कुरा 'भावुक'ले बताएका छन् ।[१४]

### २.२.११ दिनचर्या, बानी र रुचि

श्यामबहादुर 'भावुक' नोकरीका अतिरिक्त साहित्य सिर्जनामा संलग्न देखिन्छन् । स्वतन्त्र लेखन र पुस्तकाकार कृति लेखनका क्रममा पनि जुटेका छन् । 'भावुक'ले स्थानीय तथा राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा आफ्ना फुटकर लेख-रचनाहरू प्रकाशित गर्दै आएका छन् । साहित्यिक किताब तथा पत्रिकाहरू अध्ययन गर्नमा रुचि राख्ने 'भावुक' बिदामा साथीभाइसँगको भेटघाटमा व्यस्त रहन्छन् भने फुर्सदको समयमा साहित्यरचनामा तल्लीन हुन मन पराउँछन् । उनले साहित्यलाई हेर्ने क्रममा घर-परिवारलाई पनि उचित रूपबाट ध्यान पुऱ्याउन सकेकोमा उनका परिवार खुसी रहेका छन् ।[१५] दाल, भात, माछा, मासुका साथै दूध, दही 'भावुक' बढी मन पराउँछन् ।

### २.२.१२ साहित्यिक रुचि, अध्ययन र सोख

नेपाली साहित्यका आख्यान र कविता विधामा कलम चलाउन रुचि राख्ने 'भावुक' समाजका प्रतिष्ठित व्यक्तिका साथै साहित्यिक नवप्रतिभा व्यक्तित्वको रूपमा उनको भूमिका प्रखर रहेको छ ।[१६] यिनले साहित्य सिर्जनाको मूल आधारका रूपमा सामाजिक, विसङ्गति, विपन्नता, नारीसमस्या, समय परिवेशलाई लिएको पाइन्छ । देशको युवाशक्तिमा केन्द्रित रहेर यिनले साहित्य सिर्जना गरेका छन् । साहित्य समारोह, गोष्ठी आदिमा भाग लिन मन पराउनुका साथै नेपाली सिनेमा हेर्न र रत्यौली गाउनमा विशेष रुचि राख्छन् ।[१७] यिनमा रहेको अभिनयप्रतिको रुचिका कारण **भोक र भित्ता, अँध्यारो-उज्यालो** र **हिजोआजका कुरा**

---

[१३] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।
[१७] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

टेलिचलचित्रमा समेत अभिनय गरेका छन् । जुवातास यिनलाई मन पर्दैन र खेलमा पनि त्यति रुचि राख्दैनन् ।[१८]

## २.२.१३ भ्रमण

श्यामबहादुर 'भावुक'ले जागिरको सिलसिलामा भारतको रक्सौल, लखनउ र चीनको खासासम्म पुग्नुका साथै नेपालको १४ अञ्चल र ६२ जिल्लाको भ्रमण गरेका छन् । कामको क्रममा हेलिकप्टर र प्लेनसमेत चढ्ने मौका प्राप्त भएको उनले बताएका छन् । आफू घुमेको र पुगेको ठाउँहरूमध्ये सबैभन्दा मनपरेको ठाउँ 'सोलु' हो भनेका छन् ।

## २.२.१४ पुरस्कार तथा सम्मान

श्यामबहादुर 'भावुक'ले नेपाली साहित्यका आख्यान र कविता विधामा विगत १५ वर्षदेखि निरन्तर गतिशील रूपमा कलम चलाउँदै आएका छन् । यसरी नेपाली साहित्यको श्रीबृद्धिमा योगदान दिने साहित्यकार 'भावुक'लाई विभिन्न सङ्घ-संस्थाबाट विभिन्न पुरस्कारले पुरस्कृत गरिएको पाइन्छ । उनले प्राप्त गरेका पुरस्कार र सम्मान यसप्रकार रहेका छन्ः-

क) **पञ्चकुमारी सामाजिक गुठी**द्वारा गजल प्रतियोगितामा तृतीय पुरस्कार (२०५९, काठमाडौँ) ।

ख) **सामुदायिक सेवा केन्द्र बुढानिलकण्ठ**द्वारा नगदसहित दोसल्ला ओढाएर सम्मानित (२०६०, काठमाडौँ) ।

ग) **स्वाजन साहित्यिक समाज**को प्रतियोगितात्मक कवि गोष्ठीमा प्रथम पुरस्कार (२०६२, काठमाडौँ) ।

घ) **शान्ति विकास अभियान नेपाल**द्वारा राष्ट्रिय शान्ति सम्मान (२०६२, काठमाडौँ ) ।

ङ) **नेपाल युवा समाज**द्वारा राष्ट्रिय नागरिक स्वर्ण सम्मान (२०६२, काठमाडौँ) ।

च) **दिगो विकास नेपाल**द्वारा राष्ट्रिय सामाजिक सेवा सम्मान (२०६३, काठमाडौँ) ।

छ) **कृष्ण प्रणामी साहित्य सेवा समाज**द्वारा सम्मानित (२०६३, काठमाडौँ)

---

[१८] ऐजन ।

## २.३ श्यामबहादुर 'भावुक'को व्यक्तित्व

श्यामबहादुर 'भावुक'को व्यक्तित्व शीर्षक अन्तर्गत उनको बाह्य र आन्तरिक व्यक्तित्वलाई केलाइएको छ । बाह्य व्यक्तित्वमा बाहिरी बनावटलाई लिइएको छ भने आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक र साहित्येतर व्यक्तित्वलाई लिइएको छ । यिनै व्यक्तित्वका आधारमा 'भावुक'को समग्र व्यक्तित्वको अध्ययन गरिएको छ ।

### २.३.१ व्यक्तित्व पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्तिमा हुने निजी विशेषतालाई व्यक्तित्व भनिन्छ ।[१९] कुनै पनि व्यक्तिको व्यक्तित्व सामाजिक जीवनको भोगाइका क्रममा जीवनमा देखा परेका सामान्य एवम् असामान्य स्थितिबाट निर्माण भएको हुन्छ । व्यक्तित्व निर्माणमा समाज, परिवार, अध्ययन आदिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

हरेक व्यक्तिमा फरक-फरक प्रतिभा, विचार वा चरित्रमा अनेकता पाइने हुनाले व्यक्तिका निजीपनका आधारमा वा उसको व्यक्तित्वका पाटाहरूलाई नियालनु पर्ने हुन्छ । प्रत्येक व्यक्तिका बाह्य र आन्तरिक गरी व्यक्तित्वका दुई पाटा हुन्छन् । चर्मचक्षुले नियाल्न मिल्ने बाहिरी स्वरूपलाई बाह्य व्यक्तित्व भनिन्छ भने मानसिक रूपमा निर्मित व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व भनिन्छ । यिनै बाह्य र आन्तरिक व्यक्तित्वले नै व्यक्तिलाई समाजमा स्थापित र मर्यादित बनाउँछ ।

व्यक्तित्वका आधारमा मानिसको मूल्याङ्कन गरिएको हुन्छ । बाह्य व्यक्तित्वभन्दा व्यक्तिको आन्तरिक व्यक्तित्व सबल रहेको हुन्छ । त्यसैले व्यक्तिको बाह्य व्यक्तित्वलाई आन्तरिक व्यक्तित्वले आभूषणका रूपमा सजाएको हुन्छ । समाजमा प्रतिष्ठित व्यक्तिहरूको व्यक्तित्वले अरुलाई प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा प्रभावशाली व्यक्तित्वको ज्यादै महत्त्व रहेको हुन्छ । नेपाली साहित्यका क्षेत्रमा देखा परेका विभिन्न व्यक्तित्वहरूमध्ये श्यामबहादुर खड्का 'भावुक' पनि एक हुन् र यहाँ उनकै व्यक्तित्वका विविध पाटाहरूलाई अध्ययन गरिएको छ ।

### २.३.२ बाह्य व्यक्तित्व

बाहिरबाट हेर्दा स्पष्ट देखिने शारीरिक बनावटलाई नै बाह्य व्यक्तित्व भनिन्छ । ५ फिट ६ इन्च उचाइ, सफा, गोरो वर्ण, छरितो शरीर, लाम्चो र हँसिलो अनुहार, मृदुभाषी,

---


[१९] वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर**, दोस्रो संस्करण, (काठमाडौंः भाभा पुस्तक भण्डार, २०५८) पृ. १२३१ ।

नम्र स्वभावका व्यक्ति नै श्यामबहादुर खड्का 'भावुक' हुन् । प्रायःजसो 'भावुक' दाह्री-जुङ्गा पाल्ने गर्दछन् । यो नै उनको बाह्य व्यक्तित्व हो ।

सरल, मृदुभाषी, निष्कपट व्यवहार र आकर्षक शारीरिक बनावटले 'भावुक'को व्यक्तित्व प्रभावशाली बनाएको छ । कार्यालय जाँदा वा अन्यत्र कतै काममा जाँदा सर्ट, पाइन्ट र विशेष अवसरमा कोट, टाइ तथा घरमा बस्दा गन्जी र हाफ पाइन्ट लगाउन 'भावुक' रुचाएको पाइन्छ । विशेष परिस्थिति र अवसरमा विविध पोसाकले आफूलाई सजाउन रुचाउने 'भावुक' तडक-भडक नभएका सफा लुगा लगाउन मन पराउँछन् । उनको यही स्वभाव, हँसिलो अनुहार तथा सबैको मनभित्र बस्न सक्ने व्यवहारले उनको व्यक्तित्वलाई शिखरमा पुऱ्याएको छ ।

### २.३.३ आन्तरिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएको हुनाले उसको व्यक्तित्व निर्माण गर्ने मूल स्रोत पनि समाज नै हो । व्यक्ति जन्मे-हुर्केको वातावरणमा उसले प्रशस्तै शारीरिक तथा मानसिक तीता-मीठा अनुभवहरू सङ्गालेको हुन्छ, यिनै क्रिया-प्रतिक्रिया एवम् अन्तर्बोधबाट नै उसको व्यक्तित्व निर्माणमा सहयोग पुगिराखेको हुन्छ । व्यक्तिको पारिवारिक स्थिति, समाज, शिक्षा-दीक्षा, यात्रा आदिले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसै सन्दर्भमा श्यामबहादुर 'भावुक'ले भोगेको समाज, परिवेश, शिक्षा-दीक्षा, सामाजिक, आर्थिक एवम् ऐतिहासिक अवस्था नै उनको व्यक्तित्व निर्माणका आधारशिलाका रूपमा लिन सकिन्छ । पवित्रता, परोपकारको भावना, संस्थाप्रतिको समर्पण, सिर्जनशीलता, कोमल मनका धनी, जीवन-जगत्प्रति एकदमै सकारात्मक, कर्मयोगी, समाज सुधारक, जनचेतनाका संवाहक बन्ने प्रगतिवादी धारा नै 'भावुक' का आन्तरिक व्यक्तित्वका पाटाहरू हुन् । यिनै आन्तरिक व्यक्तित्वका पाटाहरूका सान्निध्यतामा उनको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः



### २.३.३.१ साहित्यिक व्यक्तित्व

वि.सं. २०४५ देखि साहित्य साधनामा लागेका 'भावुक'को पहिलो कृति **अधुरो सपना** (२०५२) हो । अहिलेसम्म 'भावुक'का छवटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । यसले गर्दा उनको साहित्यिक व्यक्तित्व अझ तीव्रतर गतिमा अगाडि बढ्दै गएको छ । यसका अतिरिक्त 'भावुक'ले विभिन्न साहित्यिक कार्यक्रम र गोष्ठीहरूमा भाग लिएर आफ्नो साहित्यप्रतिको अनुरागलाई बढाइरहेका छन् । अस्पतालको प्रशासनिक कार्यभार सम्हालेर साहित्यमा पनि दक्षता प्रस्तुत गर्नु यिनको विशिष्ट गुण हो । विभिन्न साहित्यिक जमघट, बौद्धिक ज्ञान र अनुभवले उनको व्यक्तित्व झन तिखारिएको छ । आख्यान र कविताका क्षेत्रमा परिचित युवा साहित्यकार 'भावुक'को कलम साहित्यको श्रीवृद्धिमा निरन्तर क्रियाशील रहेको छ ।

#### २.३.३.१.१ स्रष्टा व्यक्तित्व

यसअन्तर्गत 'भावुक' लाई उपन्यासकार, कवि, गजलकार र कथाकार व्यक्तित्वका आधारमा राखेर हेर्न सकिन्छ ।

**क) उपन्यासकार व्यक्तित्व**

नेपाली उपन्यासको क्षेत्रमा श्यामबहादुर 'भावुक'ले **अधुरो सपना** (२०५२) उपन्यास लेखेर उपन्यासकार व्यक्तित्वको रूपमा आफूलाई चिनाएका छन् । उपन्यासबाट आफ्नो साहित्ययात्रा प्रारम्भ गरेका 'भावुक'को यो सामाजिक, यथार्थवादी उपन्यास हो । यस उपन्यासमा 'भावुक'ले समाजका यथार्थ समस्यालाई उजागर गर्ने प्रयत्न गरेका छन् ।

**ख) कवि व्यक्तित्व**

युवा साहित्यकार 'भावुक'को साहित्यिक व्यक्तित्वमध्ये महत्त्वपूर्ण पाटो हो कवि व्यक्तित्व । वि.सं. २०५६ मा प्रकाशित **सुन्तली-हर्के** खण्डकाव्य उनको पहिलो काव्यकृति हो । यसमा जुवातासले बिगारेको घर र समाजको सचित्र वर्णन रहेको छ । दोस्रो काव्य **अठोट** (खण्डकाव्य २०५८) मा पनि यसै विषयलाई समेटेर लेखिएको छ । यसमा जनचेतनामूलक सन्देश वाहक प्रगतिवादी विचारधारा रहेको छ । तेस्रो कृति **होसियार** (कवितासङ्ग्रह २०५९) मा समसामयिक विषयका साथै अन्याय, अत्याचार र भ्रष्ट नेताको चरित्र उदाङ्गो पारिएको छ । चौथो कृति **सम्झनाको दियो** (गीति शोककाव्य २०६०) रहेको छ । यसमा राजा वीरेन्द्र र कवयित्री चाँदनी

शाहलगायत उनका परिवारप्रति समवेदना प्रकट गरिएको छ । यसरी खण्डकाव्य, कवितासङ्ग्रह र गीति शोककाव्यका कारण उनको कवि व्यक्तित्व प्रखर रहेको पाइन्छ ।

**ग) गजलकार व्यक्तित्व**

युवा साहित्यकार 'भावुक'ले उपन्यास, खण्डकाव्यका अतिरिक्त गजलमा पनि कलम चलाएका छन् । उनको **मौन खबरहरू** (गजलसङ्ग्रह २०६५) प्रकाशित भएको छ । यसमा सामाजिक विकृति, विसङ्गतिका घोचपेचका साथै माया-प्रेम र वियोगका पीडाहरू समेत ओकलिएको पाइन्छ । स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यक्तित्वका कारण त्यसको छाप पनि गजलमा देख्न पाइन्छ । राष्ट्रिय भावनाका सेरहरू पनि यसमा रहेका छन् । यिनका गजलहरूमा व्यङ्ग्य पनि पाइन्छ । यिनका गजलहरूमा तखल्लुसका रूपमा भावुक शब्दको प्रयोग भएको पाइन्छ । मतला र मकताको पूर्ण संयोजनमा संरचित 'भावुक' का गजलले समसामयिक विषयलाई समेट्ने जमर्को गरेको पाइन्छ । बहत्तरवटा गजलहरू रहेको यस सङ्ग्रहले उनलाई गजलकार व्यक्तित्वको रूपमा स्थापित गराउन सफल रहेको छ ।

**घ) कथाकार व्यक्तित्व**

युवा साहित्यकार 'भावुक'ले नेपाली साहित्यको क्षेत्रमा कथा विधालाई पनि अङ्गीकार गरेका छन् । **जनमत** (वर्ष १९/१०-११) मा *रमाको सल्लाह* शीर्षकको कथा प्रकाशित भएको छ । लाहुरेको पृष्ठभूमि र नारीवेदनाको संरचनामा तयार गरिएको यस कथामा रमाको सल्लाहका कारण आत्महत्या गर्न विवश सुन्तलीको जीवनमा आशावादी लहर जागेको छ । विविध विषयवस्तुलाई समेटिएर लेखिएका उनका कथाहरूको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

### २.३.३.१.२ द्रष्टा व्यक्तित्व

श्यामबहादुर 'भावुक'ले साहित्यमा स्रष्टा व्यक्तित्वका रूपमा मात्र नभई द्रष्टा व्यक्तित्वका रूपमा पनि आफ्नो व्यक्तित्वलाई उजागर पारेको देखिन्छ ।

**क) अनुसन्धाता व्यक्तित्व**

श्यामबहादुर 'भावुक'ले अनुसन्धानात्मक लेख पनि लेखेका छन् । खोज र अनुसन्धानका क्षेत्रमा *जनचेतनाको अभावमा क्यान्सर रोगको बृद्धि* (**युगसंवाद साप्ताहिक**) र पिछडिएको वर्ग चेपाङजातिका बारेमा *चेपाङ्जातिको कथाव्यथा*

शीर्षक (**नारायणी टुडे**, अङ्क २०, २०५७, जेठ-असार) मा खोजमूलक लेख लेखेका छन् । यसरी 'भावुक'ले आफूलाई खोज र अनुसन्धानपूर्ण लेखमा समेत सक्रिय गराउँदै ल्याएका छन् ।

### २.३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यका अतिरिक्त 'भावुक'को व्यक्तित्व सामाजिक, धार्मिक, प्रशासनिक र सम्पादकका रूपमा पनि सक्रिय रहेको पाइन्छ ।

#### क) सामाजिक व्यक्तित्व

श्यामबहादुर 'भावुक' निम्नमध्यम वर्गीय गाउँले परिवेशमा हुर्किएका व्यक्ति हुन् । 'भावुक'ले विद्यार्थीकालदेखि साहित्यिक अभिव्यक्तिका माध्यमबाट आफूलाई क्रियाशील राखेको पाइन्छ । 'भावुक' साहित्यमार्फत समाजमा विभिन्न भूमिका निर्वाह गर्न सफल भएका छन् । महाङ्काल-२, भङ्गालमा मध्यस्थताको भूमिका निर्वाह गर्ने न्यायका पक्षधर व्यक्तिका रूपमा उनी देखिन्छन् । **अपवाद समूह**मा अध्यक्ष, **ग्रामीण स्वास्थ्य शिक्षा तथा विकास केन्द्र**मा अध्यक्ष, **राष्ट्रकल्याण धार्मिक गुठी**को आजीवन सदस्य, **जनमत साहित्य मासिक**को संरक्षक सदस्य, **स्वाजन साहित्य समाज**को संस्थापक सचिव र कार्यकारी सम्पादक भई काम गरेका छन् । बी.पी. कोइराला मेरोरियल क्यान्सर अस्पताल, भरतपुरमा प्रशासनिक फाँटमा काम गर्ने 'भावुक' सामाजिक व्यक्तित्वभन्दा साहित्य साधनामा निरन्तर लागिपर्ने भएकाले उनलाई सम्मानित रूपमा चिन्ने समूह पनि रहेको छ । साहित्यको माध्यमबाट समाज सुधारमा क्रियाशील 'भावुक' गाउँ, छिमेक, टोल तथा नेपाली साहित्य समाजमा पनि परिचित छन् ।[२०]

#### ख) धार्मिक व्यक्तित्व

श्यामबहादुर 'भावुक' हिन्दू धर्मावलम्बी व्यक्ति हुन् । धर्मका नाममा नचाहिँदो स्वाङ र ढर्रा उनलाई मन पर्दैन । उनी मूर्तिपूजाका विरोधी पनि होइनन्

[२०] देवराज अर्याल, **युगसंवाद** पत्रिकाका संवाददाताको ।

तर अन्धविश्वासलाई त्यति रुचाउँदैनन् । धर्मका नाममा व्यक्तिलाई शोषण गर्नु पाप हो भन्ने धारणामा उनी दृढ छन् ।[२१]

**ग)    प्रशासनिक व्यक्तित्व**

'भावुक'ले स्वास्थ्य मन्त्रालयअन्तर्गत बी.पी. मेमोरियल क्यान्सर अस्पतालको मुख्य कार्यालय, काठमाडौँबाट आफ्नो जागिरे जीवनको प्रारम्भ गरेका हुन् । वि.सं. २०५२ सालमा नायव सुब्बा पदमा कार्यरत रहेका 'भावुक'ले वि.सं. २०५४ सालमा शाखा अधिकृत पदमा बढुवा भए । वि.सं. २०६३ सालदेखि भरतपुरको बी.पी. मेमोरियल क्यान्सर अस्पतालको प्रशासन शाखामा शाखा अधिकृत पदमा कार्यरत रहेका छन् । सबै साथीहरूसँग शिष्टतापूर्वक व्यवहार गर्ने 'भावुक' रसिक र विनोदप्रिय छन् ।[२२] यसले गर्दा सबै कर्मचारी र साथीहरूसँग उनको मित्रतापूर्ण व्यवहार रहेको पाइन्छ । उनमा रहेका यी गुणहरूले गर्दा उनको प्रशासनिक व्यक्तित्व प्रबल रहेको छ ।

**घ)    सम्पादक व्यक्तित्व**

श्यामबहदुर 'भावुक'ले सम्पादकको भूमिका पनि निर्वाह गरेका छन् । यिनले स्वाजन साहित्यिक समाज पत्रिका २०६२ मा सम्पादक मण्डलमा रहेर काम गरेका छन् । यसका साथै क्यान्सर अस्पतालबाट प्रकाशित हुने पत्रिका **न्यूज लेटर (News Letter)** नामक बुलेटिनमा कार्यकारिणी सम्पादक भएर काम गरेका छन् । यसले गर्दा उनको सम्पादकीय व्यक्तित्व पनि देखिन्छ ।

### २.३.३.३ स्रष्टा र द्रष्टा व्यक्तित्वबीचको सहसम्बन्ध

कुनै पनि व्यक्तिमा पहिले सृष्टि वा रचना प्रस्फुटित हुन्छ र त्यसपछि त्यसलाई हेर्ने, मिले-नमिलेको अवलोकन गरी परिष्कार परिमार्जन गर्ने प्रवृत्ति देखा पर्दछ । यी दुई स्रष्टा र द्रष्टा व्यक्तित्व हुन् ।[२३] स्रष्टा र द्रष्टा व्यक्तित्व बीच नङ र मासुको जस्तै सहसम्बन्ध रहेको हुन्छ । स्रष्टाले आफूले भोगेको जीवन, समयका आधारमा साहित्य रचना गर्ने गर्दछ भने द्रष्टा व्यक्तिले त्यसको चिन्तन र विश्लेषण गर्ने कार्य गर्दछ । स्रष्टाले आफ्नो मस्तिष्कले जे देख्द त्यही लेख्छ भने द्रष्टा चिन्तनले त्यो भन्दा बढी गम्भीर रूपमा चियाउन सक्नुपर्छ ।

---

[२१] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।
[२२] बी.पी. कोइराला मे.क्या.हस्पिटलकी सहकर्मी सुजाता पौडेलसँगको अन्तर्वार्ताका क्रममा प्राप्त जानकारी ।
[२३] विमला भट्ट, **गोपाल अश्कको जीवनी, व्यक्तित्व र कृतित्व,** स्नातकोत्तर शोधपत्र, (चितवनः त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५) पृ. २० ।

हरेक व्यक्तिभित्र धेरथोर मात्रामा स्रष्टा र द्रष्टा व्यक्तित्व रहेको हुन्छ । नेपाली साहित्यका उदीयमान नवप्रतिभा 'भावुक'मा पनि स्रष्टा व्यक्तित्व प्रबल र द्रष्टा व्यक्तित्व केही कम रहेको पाइन्छ । आउँदा समयमा उनको स्रष्टा र द्रष्टा व्यक्तित्वमा अझै निखारपन आउने छ भन्न सकिन्छ ।

## २.३.४ साहित्य सेवा र संस्थागत संलग्नता

'भावुक' साहित्यका विभिन्न विधामा कलम चलाउन प्रयत्नरत रहेका छन् । कार्यालयीय समयका अतिरिक्त अन्य समय साहित्य सिर्जनामा तल्लीन रहने उनी विभिन्न सङ्घ-संस्थासँग आबद्ध रहेका छन् । **अपवाद समूह**को अध्यक्ष, **ग्रामीण स्वास्थ्य शिक्षा तथा विकास केन्द्र**को अध्यक्ष, **गाउँ सुधार समिति-भङ्गाल**को सचिव, **राष्ट्र कल्याण धार्मिक गुठी**को आजीवन सदस्य, **जनमत साहित्य मासिक**को संरक्षक सदस्य, **स्वाजन साहित्यिक समाज**को संस्थापक सचिव तथा विभिन्न गैह्र साहित्यिक सङ्घ-संस्थासँग सम्बद्ध छन् ।[२४] यसरी विभिन्न पदमा रहेर प्रत्यक्ष रूपबाट र पदभन्दा अतिरिक्त नेपाली साहित्यका स्रष्टा र द्रष्टाका रूपमा आफूलाई क्रियाशील राखेका छन् ।

## २.३.५ निष्कर्ष

व्यक्तित्व त्यो गहना हो जसले कुनै पनि व्यक्तिको परिचय गराउँछ । व्यक्तिले जीवनमा भोगेका तथा अनुभव गरेका विभिन्न भोगाइहरू तथा समाजसँगको सम्बन्धका आधारमा व्यक्तिको व्यक्तित्व निर्माण भएको हुन्छ । मानिसभित्र विभिन्न व्यक्तित्वहरू समेटिएका हुन्छन् तर सबै ठाउँमा सम्पूर्ण व्यक्तित्व प्रस्फुटन हुन्छ भन्न सकिँदैन । उपयुक्त एवम् अनुकूल अवसरमा मात्र उपयुक्त व्यक्तित्व देखा पर्दछ । विभिन्न आकर्षक तथा प्रभावशाली व्यक्तित्व भएका मूर्धन्य प्रतिभाका माझमा 'भावुक' पनि छुट्टै व्यक्तित्व लिएर देखिएका छन् । 'भावुक'को व्यक्तित्वको दायरा फराकिलो देखिए तापनि उनको प्रमुख व्यक्तित्वको रूपमा कवि व्यक्तित्वलाई लिन सकिन्छ । साहित्यका उपन्यास, कविता-काव्य जस्ता विविध विधाका रचनामा कलम चलाएका 'भावुक'ले सरस-सरल ढङ्गबाट समाजका बेथिति र विसङ्गतिलाई केलाएका छन् । आउँदा दिनहरूमा पनि उनको कलमले समाजका विकृति र विसङ्गति केलाउने छ भन्ने आशा गर्न सकिने प्रशस्तै आधारहरू रहेका छन् ।

[२४] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

## तेस्रो परिच्छेद

# श्यामबहादुर 'भावुक'को साहित्ययात्रा र प्रवृत्ति

### ३.१ श्यामबहादुर 'भावुक'को साहित्ययात्रा

श्यामबहादुर 'भावुक'ले जीवन भोगाइका क्रममा धेरै खालका अनुभवहरू बटुल्दै औपचारिक शिक्षामा नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । महाकवि देवकोटाका रचनाहरू मनपर्ने भएकाले सानैदेखि यिनको रुचि साहित्यतिर थियो ।[२५] नेपाली साहित्यप्रति हुरुक्क हुने 'भावुक'ले साहित्यका माध्यमबाट समाजमा विद्यमान बेथितिलाई देखाउने काम गरेका छन् । युवा जमातलाई सचेत गराउने उद्देश्यले रचना गरिएका **सुन्तली-हर्के, अठोट** जस्ता कृतिमा सुरासुन्दरीमा युवावर्ग झुम्मिदा घर बर्बाद भएको यथार्थता देखाइएको छ । आफ्ना साहित्यका माध्यमबाट स्वस्थ समाजको परिकल्पना गर्ने 'भावुक' नेपाली साहित्यका एउटा सुगन्ध हुन् । आफ्नो सुगन्ध फैलाउनेक्रममा आज पनि उनी व्यस्त छन् ।

आमा र श्रीमतीको साहित्यप्रतिको रुचिका साथै उनका रचनाहरू सुनिदिने भएकाले साहित्य रचनाका लागि वातावरण अनुकूल भएको पाइन्छ । उपन्यासबाट साहित्यका क्षेत्रमा प्रवेश गरेका 'भावुक' कविता विधाका सिर्जनामा बढी रमाउने गर्छन् र त्यसैमा प्रफुल्लित हुन्छन् । श्यामबहादुर खड्काबाट श्यामबहादुर 'भावुक'का रूपमा साहित्यिक क्षितिजमा झुल्केका 'भावुक'को साहित्यिकयात्रालाई मोटामोटी रूपमा दुई चरणमा बाँडेर हेर्न सकिन्छ ।

#### ३.१.१ श्यामबहादुर 'भावुक'का साहित्यिकयात्राको चरण विभाजन

विद्यालय जीवनदेखि नै साहित्य लेखनमा विशेष अभिरुचि राख्ने 'भावुक'को औपचारिक रूपमा साहित्यिकयात्राको सुरुवात वि.सं. २०५२ सालदेखि भएको मान्न सकिन्छ । सुरुका दिनहरूका उनका कृतिहरूमा घरायसी, सामाजिक, आर्थिक एवम् नारीपीडा र वेदना अभिव्यक्त भएका पाइन्छन् भने दोस्रो चरणमा साहित्यप्रति चासो राखी थोरै प्रगति तथा समाजचेततर्फ उन्मुख भएका कृतिहरू लेखनमा उनको झुकाउ रहेको

[२५] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

देखिन्छ । 'भावुक'का साहित्यिक कृतिहरूमा समावेश भएका विभिन्न तत्त्व एवम् प्रवृत्तिजन्य विषयवस्तुका आधारमा कृतिहरूलाई दुई चरणमा विभाजन गरेर अध्ययन एवम् विश्लेषण गर्न सकिन्छ :

क) प्रथम चरण (वि.सं. २०४५ देखि २०५५ सम्म)

ख) द्वितीय चरण (वि.सं. २०५६ देखि हालसम्म)

### ३.१.२ प्रथम चरण (वि.सं. २०४५ देखि २०५५ सम्म)

यो चरण साहित्यकार 'भावुक'को साहित्यिक यात्राको प्रारम्भिक चरण हो । यस चरणमा उनको एकमात्र कृति **अधुरो सपना** (२०५२) रहेको छ । **मुनामदन**को कथावस्तुसँगै मेलखान जाने यस कृतिमा समाजमा विद्यमान आर्थिक विषमता र त्यसले उब्जाएका समस्याहरूलाई आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा प्रस्तुत गरिएको पाइन्छ । समाजमा विद्यमान शोषक र सामन्ती प्रथालाई मूल विषयवस्तु बनाइएको यस उपन्यासले गरिबका सपना अधुरो रहेको देखाएको छ । जेजस्तो भएपनि पूर्वार्द्धको यस चरणमा आफ्नै लगन, परिश्रम र मिहिनेतलाई 'भावुक' पाठकसामु प्रस्तुत गर्न सफल भएका छन् । बुँदागत रूपमा 'भावुक'का यस चरणका प्रवृत्तिहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

क) सिकारूपन,

ख) अपरिपक्वता,

ग) स्थानीयता,

घ) नारी संवेदनाको प्रत्याभूति,

ङ) प्रेमपरकता,

च) सामाजिक यथार्थता,

छ) आर्थिक अवस्था ।

### ३.१.३ द्वितीय चरण (वि.सं. २०५६ देखि हालसम्म)

श्यामबहादुर 'भावुक'को साहित्यिक यात्राका क्रममा चरणविभाजनको कोसेढुङ्गाको काम **सुन्तली-हर्के** (२०५६) खण्डकाव्यले गरेको छ । युवापुस्तालाई सुरा र सुन्दरीबाट मुक्त गराई कर्मशील बन्न आग्रह गरिएको यस काव्यले आख्यान विधालाई चटक्क छोडी कविताको फाँटमा प्रवेश गराएको छ । त्यसपछि क्रमशः **अठोट** (२०५८) खण्डकाव्य, **होसियार** (२०५९) कवितासङ्ग्रह, **सम्झनाको दियो** (२०६०) गीति शोककाव्य हुँदै

**मौन खबरहरू** (२०६५) गजलसङ्ग्रह रहेका छन् । यी कृतिहरूमा लागूपदार्थ दुर्व्यसनमा फँसेका युवावर्गलाई त्यसबाट निकाने जमर्को एकातिर गरिएको छ भने अर्कातिर देशको आर्थिक, सामाजिक, राजनैतिक दुरावस्था उदाङ्ग्याउने काम गरिएको छ । राजा वीरेन्द्र र कवयित्री चाँदनी शाहको मृत्युबाट शोकाकुल भई श्रद्धाञ्जलिका शब्दहरू **सम्झनाको दियो** (गीति शोककाव्य २०६०) मा कोरिएका छन् । समाजका अव्यक्त व्यथाका साथै मिलन-बिछोडका कुराहरू **मौन खबरहरू** गजलसङ्ग्रहमा अभिव्यक्त गरिएका छन् । यसका साथै यस चरणमा कथा र खोजमूलक लेखहरू पनि प्रकाशन भएका छन् । यसका अतिरिक्त यस चरणमा 'भावुक' विशेष सजग भई नियममा आबद्ध भएका कृतिहरू लेखन तथा प्रकाशनमा व्यस्त भएका देखिन्छन् । बुँदागत रूपमा यस चरणका प्रवृत्तिहरूलाई यसरी देखाउन सकिन्छ :-

क) परिपक्वता,

ख) सामाजिक यथार्थता,

ग) समसामयिकता,

घ) प्रगतिशीलता,

ङ) राजनीतिप्रति व्यङ्ग्य,

च) प्रेमपरकता,

छ) परिष्कृतता,

ज) राष्ट्रियता,

झ) स्वास्थ्यप्रतिको चिन्तन,

ञ) नारी वेदनाको प्रत्याभूति ।

## ३.२ श्यामबहादुर 'भावुक'को साहित्यिक प्रवृत्ति

'भावुक'को साहित्यिक प्रवृत्तिहरूलाई औपन्यासिक प्रवृत्ति र काव्यात्मक प्रवृत्तिका रुपमा राखेर हेर्न सकिन्छ ।

### ३.२.१ औपन्यासिक प्रवृत्ति

साहित्यका विविध विधामा कलम चलाउन रुचाउने 'भावुक' औपचारिक रूपमा वि.सं. २०५२ मा **अधुरो सपना** उपन्यासमार्फत देखा परेका हुन् । यस उपन्यासमा समाजमा विद्यमान वर्गीय अवस्थालाई देखाइएको छ । सामाजिक यथार्थवादी यस उपन्यासमा गरिबका

समस्या र अभिजातवर्गले उनीहरूलाई चुस्ने प्रवृत्तिलाई टड्कारो रूपमा देखाइएको छ । अभिजातवर्ग र विपन्नवर्गका बीचको समस्यालाई मूर्त्याइएको यो उपन्यास हाम्रो समाजमा घट्ने घटनाको यथार्थ रूप हो । शोषक र सामन्तले गरिबमाथि गर्ने अन्याय र अत्याचारको ज्वलन्त उदाहरण यसमा रहेको छ । अशिक्षाका कारण गरिबहरू आर्थिक अभावको भुङ्ग्रोमा पिल्सिएर मर्नुपरेको यथार्थता अभिव्यक्त गरिएको छ । उनको प्रकाशित एउटै मात्र यस उपन्यासले समाजको थिचोमिचोप्रति चोटिलो प्रहार गरेको छ । सहज एवम् सरल भाषामा उपन्यास लेखनकला भएका 'भावुक' स्वतस्फूर्त रूपमा औपन्यासिक लेखकका रूपमा प्रस्तुत भएका छन् । यिनका औपन्यासिक प्रवृत्तिहरू यी रहेका छन् :-

क) सरल भाषाका प्रयोक्ता,

ख) समाजमा विद्यमान कुशासनप्रति चोटिलो प्रहार गर्ने प्रवृत्ति,

ग) सामाजिकता,

घ) नारी संवेदनाको प्रत्याभूति,

ङ) प्रगतिवादी विचारधारा,

च) यथार्थता,

छ) मौलिकता ।

### ३.२.२ कविता-काव्यात्मक प्रवृत्ति

साहित्यकार श्यामबहादुर 'भावुक' साहित्यका विविध विधामा कलम चलाउन क्रियाशील हस्तीका रूपमा प्रस्तुत भएका छन् । सामाजिक यथार्थतावाद, मानवतावाद, विसङ्गतिवाद, स्वच्छन्दतावाद र स्वमूल्य मान्यताको खोज 'भावुक'का खण्डकाव्य, कविता तथा गजलसङ्ग्रहका मूल प्रवृत्ति हुन् । भावमा गहनता, विचारमा उच्चता, चिन्तनमा स्वभाविकता र अभिव्यक्तिमा सरलता उनका कृतिगत विशेषता हुन् । समयसापेक्ष किसिमले उनका कृतिले युगबोधलाई प्रतिबिम्बित गरेका छन् ।

**सुन्तली-हर्के** (२०५६) पहिलो काव्यकृतिमा समाजका विकृति र विसङ्गतिलाई देखाइएको छ । **अठोट** (२०५८) खण्डकाव्यमा सुरा र सुन्दरीको लहडमा लागेर युवाशक्ति बेकामे र कमजोर भएको अवस्थालाई देखाइएको छ भने अर्कोतिर नारीवेदनालाई पनि समेटिएको छ । समाजका यी विकृति र विसङ्गतिलाई कलात्मक तथा लयात्मकरूपमा अभिव्यक्त गरिएको पाइन्छ । स्वमूल्य र मान्यताको खोजीका साथै राजनैतिक विसङ्गतिको तीतो यथार्थ **होसियार** (२०५९) कवितासङ्ग्रहमा गरिएको पाइन्छ ।

जनताका प्रिय राजा वीरेन्द्र र कवयित्री चाँदनी शाह लगायत राजपरिवारको हत्याको विषयलाई लिएर रचना गरिएको **सम्झनाको दियो** (२०६०) गीति शोककाव्यमा शोकाकूल भाव व्यक्त गरिएको छ । आफ्ना अव्यक्त भावहरू **मौन खबरहरू** गजलसङ्ग्रहमा सहज र स्वतस्फूर्त रूपमा प्रस्तुत गरेका छन् । स्वतःस्फूर्त रूपमा साहित्य रचना गर्ने 'भावुक' काव्यात्मक क्षेत्रमा दरिलो हस्तीका रूपमा स्थापित भएका छन् । उनका कविता-काव्यात्मक प्रवृत्तिहरू यस प्रकार रहेका छन् :-

क) सामाजिक यथार्थवादी प्रवृत्ति,

ख) मानवतावादी प्रवृत्ति,

ग) रतिरागात्मक प्रेम,

घ) देशप्रेम,

ङ) स्वास्थ्यप्रतिको चिन्तन,

च) प्रगतिवादी,

छ) जनचेतना,

ज) नारी संवेदना ।

## ३.३ नेपाली साहित्यको क्षेत्रमा श्यामबहादुर 'भावुक'को स्थान

श्यामबहादुर 'भावुक' नेपाली साहित्य जगत्का एक उदीयमान स्रष्टा हुन् । प्रगतिवादी विचारधाराका स्रष्टा 'भावुक'का रचनाहरू जनचेतनामूलक रहेका छन् । यिनका रचनाहरू नेपाली युवावर्ग तथा नेपाली समाजका लागि मार्गदर्शक बन्ने छन् । नेपाली साहित्यप्रतिको लगावका कारण आधा दर्जन कृति प्रकाशित हुनुका साथै एकपछि अर्को कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यसले गर्दा यिनको लेखनी क्षमता दिनानुदिन तिखारिँदै गएको छ । साहित्यका विविध आयामलाई समेटेर लेख-रचना गर्न सक्ने 'भावुक'को नेपाली साहित्यको क्षेत्रमा एउटा छुट्टै विशिष्ट स्थान रहेको छ । जसले नेपाली साहित्यको श्रीवृद्धिमा इँटा थप्ने काम गरेको छ ।

## ३.४ निष्कर्ष

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने प्रगतिवादी धाराका 'भावुक' साहित्य साधनामा तल्लीन रहेका छन् । आफ्नो व्यस्त जागिरे जीवनमा पनि साहित्यका निम्ति समय छुट्ट्याएर सिर्जनामा तल्लीन रहनुले उनको साहित्यप्रतिको अनुराग स्पष्ट हुन

आउँछ । उपन्यास, खण्डकाव्य, कविता, गजल लेखेर आफ्नो सर्जक व्यक्तित्वको दायरालाई फैलाउनुका साथै द्रष्टा व्यक्तित्वलाई समेत निखार्ने कार्यमा पनि क्रियाशील रहेका छन् । आफ्ना साहित्यमा विशेषतः सामाजिक, आर्थिक, राजनैतिक र प्रणयमूलक भावनाहरू अभिव्यक्त गर्ने 'भावुक'ले विसङ्गतिका विरुद्ध दरिला झटाराहरू वर्साएका छन् । उनको साहित्य लेखनको मूल पाटो समाज र प्रेम रहेका छन् । सामाजिक विकृति र विसङ्गतिका साथै प्रेममा आउने उतारचढाव, सङ्घर्ष, त्याग, बिछोड एवम् बलिदानहरूलाई सिर्जनामार्फत पाठक-सामु प्रस्तुत गरेका छन् । स्वार्थी समाजले चोखो प्रेममा विभिन्न प्रकारका तगाराहरू तेर्स्याउने र त्यसको फलस्वरूप आउने बिछोडलाई स्वतस्फूर्त र सहज रूपमा अभिव्यक्त गरेका छन् । उनले अझै गहकिला र नवनव सिर्जनामा तन, मन र धनले लगाव लगाउने छन् भनी आशा गर्ने प्रशस्तै ठाउँहरू छन् । चाहे जे भए पनि 'भावुक'को लेखनक्षमता अझै कुँदिएर अगाडि बढिरहेको छ भनी प्रशस्तै आशा लिन सकिन्छ ।

## चौंथो परिच्छेद

# श्यामबहादुर 'भावुक'का कृतिहरूको अध्ययन तथा विश्लेषणका साथै फुटकर रचनाहरूको विवरण

### ४.१ साहित्यको परिचय

सहित शब्दमा (ष्यत्/यत्) य प्रत्यय लगाई आदि वृद्धि गरेर साहित्य शब्दको निर्माण गरिन्छ ।[२६] साहित्य भाव र भाषाको त्यो रूप हो जसले मानवीय अन्तर र बाह्य चेतनामा रमणीयता सृष्टि गरेर भावकलाई आह्लादित तुल्याउँछ ।[२७] साहित्यमा जीवन भोगाइका यथार्थ रूपहरू प्रस्फुटन गरिएका हुन्छन् ।

साहित्य सृजना गर्ने व्यक्ति 'कवि' हो । कवि शब्दको अर्थ सर्वज्ञ, प्रतिभाशाली, चतुर, बुद्धिमान् कविताको रचयिता या वर्णन क्षमता भएको व्यक्ति भन्ने हुन्छ । त्यस्तै काव्य शब्दको अर्थ कविको गुण भएको रचना या कविद्वारा निर्मित रचना भन्ने हुन्छ ।[२८] जगत्को हित गर्ने कल्याणकारी तत्त्व नै कुशल कविद्वारा सिर्जित गुणकारी परिकार हो । व्यक्तिभित्रका प्रतिभालाई उकास्ने, उजिल्याउने र बढाउने कार्य व्युत्पत्ति र अभ्यासले गरेका हुन्छन् । तसर्थ प्रतिभा काव्यको कारण हो, व्युत्पत्ति त्यसको विभूषण हो र अभ्यास शीघ्र रचना निर्माणको कारण हो यी नै साहित्य उत्पन्न हुनुका मुख्य हेतु हुन् ।[२९]

पूर्वीय काव्यलक्षणको पहिलो स्रोत **अग्निपुराण** हो । **अग्निपुराण**देखि जगन्नाथसम्मका काव्य मनीषीहरूले साहित्यलाई चिनाउने यथोचित प्रयास गरेका छन् । यसरी साहित्यमा अभीष्टभावलाई सङ्क्षेपमा प्रस्तुत गर्नु शब्दार्थको सहभाव भई इष्टार्थयुक्त सुललित वाक्य हुनु, रमणीयार्थ प्रतिपादक शब्द, लक्षणा, व्यञ्जना, रीति, रसात्मकता, दोषरहित, गुणसहित शब्दावली हुनुपर्ने जस्ता केही काव्यमान्यताहरू पूर्वीय साहित्यमा काव्यको परिचयको क्रममा आवश्यक मानिन्छन् ।

अङ्ग्रेजी भाषामा साहित्यलाई लिटरेचर (Literature) भनिन्छ । लिटरेचरको उत्पत्ति लेटर्स (Letters) बाट भएको हो । लेटरको अर्थ अक्षर हो । सोझो अर्थमा विविध

---

[२६] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र** (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७), पृ. २५ ।
[२७] पूर्ववत् पृ. ३४ ।
[२८] पूर्ववत् पृ. ४ ।
[२९] प्रा. मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, दोस्रो संस्करण २०६३) पृ. १० ।

अक्षरहरूको समुदायलाई साहित्य भन्न सकिन्छ । विभिन्न अक्षरहरूबाट शब्द बन्दछ । तिनै अक्षरहरू नै अभिव्यक्तिका माध्यम हुन्छन् । यसरी संस्कृतको 'साहित्य' को तुलनामा लिटरेचरको ब्याख्या गर्न अति कठिन अनुभव हुन्छ । 'साहित्य' शब्दले वहन गरेको गुरुता, विशिष्टता र व्यापकता लिटरेचरले निर्वाह गरेको पाइन्छ । व्यपकताका सन्दर्भमा पश्चिमका विद्वान्हरूले साहित्यका विभिन्न परिभाषाहरू दिएका छन् । उनीहरूका परिभाषामा साहित्यमा विभिन्न वाद, सिद्धान्त र सम्प्रदायको जन्म भएको देखिन्छ । अङ्ग्रेजी साहित्यका विद्वान् मैथ्यु अर्नाल्डले साहित्यलाई जीवनको समालोचनाका रूपमा लिएका छन् ।[३०]

कुनै पनि कुरालाई प्रस्तुत गर्दा कुनै माध्यमको आवश्यकता बोध हुने गर्दछ । यसैगरी भाषाको माध्यमबाट प्रकृतिको अनुकरण गर्दै कवि स्वयम् अनुकर्ताको रूपमा उपस्थित भई हृदय र मानवीय चेतना मस्तिष्कलाई प्रेरित गर्दै काव्यिक ऊर्जा दिई जीवनका दुःखद पक्षलाई उज्यालो रश्मिद्वारा उजिल्याएर मानवीय अनुभूतिलाई व्यक्त गर्नुपर्छ भन्नेजस्ता काव्यिक मान्यताले पश्चिमी साहित्यमा प्राथमिकता पाएको देखिन्छ ।

पूर्वीय साहित्य र पाश्चात्य साहित्यमा काव्यसम्बन्धी जेजस्ता विचारहरू व्यक्त गरिए तापनि साहित्य सौन्दर्यले सुशोभित भई लोकोपकार गर्ने खालको हुनुपर्दछ । त्यसमा शब्दार्थको तरलानुभूति छ्याल्लव्याल्ल रूपमा छचल्किएको हुनुपर्दछ । साहित्य सङ्गीतात्मकता, कल्पनात्मकता र प्रभावकारिताले टम्म बाँधिएको हुनुपर्छ ।[३१] साहित्यले सामाजिक जीवन अथवा अझ व्यापक रूपमा भन्दा यो मानवसभ्यता र यस ब्रह्माण्डअन्तर्गतको कुनै न कुनै घटना, परिवेश, प्रकृति विचार, भावना, चरित्र, व्यवहार आदिलाई कथ्य वा आलम्बन बनाई तिनमा रागात्मकता भर्न सक्नुपर्छ । साहित्य सिर्जना कुनै व्यक्तिको वा स्रष्टाको निजी सुखानुभूतिभन्दा पनि साहित्य मनोरञ्जनका साथै शिक्षाप्रद र उपयोगीसमेत हुनुपर्छ ।

पूर्वीय साहित्यमा **ऋग्वेद** र **अग्निपुराण**बाट कवि शब्दको चर्चा हुँदै आएको छ । काव्यप्रयोजन सम्बन्धी चर्चा सर्वप्रथम भरतमुनिको **नाट्यशास्त्र**मा भएको पाइन्छ । भरतमुनिले नाटकलाई समग्र ललित सौन्दर्य चिन्तनका साथै ज्ञान, शिल्प, विधा, योग र कर्मसम्बन्धी उपदेश प्रदान गर्दछ भनी चर्चा गरेका छन् ।[३२] भामहले काव्यबाट धर्म, अर्थ, काम, मोक्ष एवम् अलङ्कारले काव्यमा रससिञ्चित गराएर आनन्द प्राप्त हुन्छ भनेका

[३०] मोहनहिमांशु थापा, पूर्ववत्, पृष्ठ ५ ।
[३१] शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५) पृ. ९ ।
[३२] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र** (दोस्रो संस्करण) भुँडीपुराण प्रकाशन, काठमाडौं, पृ. १० ।

छन् ।[३३] कुन्तकले शब्द र अर्थको सहभावयुक्त वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने व्यवस्थित रचनाका रूपमा काव्यलाई मानेका छन् ।[३४] त्यस्तै विश्वनाथले भामहको विचारलाई आत्मसात गर्दै रसात्मक वाक्य नै काव्य हो जसले चर्तुवर्ग सुख र काव्यानन्द दिन्छ भनेका छन् । जसले मानिसलाई आनन्द प्रदान गर्ने गर्दछ । पूर्वीय साहित्यमा विभिन्न काव्यचिन्तकहरूले दिएका परिभाषाहरू हेर्दा काव्यमा यश, आयु, धर्म, अर्थ, काम, मोक्ष, उपदेश, कलामा निपूर्णता, लोककल्याणकारी गुणसहित, दोषरहित, हार्दिक चमत्कार, भावमा परिष्कारजस्ता काव्यिक गुणहरू हुनुपर्ने देखिन्छ ।

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि विभिन्न काव्य चिन्तकहरूले काव्यप्रयोजन सम्बन्धी आफ्ना धारणाहरू राखेका छन् । पाश्चात्य परम्परामा प्राचीन ग्रीसकै अरस्तुको समयसम्म ‘काव्य’ वा साहित्य र भाषणकला भाषिक वा शाब्दिक कलाका रूपमा लिइएको छ ।[३५] साहित्य सरल रागात्मक र प्रत्यक्षमूलक हुने भएकाले यसले यथार्थता र आनन्द दिन्छ भनी मिल्टनले भनेका छन् ।[३६] साहित्य व्यक्त सङ्गीत भएकाले जीवनमा आनन्द दिनुपर्छ भनी ड्राइडनले भनेका छन् ।[३७] साहित्य जीवनको आनन्दात्मक अभिव्यक्ति हो जसले शिक्षा र आनन्द दिनुपर्छ भनी भनेका छन् ।[३८]

पूर्वीय र पाश्चात्य हुँदै नेपाली साहित्यमा पनि विभिन्न साहित्यिक व्यक्तित्वहरूले काव्यप्रयोजनसम्बन्धी आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । बालकृष्ण समले भावनाको बौद्धिक कोमलतालाई काव्यको प्रयोजन मानेका छन् भने लक्ष्मीप्रसाद देवकोटाले भावनाको हार्दिक कोमलता नै काव्यको प्रयोजन मानेका छन् । जसले शिक्षा, सुखानुभूति, सौन्दर्यबोध, प्रकृतिचित्रण, नैतिकता र कल्पनालाई पस्कन सक्नुपर्छ भनेका छन् ।[३९] साहित्यले वाक्कलाको विकास गर्नुका साथै जीवनका यथार्थ भोगाइका साथै मानिसका आन्तरिक र बाह्य पक्षको उद्घाटन गर्न सक्नुपर्छ । साहित्य निश्चित घेराभित्र रहन सक्दैन । यो त स्वस्फूर्त रूपले अविरल बगिरहन्छ, यसले युगबोध गराउँछ । समयसापेक्ष साहित्यमा नयाँ-नयाँ विचार र अवधारणाहरू आएका छन् । यस्तै साहित्यका मूलभूत मान्यताका परिधिमा

[३३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. ३ ।
[३४] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. ४ ।
[३५] सीता पौडेल, **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) चितवनः त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस-२०६६) पृ. ४१ ।
[३६] कृष्णप्रसाद आचार्य र ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, न्यू हिरा बुक्स इन्टरप्राइजेज, पृ. ३३३ ।
[३७] पूर्ववत् ।
[३८] पूर्ववत् ।
[३९] पूर्ववत्, पृष्ठ ३३३ ।

रहेर पूर्वीय र पाश्चात्य साहित्यकारले काव्य प्रयोजन सम्बन्धी आफ्ना अवधारणाहरू व्यक्त गरेका छन् ।

साहित्य जीवन र जगत्को दर्पण हो तथा साहित्यकारको भावना र विचारको प्रकटीकरण हो । साहित्यमा समाजको यथार्थ चित्रण हुन्छ, जनजीवनको अवलोकन हुन्छ र मानसिकताको विश्लेषण हुन्छ । यसै पृष्ठभूमिमा साहित्यमा समयको घात-प्रतिघात हुन्छ, युगको द्वन्द्व-प्रतिद्वन्द्व हुन्छ र मानवसमाजको बिम्ब-प्रतिबिम्ब हुन्छ । यस दृष्टिले साहित्यलाई समाजको दर्पणका रूपमा मात्र नलिएर समाजको एक्स-रे (X–Ray) का रूपमा लिनु उपयुक्त र सामयिक हुन्छ । यसैले साहित्यमा मानव र समाजको बाह्य चित्रण मात्र नभएर आत्मनिरीक्षण पनि हुन्छ । अर्को शब्दमा साहित्यमा प्रकृतिको अनुकृति हुन्छ । यसैले एरिस्टोटलले कला वा साहित्यलाई प्रकृतिको अनुकरण भनेका छन् ।[४०]

यसरी पूर्वीय र पश्चिमी साहित्यकारहरूले विभिन्न साहित्यिक कृतिहरूको रचना गरेर साहित्यको भण्डारलाई भर्ने काम गरेका छन् । आफ्ना अमूल्य कृतिहरूले वाङ्मयलाई हराभरा बनाएका छन् । साहित्यका यिनै मध्ये केही विशेषतालाई आत्मसात् गरी नेपाली साहित्यका क्षेत्रमा देखिएका एक स्रष्टा हुन् ‘भावुक’ । उनी आफ्नो प्रतिभाद्वारा साहित्यलेखन कलालाई उजागर गर्ने क्रममा अहोरात्र खटिरहेका छन् । साहित्यका मूल्य र मान्यतालाई यथासम्भव पालना गरी लेखिएका उनका कृतिहरू नेपाली साहित्यको विकासमा केही इट्टा हुनेछन् । आफ्नो सेरोफेरोका यथार्थहरूलाई टपक्क टिपेर काव्यिक भाषामा सिङ्गारेर प्रस्तुत गरिदिने आदरणीय व्यक्तित्वहरू नै साहित्य सर्जकहरू हुन् । आफ्ना अमूल्य कृतिहरू पाठकसमक्ष पस्किएर साहित्यिक क्षेत्रमा विशेष योगदान दिने स्रष्टाहरूको लेखकीय योगदान र मूल्याङ्कनको उचित कदर गरी समाजसामु उनीहरूको साहित्यिक व्यक्तित्वलाई उज्यालो तरिकाले प्रकाश पार्नु परमकर्तव्यका साथै साहित्यकार र साहित्यिक कृतिप्रतिको सम्मान पनि हो । स्रष्टाको लेखकीय क्षमताको परिधिमा रहेर साहित्यकारको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटी उसको योगदानलाई निरूपण गर्नका लागि विस्तृत अध्ययन-अनुसन्धान र विश्लेषण शोधकार्यमा गरिन्छ ।[४१]

सर्जक सुमन हो । जसले सुवास छरेर मानव हृदयलाई आल्हादित बनाउने गर्दछ । सर्जकले आफ्ना सृजनाका माध्यमबाट सुवास छरेर नयाँ कृति राख्न चाहन्छ । तबमात्र सर्जक मरेर गए पनि सिर्जना कहिल्यै मर्दैन । युगयुगान्त जीवित भएर साहित्यले सुवास

---

[४०] मोहनहिमांशु थापा, पूर्ववत्, पृष्ठ ३० ।
[४१] सीता पौडेल, पूर्ववत्, पृ. ४२ ।

दिइरहेको हुन्छ । सर्जकले आफू बाँचेको युगको परिवेशलाई आफ्ना रचनामा प्रतिबिम्बित गराई साहित्य समाजको दपर्ण भन्ने भनाइलाई यथार्थमा परिणत गरी आफूलाई कालजयी बनाउने गर्दछ । तसर्थ त्यस्ता रचनाले साहित्यिक मूल्य प्राप्त गरिरहेका हुन्छन् ।

### ४.१.१ साहित्यकार श्यामबहादुर 'भावुक'का काव्यहरूको अध्ययन

नेपाली साहित्यको विविध विधामा आफ्नो कलम चलाएका 'भावुक'ले आफ्नो साहित्यिकयात्रामा विशेषतः कविता लेखनमा योगदान पुऱ्याएका छन् । साहित्ययात्राको सुरुवात उपन्यासबाट गरेका 'भावुक'ले **अधुरो सपना** (उपन्यास-२०५२), **सुन्तली-हर्के** (खण्डकाव्य-२०५६), **अठोट** (खण्डकाव्य-२०५८), **होसियार** (कविता-सङ्ग्रह-२०५९), **सम्झनाको दियो** (गीति शोककाव्य-२०६०) बाट **मौन खबरहरू** (गजल-सङ्ग्रह-२०६५) सम्म आइपुग्दा नयाँ काव्यिक उचाइ प्राप्त गरेका छन् । यिनका कृतिहरूले वर्तमान समयमा युवावर्गमा देखिएका विकृति र विसङ्गतिको चिरफार गर्दै जनचेतना जगाउने काममा सफलता प्राप्त गर्न सकेका छन् ।

### ४.१.२ काव्यगत विषय प्रवेश

वि.सं. २०४५ सालबाट नेपाली साहित्यमा प्रवेश गरेका 'भावुक'ले साहित्ययात्राको प्रारम्भिक समयमा **अधुरो सपना** (२०५२) उपन्यास लेखेका छन् । मौलिक, सामाजिक, यथार्थवादी यस उपन्यासमा समाजका विपन्नवर्गमाथि धनीहरूले गर्ने थिचोमिचोलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

साहित्यकार 'भावुक'को साहित्यलेखनको पछिल्लो समयमा पाँचवटा काव्यहरू लिएर आएका छन् । जसमा **सुन्तली-हर्के** (खण्डकाव्य-२०५६), **अठोट** (खण्डकाव्य-२०५८), **होसियार** (कवितासङ्ग्रह-२०५९), **सम्झनाको दियो** (गीति शोककाव्य-२०६०) र **मौन खबरहरू** (गजलसङ्ग्रह-२०६५) रहेका छन् । **सुन्तली-हर्के** खण्डकाव्यमा समाजमा विद्यमान जुवातास जस्ता कुलतमा फँसेका युवाहरूलाई जनचेतना जगाई चेतनशील बनाउने प्रयत्न गरेका छन् । १९६ श्लोकमा रचित अठोट खण्डकाव्यमा प्रगतिवादी लेखक 'भावुक'ले कुलतमा फँसेका युवा जमातलाई सत्मार्गमा ल्याउने अठोट गरेका छन् । रोजीरोटीका निम्ति विदेश लाग्ने दुःखी दाजुभाइका बारेमा, मरीमरी भारी बोकेर जीविका चलाउन बाध्य भरियाका बारेमा, आजको युगमा पनि जङ्गली जीवन व्यतित गर्न विवश चेपाङजातिका

बारेमा त कतै प्रेमप्रणय, कतै सम्झना, शोक र श्रद्धाञ्जलिले भरिएका कविताको सङ्ग्रह रहेको छ **होसियार** कवितासङ्ग्रह ।[४२] वि.सं. २०५८ जेठ १९ गतेको भयानक कालो सन्ध्यामा घटेको पीडादायी चित्र हो यो **सम्झनाको दियो** शोककाव्य । यो प्यारो जन्मभूमि नेपाल राष्ट्रमा अत्यन्त संवेदनशील दयालु राजा श्री ५ वीरेन्द्र र साहित्य सङ्गीतकी मर्मज्ञ श्री ५ बडामहारानी ऐश्वर्यसहित १० जनाकै वियोगमा आँसुको मूल फुटाइएको छ यसमा ।[४३] वर्तमान अवस्था, भ्रष्टाचार, अन्याय, अत्याचार, विकृति, विसङ्गति लगायत प्रेम प्रसङ्ग, मिलन, बिछोड, माया, पिरती, महँगी जस्ता अनेक विषयवस्तुलाई समेटिएर लेखिएको गजलसङ्ग्रह हो **मौन खबरहरू** ।[४४]

### ४.१.३ कृतित्व अध्ययनको पृष्ठभूमि

यस परिच्छेद अन्तर्गत उपन्यासको सैद्धान्तिक परिचय, उपन्यासको व्युत्पत्ति, उपन्यासको परिभाषा, तत्त्वहरू सहित अध्ययन, खण्डकाव्यको सैद्धान्तिक परिचय, परिभाषा, तत्त्वहरू सहित अध्ययन र गजलको सैद्धान्तिक परिचय, परिभाषा र तत्त्वहरू सहित अध्ययन गरिनुका साथै सङ्क्षिप्त विश्लेषण पनि गरिएको छ ।

## ४.२ उपन्यासकार श्यामबहादुर 'भावुक'को उपन्यासको अध्ययन तथा विश्लेषण

उपन्यासकार श्यामबहादुर 'भावुक'को उपान्यासको अध्ययन तथा विश्लेषण शीर्षक अन्तर्गत उपन्यासको व्युत्पत्ति, उपन्यासको स्वरूप, उपन्यासको परिभाषा, उपन्यासका तत्त्वहरूका बारेमा सङ्क्षिप्त जानकारी दिइएको छ । साथै उपन्यासका तत्त्वहरूका आधारमा 'भावुक'को **अधुरो सपना** (२०५२) उपन्यासको अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ४.२.१ उपन्यासको व्युत्पत्ति

उपन्यास शब्द उप+नि+अस्+(घञ्) अ अर्थात् अस् धातुमा उप र नि पूर्वसर्ग तथा (घञ्) अ परसर्ग लागेर बनेको हो ।[४५] उपको अर्थ नजिक र न्यासको अर्थ राख्नु, स्थापित गर्नु वा आरोपण गर्नु हो । यसरी बनेको उपन्यास शब्दले मानिसका नजिक राखिएको वस्तु भन्ने बुझाउँछ । संस्कृत साहित्यमा उपन्यास शब्द प्राचीन देखिन्छ । भरतले उपन्यास

---

[४२] जनकप्रसाद हुमागाइँ, *होसियार कवितासङ्ग्रहमा आँखा लगाउँदा,* **होसियार** कवितासङ्ग्रह (२०५६) भूमिका ।
[४३] धर्मराज थापा, *श्रद्धाञ्जलिका दुई थुँगा,* **सम्झनाको दियो** गीति शोककाव्य (२०६५) भूमिका ।
[४४] वियोगी बुढाथोकी, *'भावुक'को मौन खबरहरू गजलसङ्ग्रहभित्र रूमल्लिँदा,* **मौन खबरहरू** (गजलसङ्ग्रह-२०६५), पृ. ञ ।
[४५] मोहनहिमांशु थापा, **साहित्य परिचय**, पाचौं संस्करण (ललितपुरः साझा प्रकाशन, २०६६), पृ. ११९ ।

शब्दलाई नाटकीय प्रतिमुख सन्धिको एउटा उपभेदका रूपमा उल्लेख गरेका छन् ।[४६] तापनि वर्तमान युगमा यसको प्रयोग भरतसम्मत अर्थमा नभई नितान्त भिन्न अर्थमा प्रयोग भएको देखिन्छ । अङ्ग्रेजी साहित्यमा कल्पनाप्रधान रचनाका ठाउँमा नवीनतम यथार्थप्रधान रचनाको प्रादुर्भाव भएपछि त्यसको नामकरण गर्नु आवश्यक मानिएकाले नोबेल (Novel) भनियो । इटालीको नोबेला शब्दबाट अङ्ग्रेजीको नोबेल शब्द बनेको पाइन्छ । यसरी स्थानान्तरण हुँदै नेपाली साहित्यमा आएपनि नेपालीमा जस्ताको तस्तै स्वीकारिएको पाइन्छ । वर्तमान साहित्यमा उपन्यासलाई ज्यादै लोकप्रिय विधाका रूपमा लिइएको छ ।[४७]

### ४.२.२ उपन्यासको स्वरूप

उपन्यास आख्यान सहित्यको एउटा नवीनतम विधा हो ।[४८] यसमा मानवजीवनको विविध पक्षको चित्रण गरिएको हुन्छ । उपन्यासमा एउटा व्यक्तिको जीवनी वा सिङ्गो युगको चित्रण पनि हुन सक्छ । उपन्यासलाई वर्णनात्मक, विवरणात्मक, पत्रात्मक आदि रूपमा सङ्गठित गर्न सकिन्छ । नाटकीय तत्त्वको समावेश गरी मनोरञ्जन प्रदान गरिने हुनाले उपन्यासलाई गोजी नाटक पनि भनिन्छ ।[४९]

उपन्यास आधुनिक युगको उपज हो ।[५०] वैज्ञानिक विकासको परिणामस्वरूप अयथार्थ, अवास्तविक, अलौकिक तथा पुराण-कल्पित आस्था एवम् विश्वासबाट आधुनिक मानिस विमुख हुन थाल्यो । फलस्वरूप पुराना कल्पित परिकथा तथा पुराणकथाका सट्टामा यथार्थ जीवनमा आधारित मानवको यथार्थ सुखदुःख आदिको चित्रण गर्ने विधाको रूपमा उपन्यासको विकास भएको पाइन्छ । उपन्यास काल्पनिक विधा भए तापनि आज यो लोकप्रिय र प्रभावशाली विधाका रूपमा विकसित हुँदै गएको छ ।

### ४.२.३ उपन्यासको परिभाषा

साहित्यलाई विधागत हिसाबले परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्ना तरिकाले परिभाषित गरेका छन् । कुनै पनि गतिशील वस्तुहरू समय र सीमाका कारणले परिवर्तनशील भैरहने हुँदा कुनै एक क्षेत्र वा सीमाभित्र बाँधेर राख्न सकिँदैन तर अध्ययनको सुविधाको लागि विद्वान्हरूले यस सम्बन्धी व्यक्त गरेका अवधारणाहरूलाई अघि

---

[४६] पूर्ववत् ।
[४७] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. १८५ ।
[४८] कृष्णविलास पौड्याल, **नेपाली आख्यान र नाटक** (काठमाडौं : नवीन प्रकाशन-२०५९) पृ. १८५ ।
[४९] पूर्ववत्, पृ.  ।
[५०] पूर्ववत्, पृ. १८५ ।

सार्नु युक्तिसङ्गत हुन जान्छ । उपन्यासको चर्चा गर्नेक्रममा पूर्वीय, पाश्चात्य तथा नेपाली साहित्यका विभिन्न विद्वान्हरूले आफ्ना मतहरू राखेका छन् । पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूका प्रमुख परिभाषाहरू :

भरतमुनिका अनुसार युक्तिपूर्ण ढङ्गले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो ।[५१]

विश्वनाथका अनुसार उपन्यासको अर्थ कसैलाई प्रसन्न गराउनु हो ।[५२]

न्यू इङ्गलिश डिक्सनरीका अनुसार उपन्यास एक वृहदाकार त्यो गद्य आख्यान वा वृत्तान्त हो जसमा वास्तविक जीवनको प्रतिनिधित्वको दावा गर्नेवाला पात्र र कार्यलाई कथानकमा चित्रित गरिन्छ ।[५३]

रिचर्डका अनुसार उपन्यासमा कल्पित गद्यद्वारा मानव जीवनको व्याख्या हुन्छ ।[५४]

इन्द्रबहादुर राईका अनुसार उपन्यास यथार्थमा भावनाको भाषा, जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छाया नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ ।[५५]

कृष्णचन्द्रसिंह प्रधानका अनुसार उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य-जीवित मनुष्यको संसार हो ।[५६]

मोहनहिमांशु थापाका अनुसार उपन्यास गद्यमा लेखिएको त्यस्तो आख्यानात्मक रुप हो जसमा मानव जीवनको विराट रुप र आफ्नो युगीन परिवेशको प्रस्तुति हुन्छ ।[५७]

माथिका सबै किसिमका परिभाषाहरूको अध्ययन गरी उपन्यासलाई यसरी चिनाउन सकिन्छ :-

---

[५१] पूर्ववत्, पृ. १८६ ।
[५२] पूर्ववत्, पृ. १८६ ।
[५३] पूर्ववत्, पृ. १८६ ।
[५४] पूर्ववत्, पृ. १८६ ।
[५५] राजेन्द्र सुवेदी, **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति**, दो.सं., (ललितपुरः साझा प्रकाशन २०६४), पृष्ठ १२ ।
[५६] पूर्ववत्, पृ. १८६ ।
५७ मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १२१ ।

पात्रका माध्यमबाट प्रदर्शित वास्तविक जीवनको यथार्थ चित्रण गर्ने आख्यानात्मक वृहतकार गद्य रचना विशेष नै उपन्यास हो ।

### ४.२.४ उपन्यासका तत्त्वहरू

कुनै पनि साहित्यिक विधाले पूर्णता पाउन धेरै तत्त्वहरूको आवश्यकता पर्दछ । विभिन्न विद्वान्हरूका विचारहरूलाई केलाएर हेर्दा उपन्यास बन्नका लागि निम्न तत्त्वहरूको आवश्यकता पर्दछ :-

#### ४.२.४.१ कथावस्तु/कथानक

सम्पूर्ण उपन्यासको कहानी जुन उपकरणका योगबाट बनेको हुन्छ, त्यसलाई कथावस्तु भनिन्छ ।[५८] कथावस्तु उपन्यासको प्रधानतत्त्व हो । यसलाई आरम्भ, मध्य र अन्त्यका शृङ्खलामा आबद्ध गरिन्छ । कथानक, रैखिक र वृत्तात्मक ढाँचामा रहेको हुन्छ ।

#### ४.२.४.२ चरित्रचित्रण

चरित्रचित्रण उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व हो । चरित्र मूलतः व्यक्ति हुनसक्छ, उसले जे बोल्छ त्यसलाई संवाद भनिन्छ र जे गर्छ त्यसलाई कार्य भनिन्छ । वार्तालाप र क्रियाव्यापारबाट चरित्रको उद्देश्य स्पष्ट हुन्छ ।[५९] चरित्रचित्रण गर्दा पात्रका आन्तरिक तथा बाह्य दुबै पक्षको सूक्ष्म अध्ययन र विश्लेषण गरिन्छ ।

#### ४.२.४.३ संवाद वा कथोपकथन

पात्रले जे बोल्छ, त्यही संवाद वा कथोपकथन हो । कथोपकथनबाट चरित्रको मनोवृत्तिको उदघाटन, कथासूत्रको विकास र लेखकको आत्मप्रकाशन वा उद्देश्यको प्रकटीकरण गर्न सहयोग पुग्दछ । सम्पूर्ण घटनालाई सजीव र यथार्थस्वरूप प्रदान गर्न संवादले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

---

५८ पूर्ववत् पृ. १८७ ।
५९ पूर्ववत् पृ. १८७ ।

### ४.२.४.४ देशकाल वातावरण वा परिवेश

औपन्यासिक घटना घट्ने परिवेश विशेषलाई देशकाल तथा वातावरण भनिन्छ । औपन्यासिक घटना जुन ठाउँ विशेष वा कालविशेषका सन्दर्भमा घटित हुन्छ त्यस ठाउँ र समयका सन्दर्भ बुझाउने परिस्थितिलाई देशकाल वातावरण भनिन्छ । औपन्यासिक कथावस्तुलाई यथार्थ, विश्वसनीय र प्रभावपूर्ण ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न सार्थक वातावरण परिवेश तथा परिस्थितिले आवश्यक पृष्ठभूमि निर्माण गर्दछ ।

### ४.२.४.५ भाषाशैली

साहित्यका जुनसुकै विधाका लागि पनि भाषाशैली अत्यावश्यकीय तत्त्व हो । साहित्यको भाषा, सरल, सहज र बोधगम्य हुनुपर्छ । साहित्यको भाषाशैली सर्जकमा भर पर्दछ ।[६०] उपन्यासमा विभिन्न विचार र भावनाअनुसार भिन्न-भिन्न भाषा र शैलीको प्रयोग गरिन्छ । उपन्यास साहित्यको गद्य विधा भएकाले बोलचालको सामान्य भाषाको प्रयोग बढी वाञ्छनीय देखिन्छ ।

### ४.२.४.६ उद्देश्य

मानिसले कुनै पनि कार्य बिना उद्देश्य गर्दैन । तसर्थ उपन्यासकारको पनि कुनै निश्चित लक्ष्य वा उद्देश्य हुन्छ । रसनिष्पत्ति, मनोरञ्जन, उदात्तीकरण गराउनु साहित्यको केन्द्रीय लक्ष्य हुन्छ । लेखकका निजी धारणाका साथै जीवन भोगाइका क्रममा प्राप्त अनुभव र अनुभूतिलाई कृतिका माध्यमबाट प्रस्तुत गर्ने उद्देश्य प्रत्येक लेखकले राखेको हुन्छ ।[६१] तसर्थ उद्देश्यलाई उपन्यासको एउटा महत्त्वपूर्ण तत्त्व भनिन्छ ।

### ४.२.४.७ दृष्टिबिन्दु वा कथनपद्धति

कृतिको समग्रभाव कथन पद्धतिमा आधारित हुन्छ । यसलाई दृष्टिबिन्दु पनि भनिन्छ । उपन्यासमा कुन पात्रको केन्द्रीय भूमिका छ अथवा कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ, अथवा कथानकसँग त्यस पात्रको कस्तो सम्बन्ध कायम गरिएको छ, त्यस आधारमा दृष्टिबिन्दु वा दृष्टिकोणलाई छुट्याइन्छ । दृष्टिबिन्दु दुई प्रकारका हुन्छन्:

---

[६०] विमला भट्ट, पूर्ववत् पृ. ४६ ।
[६१] कृष्ण विलास पौड्याल, पूर्ववत् १ पृ. १९५ ।

आन्तरिक दृष्टिबिन्दु र बाह्य दृष्टिबिन्दु । आख्यान साहित्यमा 'म' वा 'ऊ' पात्रको निर्णायक भूमिका हुन्छ ।

## ४.३ 'अधुरो सपना' उपन्यासको विश्लेषण

यस शीर्षक अन्तर्गत **अधुरो सपना** उपन्यासलाई उपन्यासका तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

### ४.३.१ पृष्ठभूमि

**अधुरो सपना** 'भावुक'द्वारा लिखित पहिलो मौलिक, सामाजिक, यथार्थवादी उपन्यास हो । समाजमा विपन्नवर्गमाथि अभिजातवर्गले गर्ने गरेको शोषणलाई जीवन्त रूपमा यस उपन्यासमा अभिव्यक्त गरिएको छ । घरको आर्थिक अवस्थालाई सुदृढ पार्नका लागि विदेशतिर हानिएका युवाहरूको घर-समाजका शोषकवर्गले लथालिङ्ग र भताभुङ्ग पारिदिएको कुरा यस उपन्यासमा रहेको छ । शोषितवर्गको सचित्र वर्णन यसमा गरिएको छ ।

#### ४.३.१.१ कथानक

खोपासीभन्दा अलिपर बल्थली भन्ने ठाउँमा एउटा गरिब परिवारको घरबाट कथाको उठान भएको छ । अँध्यारो घरमा उज्यालो रोशनी बाकेर बलबहादुर र जानुकीको घरमा सन्तान सुख दिनका लागि पुन्टेको आगमन भएको छ । आमाबाबुको आशाको त्यान्द्रोको रूपमा रहेको पुन्टे त्यस घरमा सबैको प्यारो थियो । पुन्टेका बाबु बलबहादुर पनि समाजसेवी बुद्धिमानको सल्लाहअनुसार माइला साहुकहाँ गएर ऋण मागी भैँसी किनेर ल्याएको छ । भैँसीको आम्दानीबाट घरको अवस्था सुदृढ पार्ने र श्रीमती जानुकीलाई तिलहरी लगाइदिने धोको पूरा गर्ने सोच बनाएको बलबहादुरको जीवनमा एकाएक सङ्कटको आँधीबेहरी आइपुग्छ । चार वर्षको छोरो पुन्टेको असामयिक मृत्यु हुन्छ । छोरो बितेको तीन वर्ष पनि नपुग्दै जानकीले अर्को छोरो भक्तेलाई जन्म दिन पुग्छे । जसको कारण उनीहरूको जीवनमा पुनः एकपटक रोशनी छाउँछ । खुशीसाथ जीवनयात्रा चलेको थियो । त्यसैबखत बाली गएको भैँसी तुहेर मर्छ । ऋणको डोकोको रूपमा रहेको माउ भैँसी नै मरेपछि बलबहादुर नराम्रोसँग रुन्छ । आफ्नो मनलाई आफैले सान्त्वना दिँदै भैँसी मरेपनि पाडी त छ नी भन्दै दुबै बूढाबूढीले चित्त बुझाउँछन् । पढ्नमा सिपालु भक्तेको सबैले प्रशंसा गर्थे । यसरी दिनहरू क्रमशः बित्दै गएका थिए ।

भाका नाघीसकेको हुनाले माइला साहुले बलबहादुरसँग पैसा माग्यो । बलबहादुर सोझो र निरक्षर भएकाले माइला साहुले ऋण लिने समयमा रू.१,०००।- (एकहजार) को ठाउँमा रू. २,०००।- (दुईहजार) को तमसुक बनाइ ठगेको थियो । फेरि छोरो भक्तेलाई पढाउन तीनसय रूपैयाँ ऋण माइला साहुसँग लिँदा ठूलेलाई पाँचसयको तमसुक बनाउन लगायो र ल्याप्चे लगाइदियो । पहिलेको सावाँ, ब्याज र अहिलेको गरी तीनहजार भयो भनी त्यहाँबाट हिँड्यो ।

घरको अवस्था नाजुक बन्दै गएको र बेलाबेलामा माइला साहुले आएर थर्काउने गरेको मानसिक पीरले बलबहादुर बिरामी पऱ्यो । जान्नेलाई देखाउँदा पनि केही नभएपछि भक्ते पढेको हुनाले हेल्थपोष्ट पुऱ्यायो । हेल्थपोष्टमा उपचार हुन नसक्ने देखी डाक्टरहरूले वीर अस्पताल लैजाने सल्लाह दिए । सो अवस्थामा उनीहरू अलपत्र परे । भक्तेले फेरि माइला साहुसँग जग्गा धितो राखी तीनहजार ऋण ल्याई बाबुलाई वीर अस्पताल पुऱ्यायो । केही दिनपछि बलबहादुर निको भएर घर फर्के पनि उसको पिर जस्ताको तस्तै थियो, तैपनि मर्नुभन्दा अगाडि उसले छोराको बिहे गरिदिने सुर कस्यो । बुद्धिमानले भक्तेको बिहेको लागि टिस्टुङको सन्तेको घरमा लग्यो र लक्ष्मीसँग भक्तेको बिहे गरिदिने निधो गऱ्यो । त्यसको केही दिनपछि बलबहादुर पुनः बिरामी पऱ्यो र उसको देहान्त भयो । उसले भक्तेको बिहे पनि गरिदिन पाएन ।

बलबहादुर खसेको एक वर्षपछि जानुकीले भक्तेको बिहे गरिदिने निर्णय गरेकाले भक्तेले पुनः माइला साहुसँग रू. २,०००।- (दुईहजार) ऋण लिएर बिहे सम्पन्न गऱ्यो । सन्तेले पनि आफ्नो कोही नभएकाले घरजग्गा बेची लक्ष्मीको बिहे गरिदियो । विवाहपछि पञ्चरातका लागि भक्ते र लक्ष्मी टिस्टुङ पुगे । सन्तेले उनीहरूको स्वागत गऱ्यो र आफू अब तीर्थयात्रा जाने निर्णय सुनायो । केही दिन त्यहाँ रहेपछि भक्ते र लक्ष्मी घर फर्के । बिहे गरेको केही समयपछि गाउँका ठिटाहरूसँग भक्तेले पनि मुग्लान जाने निर्णय गऱ्यो । बाबुआमा र श्रीमतीको इच्छा पूरा गर्न र माइला साहुको ऋण तिर्नको लागि ऊ श्रीमतीले बाटो छेक्दाछेक्दै पनि मुग्लान पस्यो । यता माइला साहुले ठूलेलाई पनि मुग्लान पठायो । केही समयपछि धन कमाएर ठूले गाउँमा आयो । भक्ते र हर्के मरेको झुटो खबर सुनाइदियो । माइला साहुले यौवनले भरिपूर्ण लक्ष्मीमाथि आँखा गाडी राखेको थियो । त्यसै समयमा लक्ष्मीले भक्तेको मृत्युको पीडालाई सहन नसकी रोशीमा हाम फालेर आफ्नो देह त्याग गरी । विचरी ! जानुकी रोएर बुद्धिमानको घरमा दिन काट्न थालिन् । भक्तेले यता नराम्रो सपना

देख्यो र भोलिपल्ट बिहानै गाउँ हिँड्यो । गाउँमा आइपुग्दा ठूलेको करतुत थाहा पाई भाव विह्वल बन्यो । आफूमाथि गरेको अन्यायको बदला लिन र माइला साहुको अत्याचारबाट सबै गाउँलेलाई मुक्त गराउनका लागि ठूले र माहिला साहुको बिरुद्धमा भक्ते उत्रियो । सबै गाउँलेहरूको सहयोगका कारण भक्तेले ठूले र माइला साहुलाई जेल पठाउन सफल भयो । अन्त्यमा आफूसँग भएको पैसा बुद्धिमानलाई सुम्पी मलाई आमा र लक्ष्मीको यादले सताइरहेको छ भनी रोशीमा हामफाली मर्‍यो । यसरी कथाको अन्त्य दुःखद बनेको छ ।

### ४.३.१.२ चरित्रचित्रण

**अधुरो सपना** कथानक प्रधान उपन्यास हो । उपन्यासको आयाम सानो र पात्र थोरै भए पनि यसको पात्रविधानलाई भने मूल, सहायक र गौण गरी तीन किसिमले विभाजन गर्न सकिने किसिमको रहेको छ । यसरी हेर्दा प्रमुख पुरुष पात्रका रूपमा भक्ते र प्रमुख स्त्री पात्रमा लक्ष्मी रहेकी छे । सहायक पात्रका रूपमा बुद्धिमान, माइला साहु, जानुकी, बलबहादुर र ठूले रहेका छन् भने गौण पात्रका रूपमा सन्ते, गाउँलेहरू, हर्के, शिक्षक, पुन्टे, डाक्टर, झाक्री पञ्चभलाद्मी, प्रहरी, दमाई आदि रहेका छन् ।

#### ४.३.१.२.१ प्रमुख पात्रहरू

**क) भक्ते**

यस उपन्यासको नायक भक्ते हो । गरिब परिवारमा जन्मेको भक्ते बलबहादुर र जानुकीको दोस्रो सन्तान हो । पुन्टेको मृत्युपश्चात बलबहादुर र जानुकीको आशाको केन्द्र रहेको भक्ते पढ्नमा सिपालु छ । घरको आर्थिक अवस्थाका कारण बीचैमा पढाइ छाडी बाबुआमालाई सहयोग गर्ने आज्ञाकारी छोरोको रूपमा भक्ते देखापर्छ । आँटिलो, साहसिलो, जाँगरिलो युवकका रूपमा रहेको भक्ते घरको अवस्था सुधार्न, आमाको तिलहरी लगाउने धोको पूरा गर्न र श्रीमती लक्ष्मीलाई सुखसँग पाल्ने चाहनाले विदेशतिर हानिने व्यक्तिको रूपमा देखा परेको छ । यसले यस प्रकारका तमाम नेपाली युवाहरूको प्रतिनिधित्व गरेको देखिन्छ । तसर्थ यो प्रतिनिधि पात्र हो भन्न सकिन्छ । अर्कोतिर माइला साहुको ऋणबाट घरखेत फिर्ता गराइ आफ्नै भूमिमा कर्म गर्न रमाउने पौरखी पात्र पनि हो । माइला साहुको चक्रव्यूहका कारण आफ्नो घर लथालिङ्ग र भताभुङ्ग भएपछि अन्त्यमा रोशीमा हाम फालेर देह त्याग गर्ने पात्रका रूपमा रहेको छ । यसका आधारमा हेर्दा भने यो समस्याको सामना गर्न नसक्ने पात्रका रूपमा देखा पर्दछ । यो यसको कमजोरी हो ।

### ख) लक्ष्मी

यस उपन्यासकी नायिका लक्ष्मी हो । टिस्टुङ निवासी सन्तेकी छोरी र भक्तेकी जीवनसङ्गिनीका रूपमा यस उपन्यासमा रहेकी छ । कर्मशील, मेहनती लक्ष्मी आफ्नो श्रीमान् भक्तेलाई स्वदेशमै कर्म गर्न र विदेश नजान अनुरोध गर्छे । माइला साहुको आफूप्रतिको षडयन्त्रलाई बुझी उसलाई हप्काएर पठाउन सक्ने साहसी नारी पात्र हो । चरित्रवान् नारी पात्रका रूपमा रहेकी लक्ष्मी ठूलेले भक्तेको खबर सुनाएपछि पीडालाई सहन नसकी रोशीमा हाम फालेर आत्मदाह गर्ने पतिव्रता नारी पात्रका रूपमा उपन्यासमा देखापरेकी छे ।

## ४.३.१.२.२ सहायक पात्रहरू

### क) बुद्धिमान

कथानकलाई अगाडि बढाउनेक्रममा थुप्रै सहायक पात्रहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । जसमध्ये बुद्धिमान पनि एक हो । गाउँको समाजसेवी व्यक्तिका रूपमा रहेको सत्चरित्र हो । बलबहादुरको जीवनस्तर उकास्न भैंसी किन्ने सल्लाह दिनुका साथै बलबहादुरका सुखदुःखमा साथ दिने असल चरित्र हो । भक्तेको विवाह गराइदिने र भक्ते नहुँदा घरको रेखदेख गरी दिनुका साथै लक्ष्मीको देहान्तपश्चात् जानुकीलाई आफ्नै घरमा लगेर पाल्ने असल छिमेकीका रूपमा उपन्यासमा देखा परेको छ ।

### ख) माइला साहु

सामन्ती प्रथाको प्रतिनिधित्व गर्ने पात्रका रूपमा माइला साहु रहेको छ । सोझा गाउँलेहरूलाई जाली तमसुक बनाई घरबास नै उठाउने पात्रका रूपमा माइला साहु रहेको छ । आफ्ना कूकृत्यका कारण यो पात्र उपन्यासमा खलपात्रको रूपमा देखा परेको छ ।

त्यस्तै भक्तेका बाबुआमा बलबहादुर र जानुकी पनि यस उपन्यासमा रहेका छन् । माइला साहुको षडयन्त्रमा पर्ने, निरक्षर, सोझो गाउँले पात्र बलबहादुर हो । जीवनमा अनेकौं दुःख कष्ट सहेर बस्ने र तिलहरी लगाउने धोको पनि पूरा हुन नपाएकी चरित्र हो जानुकी । असल श्रीमती, ममतामयी आमा र सासुको रूपमा

रहेकी जानुकी सत्पात्र हो । ठूले माइला साहुको चम्चे हो । जसले भक्तेको जीवन सखाप पारिदिएको छ ।

### ४.३.१.२.३ गौण र अन्य पात्रहरू

उपन्यासको घटनाक्रममा सामान्य भएपनि भूमिका निर्वाह गर्ने उल्लेख्य गौणपात्रहरूमध्ये दमाई, गाउँलेहरू, डाक्टर, झाँक्री, प्रहरी, पञ्चभलाद्मी आदि रहेका छन् । यी सबै सत् पात्रका रूपमा रहेका छन् । समग्रमा सबै पात्रको सही प्रयोगले उपन्यासको उचाइ बढाउन सहयोग पुऱ्याइएको छ ।

### ४.३.१.३ संवाद वा कथोपकथन

प्रस्तुत **अधुरो सपना** उपन्यासमा संवादको प्रयोग औधी कम र नगन्य मात्रामा भएको छ । वर्णनात्मक शैलीमा बाह्य तथा तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । समाजमा धनीवर्गले विपन्न वर्गमाथि गर्ने गरेको घटनाको यथार्थ रूप यसमा पस्किएकोले मौलिक, सामाजिक, यथार्थवादी उपन्यास बन्न पुगेको छ । यसमा कलात्मक र प्रभावात्मक संवादको प्रयोग गरिएको छ ।

### ४.३.१.४ देशकाल वातावरण वा परिवेश

**अधुरो सपना** उपन्यासमा काठमाडौं र मकवानपुर क्षेत्रको अशिक्षित ग्रामीण परिवेश र त्यस समाजमा विद्यमान धनी र गरिब बीचको यथार्थ चित्र उपस्थित गराइएको छ । सम्पन्नवर्गले विपन्नवर्गमाथि गर्ने थिचोमिचो र शोषणको ज्वलन्त उदाहरण पस्कनु यसको देशकाल वातावरण हो । तिलहरी लगाउने सपना र साहुको ऋणबाट मुक्त भई स्वतन्त्र पंक्षीजस्तै बनी आफ्नै गुँडमा रमाउने चाहना यस उपन्यासमा अभिव्यक्त भएको छ । लक्ष्मी र भक्तेजस्ता साहसिला पात्रको माध्यमबाट आजका युवावर्ग सामन्तीका सामु कसरी जीवनबाट पछारिन पुगेका छन् भन्ने पनि यसमा देखाइएको छ ।

बलबहादुर र जानुकी जस्ता सोझा अशिक्षित ग्रामीण मानिस, बुद्धिमानजस्ता समाजसेवीका साथै माइला साहुजस्ता धूर्त शोषकले नेपाली ग्रामीण समाज माथि उकासिन नसकेको यथार्थतालाई चित्रण गरिएको छ ।

### ४.३.१.५ भाषाशैली

व्यक्तिको आफ्नो भाव या विचार व्यक्त गर्ने माध्यम नै भाषा हो । भाषाका माध्यमबाट विभिन्न भाव या विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो । शैली नै व्यक्तिको स्वरूप हो । त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्व नै त्यसको शैली हो । यस उपन्यासमा निम्नवर्गका ग्रामीण परिवेशका मानिसहरूले प्रयोग गर्ने भाषाको प्रयोग गरिएको पाइन्छ । विपन्नवर्गका मानिसको जीवनको सामाजिक यथार्थ अवस्था र स्थितिलाई वर्णन गरी परिस्थितिको खेपाइको सङ्घर्ष अवस्था देखाइएको छ ।

गाउँघरतिर प्रयोग हुने उखान टुक्काको बाहुल्यताले घटनाक्रम र भाषा शैलीलाई रोचक र घोचक बनाएको छ । जस्तै :-

"ऋण लागे नडराउनु दिन लागे डराउनु" (पृ. १)

"आफू ताक्छु मुढो बन्चरो ताक्छ घुँडो" (पृ. ३)

"काग कराउँदै गर्छ पिना सुक्दै गर्छ" (पृ. ३)

"ओरालो लागेको मृगलाई बाच्छोले पनि लखेट्छ" (पृ. ४६)

"बैगुनीलाई गुनले मार्नुपर्छ ।" (पृ. ४६)

यसरी सरल, सुबोध र स्वाभाविक भाषालाई वर्णनात्मक शैलीमा प्रस्तुत गरी कथानकलाई टुङ्ग्याउँदा यसको भाषाशैली उत्कृष्ट बन्न पुगेको छ ।

### ४.३.१.६ उद्देश्य

यस उपन्यासको प्रमुख उद्देश्य समाजमा विद्यमान वर्गीय अवस्था र त्यसबाट उत्पन्न हुने समस्यालाई देखाउनु रहेको छ । शोषकवर्गले गरिब निमुखा व्यक्तिका सुन्दर सपनाहरूलाई कसरी अन्धकारतिर धकेलिदिएका छन् र उनीहरूलाई आत्महत्या गर्न विवश बनाएका छन् भन्ने देखाउनु पनि हो । पैसाका निम्ति मानिस स्वार्थी बन्दै गएकाले विश्वबन्धुत्व र भाइचाराको सम्बन्ध पनि नभएको देखाइएको छ । समाजमा माइला साहुजस्ता व्यक्ति जेलमा सड्नु र बुद्धिमानजस्ता व्यक्तिको जन्म हुने हो भने भक्ते, लक्ष्मी, बलबहादुर र जानुकीजस्ताका सपना पूर्ण हुन्थे । आफ्ना गुँडमा रमाएर बस्न सक्थे, देशको युवाशक्ति विदेश पलायन हुनुपर्ने आवश्यकता पनि रहने थिएन । स्वस्थ समाजका लागि शिक्षा अपरिहार्य रहेको देखाउनु पनि यसको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

### ४.३.१.७ दृष्टिबिन्दु वा कथनपद्धति

यस उपन्यासको बीच-बीचमा पात्रीय संवाद कथनले चरित्र र घटनाक्रमलाई जीवन्त बनाएको छ । यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । सबै घटनाक्रमलाई लेखकले घटनाको प्रकृतिअनुसार पात्रको चयन गरी त्यसको वर्णन गरेका छन् ।

### ४.३.२ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** खण्डकाव्यको कथावस्तुसँगै मिल्न जाने यस उपन्यासको कथावस्तु सामाजिक यथार्थतामा आधारित रहेको छ । पात्रहरूको उचित संयोजन, कथावस्तुको आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा लेखिएको यस उपन्यासले समाजमा विद्यमान आर्थिक असमानता तत्जन्य अवस्था आदिको यथार्थतालाई टड्कारो रूपमा प्रस्तुत गर्न सफल रहेको छ । उपन्यासका तत्त्वहरूले सुगठित यस कृति सामाजिक परिवेशमा लेखिएको उत्कृष्ठ कृति बन्न पुगेको छ ।

## ४.४ कवि श्यामबहादुर 'भावुक'को काव्यकृतिहरूको अध्ययन तथा विश्लेषण

कवि श्यामबहादुर 'भावुक'को काव्यकृतिहरूको अध्ययन तथा विश्लेषण शीर्षकमा खण्डकाव्यको सैद्धान्तिक परिचय, खण्डकाव्यको परिभाषा, खण्डकाव्यका तत्त्वहरूको सङ्क्षिप्त चिनारी प्रस्तुत गरिएको छ । साथै खण्डकाव्यका तत्त्वहरूका आलोकमा यिनका काव्यकृतिहरूको विश्लेषण गरिएको छ ।

### ४.४.१ खण्डकाव्यको सैद्धान्तिक परिचय

विश्वकै सर्वप्राचीन साहित्य मानिने वैदिक, संस्कृत साहित्यमा 'काव्य' शब्दको व्यापक प्रयोग भएको पाइन्छ । 'काव्य' शब्दले केवल कवितालाई मात्रै होइन साहित्यका सम्पूर्ण विधालाई बुझाउने गरेको पाइन्छ । पूर्वीय साहित्यमा काव्यका दुई भेद (श्रव्यकाव्य र दृश्यकाव्य) मा विभाजनको विकाससँगै पछि क्रमशः गद्य र पद्यको दुई रूप देखा परेको हो । यो भेदपछि पनि गद्यकाव्य र पद्य काव्यको विकास भएको कुरा कालिदास, भारवि, वाणभट्ट र दण्डीजस्ता प्रतिभाहरूले पद्य र गद्य लेखेर महाकवि बनेको घटनाले बताउँछ । वर्तमानमा समयमा 'साहित्य' शब्दले जुन अर्थ, धर्म अनि मर्म बुझाउँछ ठीक त्यही अर्थ, धर्म अनि मर्म

प्राचीन संस्कृत साहित्यमा 'काव्य' शब्दले बहन गरेको भेटिन्छ । पछि क्रमशः समय परिवर्तनसँगै 'काव्य' शब्दको अर्थ सङ्कोच भई केवल वाक्यले कविता विधाका खण्डकाव्य, महाकाव्य, गीतिकाव्य र कोषकाव्यसँग मात्रै टाँसिएर रहने अवसर पाएको छ । सर्वप्रथम 'खण्डकाव्य' शब्दको नामोल्लेख विश्वनाथको 'साहित्यदर्पण' लक्षण ग्रन्थमा भएको पाइन्छ ।[६२] खण्डकाव्यको स्वरूप र यसको सैद्धान्तिक पक्षलाई संस्कृत साहित्यमा ज्यादै कम विवेचना गरिएको पाइन्छ । खण्डकाव्यमा जीवन र जगत्को कुनै एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा सत्यको विश्लेषण हुन्छ । यसरी खण्डकाव्यमा मानवजीवनको विराट् स्वरूपको एउटा खण्डविशेषको रूपमा मात्र प्रस्तुति हुन्छ । खण्ड रूपमा भए पनि खण्डित भएको हुँदैन, यो आफैमा अखण्डित हुन्छ । अर्को शब्दमा यो आफैँमा पूर्ण हुन्छ ।[६३]

### ४.४.२ खण्डकाव्यको परिभाषा

साहित्यलाई विधागत हिसाबले परिभाषित गर्नेक्रममा खण्डकाव्यलाई पनि विभिन्न विद्वान्हरूले आ-आफ्ना तरिकाले परिभाषित गरेका छन् । कुनै पनि गतिशील वस्तुहरू समय र सीमाका कारणले परिवर्तनशील भैरहने हुँदा कुनै एक क्षेत्र वा सीमाभित्र बाँधेर राख्न सकिदैन तर अध्ययनको सुविधाका लागि विद्वान्हरूले यससम्बन्धी व्यक्त गरेका अवधारणाहरूलाई अघि सार्नु युक्तिसङ्गत हुन जान्छ । खण्डकाव्यको चर्चा गर्नेक्रममा पूर्वीय तथा पाश्चात्य साहित्यमा विभिन्न विद्वान्हरूले आफ्ना मतहरू राखेका छन् । खण्डकाव्यको परिभाषा दिनेक्रममा पूर्वीय साहित्यजगत्का क्षेत्रका विद्वान् विश्वनाथले खण्डकाव्य सम्बन्धी आफ्नो मत यसरी व्यक्त गरेका छन् :- **खण्डकाव्य भवेत् काव्यस्यैकदेशानुसारी च** अर्थात् काव्यको एक देशसँग मिल्दो काव्य वा महाकाव्यको एक अंश अनुसरण गरिएको अर्थात् जीवनको एक पक्षको घटनाको प्रस्तुति भएको काव्य नै खण्डकाव्य हो ।[६४] काव्यकै एक देश भन्नाले यहाँ काव्यले महाकाव्यलाई बुझाएको पाइन्छ । त्यसकारण महाकाव्यकै एक अंशको लक्षणले युक्त भएको पद्यबद्ध प्रबन्धात्मक रचना नै खण्डकाव्य हो भन्ने स्पष्ट देखिन्छ ।[६५]

खण्डकाव्य महाकाव्यभन्दा कम सर्गमा बाँधिएको र एउटा सन्धिको मात्र प्रयोग गरिएको प्रबन्धनात्मक रचना हो । यस्तै पाश्चात्य साहित्यजगत्मा कविता विधाको चर्चा

---

[६२] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य**, क्षितिज प्रकाशन, प्र.सं. २०६४, पृ. २९६ ।
[६३] मोहनहिमांशु थापा, पूर्ववत्, पृष्ठ ५४ ।
[६४] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. २९८ ।
[६५] पूर्ववत्, पृ. २९८ ।

गर्ने सन्दर्भमा पूर्वीय जगत्मा झैँ ठीक मिल्ने गरी खण्डकाव्य सम्बन्धी सैद्धान्तिक चर्चा गरेको पाइँदैन । महाकाव्य, फुटकर कविताको विस्तृत चर्चा गरिएको भेटिए पनि यी दुईका बीचको अवस्थामा देखापर्ने खण्डकाव्यको चर्चा नपाइने हुँदा पाश्चात्य जगत्मा देखापर्ने लामो कविता नै लगभग खण्डकाव्यको नजिक देखापर्छ । त्यसबाहेक पाश्चात्य साहित्यको प्राचीन गाथाहरूको अध्ययन गर्दा पूर्वीय जगत्मा भन्ने गरेको खण्डकाव्य नजिक-नजिक पुग्न सकिने स्थिति भने भेटिएको छ । पाश्चात्य साहित्यका प्राचीन गाथाहरूमा कथन तत्त्वको आधिक्यता र कवित्वको दुर्बलता भेटिए पनि वास्तवमा तिनै गाथाहरू खण्डकाव्यको समकक्षी रहेका देखिन्छन् ।

पाश्चात्य परम्परामा कविताको विकासकाक्रममा लय, संरचना तथा भाव वा विषयवस्तुमा आधारित साना-ठूला कविता आकृतिका अनेक पारिभाषिक संज्ञा भेटिए पनि तात्विक रूपमा लघु वा छोटा कविता र दीर्घ वा लामा कविताका साथै दीर्घतर वा दीर्घतम् समाख्यानात्मक कविता कलात्मक महाकाव्य (इपिक अफ आर्ट) र विकासशील महाकाव्य (इपिक अफ ग्रोथ) समेत गरी कविताका चार श्रेणी रहेका ठान्न सकिन्छ भनी बासुदेव त्रिपाठीले उल्लेख गरेका छन् । [६६]

पूर्वीय र पाश्चात्य साहित्यमा जस्तै नेपाली साहित्यमा पनि विभिन्न विद्वान्हरूले खण्डकाव्यसम्बन्धी आफ्ना मतहरू अघि सारेको पाइन्छ । बालचन्द्र शर्माका अनुसार कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो ।[६७] त्यस्तै गोविन्दप्रसाद भट्टराईका अनुसार खण्डकाव्य काव्यको एउटा टुक्रा जस्तो कथानकलाई लिएर लेखिएको सर्ग आदि नभएको छोटकरी वर्णनात्मक काव्यलाई खण्डकाव्य भनिन्छ ।[६८]

मोहनहिमांशु थापाले खण्डकाव्यमा जीवन र जगत्को कुनै एक पक्षको चित्रण र विश्लेषण गरिएको हुन्छ भनी खण्डकाव्यलाई चिनाएका छन् ।[६९]

कविता विधाको लघुरूप मानिने फुटकर कविता र बृहत्रूप मानिने महाकाव्यको बीचमा रहने मध्यवर्ती कवितारूपका निम्ति विभिन्न पारिभाषिक संज्ञा उपलब्ध भए तापनि यसको सर्वाधिक प्रचलित संज्ञा हो - खण्डकाव्य ।[७०]

---

[६६] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३०१ ।
[६७] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३०१ ।
[६८] पूर्ववत्, पृ. ३०१ ।
[६९] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. ६४ ।
[७०] बासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी (सम्पा.), **नेपाली कविता** भाग ४', पाचौँ संस्करण, (ललितपुरः साझा प्रकाशन-२०६५), पृ. ५२ ।

उपर्युक्त विद्वान्हरूका भनाइहरूको अनुशीलनबाट जीवन-जगत्को विविध पक्षहरूमध्ये कुनै एक पक्षको शृङ्खलाबद्ध कवितात्मक अभिव्यक्ति नै खण्डकाव्य हो भन्न सकिन्छ ।

**४.४.३ खण्डकाव्यका तत्त्वहरू**

कुनै पनि साहित्यिक विधाले पूर्णता पाउन धेरै तत्त्वहरूको आवश्यकता पर्दछ । विभिन्न विद्वान्हरूका विचारहरूलाई केलाएर हेर्दा खण्डकाव्यमा विभिन्न तत्त्वहरूको संयोजन रहेको हुन्छ । यहाँ खण्डकाव्यका लागि आवश्यक तत्त्वहरूको अध्ययन गरिन्छ ।

**४.४.३.१ कथानक**

खण्डकाव्यभित्र विभिन्न पात्रहरूद्वारा गरिने क्रियाकलापलाई नै कथानक भनिन्छ । कथानकभित्र धेरै विषयवस्तुहरू रहेका हुन्छन् । कथानकले खण्डकाव्यभित्र घटनाको क्रमिकतालाई देखाउँछ । खण्डकाव्यका निम्ति कथानक अपरिहार्य तत्त्व हो ।

**४.४.३.२ लय वा छन्द**

काव्यको प्राणतत्त्वको रूपमा लयलाई लिन सकिन्छ । कवितालाई अन्य विधाबाट अलग्याउने विभेदक रेखा लय हो । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको निर्माण हुन्छ । काव्यमा विभिन्न प्रकारका लयको मिश्रण रहेको हुन्छ । भाषिक प्रवाह, गति, यति, आघात, बलाघात आदिको परस्पर क्रमिक मेलबाट लयको उत्पत्ति हुन्छ भने वर्ण, अक्षर, गण, यति, पाउ, श्लोकको मेलबाट छन्दको निर्माण हुन्छ ।

**४.४.३.३ परिवेश**

काव्यमा भएको कथातत्त्वलाई कलात्मक र प्रभावात्मक बनाउनका लागि वातावरणको महत्त्वपूर्ण र प्रमुख भूमिका रहेको हुन्छ । खण्डकाव्यमा घटित हुने वातावरणको आन्तरिक पक्ष पात्रहरूको मानसिक स्थितिमा भर पर्छ भने वातावरणको बाह्य पक्ष काव्यको भौतिक प्रस्तुतिका लागि परिवेशले महत्त्वपूर्ण भूमिका खेल्दछ । परिवेशलाई अर्को शब्दमा देश-काल तथा वातावरण पनि भन्ने गरिन्छ । काव्यको आवश्यकता र स्वभाविकतालाई उजागर गर्न परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ४.४.३.४ पात्रविधान

खण्डकाव्यको कथावस्तुलाई गतिशीलता प्रदान गर्न पात्र वा चरित्रको आवश्यकता पर्दछ । पात्रले आफ्ना क्रियाकलापद्वारा कथावस्तुलाई अग्रगति प्रदान गर्दछन् । काव्यको नायक भने त्यागी, पुरुषार्थ, यौवन, उत्साह आदिले भरिएको धीरोदत्त हुनुपर्दछ । पात्रले नै कथानकलाई गति प्रदान गर्ने हुँदा यो अपरिहार्य तत्त्वका रूपमा रहेको छ ।

### ४.४.३.५ उद्देश्य

खण्डकाव्यमा प्रस्तुत गर्न खोजिएको केन्द्रीय कथ्यलाई नै उद्देश्य भनिन्छ । खण्डकाव्यभित्र अन्तर्निहित रहने सारभूत कुरा यसैबाट हेरिने हुँदा यो निकै महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ ।

### ४.४.३.६ भाव

कुनै पनि साहित्यिक रचनामा स्रष्टाले अनेकौँ भावहरू पोखेका हुन्छन् । स्रष्टाभित्र अन्तर्निहित भावलाई साहित्यका माध्यमबाट पाठक समक्ष प्रस्तुत गरिन्छ । मानवीय जीवन-जगत्का यावत् विषयवस्तुलाई मानवीय चेतनाभित्र अनुभूतिको रागात्मक, लयात्मक र कलात्मक निष्कर्षका रूपमा प्रदान गर्नु नै काव्यको भावविधान ठहर्दछ ।

### ४.४.३.७ कथनपद्धति वा दृष्टिबिन्दु

कृतिको समग्र भाव कथनपद्धतिमा आधारित हुन्छ । यसलाई दृष्टिबिन्दु पनि भनिन्छ । कथनपद्धति दुई प्रकारका हुन्छन् । प्रथम पुरुषअन्तर्गत म, हामी र तृतीय पुरुषअन्तर्गत ऊ, त्यो, तिनी, तिनीहरू आदि पर्दछन् ।

### ४.४.३.८ भाषाशैली र संरचना

साहित्यका जुनसुकै विधाका लागि पनि भाषाशैली अत्यावश्यकीय तत्त्व हो । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली त्यस भाषालाई सुन्दर र मिठासयुक्त तुल्याउने मसला वा उपकरण हो । सामान्यतया साहित्यको भाषा सरल, सहज र बोधगम्य हुनुपर्दछ । साहित्यको भाषाशैली सर्जकमा भर पर्दछ । कुनै सर्जकको भाषाशैली अत्यधिक राम्रो हुन्छ भने कसैको नहुन पनि सक्छ । भाषाशैलीकै आधारमा आञ्चलिकतालाई छुट्याइन्छ । शैलीकै कारणबाट सर्जकको साहित्यिक मूल्याङ्कन हुने भएकाले खण्डकाव्यका लागि अपरिहार्य तत्त्व मानिएको छ ।

कुनै पनि काव्य निश्चित आयाममा बाँधिएको हुन्छ । खण्डकाव्यलाई आवश्यकतानुसार विभिन्न शीर्षक वा सर्गमा बाँडिन्छ । यसैलाई खण्डकाव्यको संरचना भनिन्छ । काव्यबाट पूरा रसानुभूति प्राप्त गर्न संरचनाले सजिलो बनाउँछ । त्यसैले संरचनालाई खण्डकाव्यको आवश्यक तत्त्वको रूपमा मान्न सकिन्छ ।

### ४.४.३.९ प्रतीक, बिम्ब, अलङ्कार र रस

काव्यलाई रोचक र स्पष्ट तुल्याउनको लागि प्रतीक, रस तथा अलङ्कारको आवश्यकता पर्दछ । अलङ्कारले काव्यको भाव, गम्भीर बनाउनुका साथै काव्यको शोभा बढाउँछ । खण्डकाव्यभित्र कतिपय पात्रहरूलाई प्रतीकका रूपमा खडा गरेर भाव बुझाउने गरिन्छ । यसरी प्रतीक, बिम्ब, रस, अलङ्कार आदि खण्डकाव्यका लागि अपरिहार्य तत्त्व मानिन्छ ।

बिम्ब भनेको छायाँ, दर्पण, प्रतिबिम्ब र प्रतिच्छवि हो । सर्जकका मानसपटलमा रहेको मानसीक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[७१] बिम्बवादी कवि, आलोचक एवम् प्रतिष्ठापक एज्रा पाउण्डका अनुसार "छोटो समयमा कुनै बौद्धिकता र भावात्मकताको सम्मिश्रण बिम्ब हो । अथवा बिम्ब सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो ।"

बिम्ब र प्रतीक प्रायः उस्तै-उस्तै लागे पनि यी दुई भिन्न तत्त्व हुन् अर्थात् बिम्ब र प्रतीक केही हदसम्म समान हुन् तापनि धेरै हदसम्म असमान पनि छन् । बिम्बको सबैभन्दा नजिकको शब्द नै प्रतीक हो । गौणता र प्रधानताका दृष्टिले हेर्ने हो भने बिम्ब मूलरूप भएको हुँदा प्रधान हो र प्रतीक विकसित रूप भएको हुँदा गौण हो । अझ अर्को स्पष्टता के छ भने अर्थ प्रतिध्वनित गरेपछि प्रतीकको कार्य त्यही पूरा हुन्छ र त्यसको प्रभाव पनि क्षणिक हुन्छ तर बिम्बमा अर्थ प्रतिध्वनित भइसकेपछि पनि धेरै समयसम्म त्यसको प्रभाव रहिरहन्छ ।

सुरुमा अलङ्कार सामान्य आभूषण वा काव्य सौन्दर्यको सामान्य साधन थियो भने पछि भामह, दण्डी, उद्भट, रुद्रट आदि अलङ्कारवादी आचार्यहरूले यसको अर्थ विकास गरेका हुन् ।[७२] रसध्वनिवादी आचार्यहरूले अलङ्कारको अर्थसङ्कोच गरेर यसलाई काव्यको अतिरिक्त सौन्दर्यका रूपमा चिनाएका छन् ।

---

[७१] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** ललितपुरः साझा प्रकाशन, (२०६०) पृ. १ ।
[७२] विष्णुप्रसाद पौडेल, पूर्ववत्, पृ. ७० ।

सामान्यतया रस भन्नाले कुनै पदार्थमा रहने तरल गुण भन्ने बुझिन्छ । काव्यमा यसको प्रयोग आनन्दात्मक अनुभूतिका रूपमा गरिएको हुन्छ । वैदिक ब्राह्मणग्रन्थहरूमा रसलाई आत्मतत्त्वका रूपमा प्रस्तुत गर्ने काम पनि भएको छ । केही आचार्यहरूले रसलाई ब्रह्मानन्द सहोदरका रूपमा चिनाउने कामसमेत गरेका छन् ।[७३]

## ४.५ 'सुन्तली-हर्के' खण्डकाव्यको सङ्क्षिप्त विश्लेषण

**सुन्तली-हर्के** खण्डकाव्यलाई खण्डकाव्यका तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

### ४.५.१ पृष्ठभूमि

नेपाली साहित्य जगत्का उदीयमान स्रष्टा श्यामबहादुर खड्का 'भावुक'द्वारा लिखित **सुन्तली-हर्के** (२०५६) खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटाको लोकप्रिय झ्याउरे लयमा लेखिएको सामाजिक जनचेतनामूलक पहिलो काव्य हो । प्रगतिशील विचारधाराका 'भावुक' नेपाली साहित्यमा उपन्यासबाट प्रवेश गरे तापनि काव्यगत दृष्टिले यो काव्य यिनको प्रथम काव्यको रूपमा रहेको छ । यस काव्यमा देशका युवाशक्ति जुवा-तास, जाँड-रक्सी जस्ता कुलतमा लागेर आफ्नो घर, समाजलाई मात्र बर्बाद नबनाई राष्ट्रलाई समेत हानि-नोक्सानी पुऱ्याइएको कुरा अभिव्यक्त गरिएको छ । सामाजिक रोगका रूपमा रहेको जुवा-तास र जाँड-रक्सीले आज देशका होनहार युवाहरू यसमा फँसिरहेका छन्, घर-समाजमा गन्हाइरहेका छन् । यसमा  स्वस्थ जीवन र सामाजिक विकासको लागि चेतनाको दियो आवश्यक छ भन्ने मूल सन्देश पाइन्छ ।

#### ४.५.१.१ कथानक

**सुन्तली-हर्के** सामाजिक विषयवस्तुलाई समेटेर लेखिएको खण्डकाव्य हो । समाजसेवी हर्केका बाबुको मृत्युको प्रसङ्गबाट खण्डकाव्यको उठान गरिएको छ । "हुने हार दैव नटार" भनेझैँ विधिको विधानलाई टार्न नसकिने परिस्थितिले हर्के टुहुरो भएको छ । एक्ली आमाको लालन-पालनमा बढेर गुनिला विचार व्यक्त गर्न सक्षम भएको कुरा श्लोक चौबीस सम्म रहेको छ । यसै बीच उसमा प्रगतिशील विचार उत्पन्न भई सुन्तलीसँग कानुनी बिहे गरेको छ ।

[७३] विष्णुप्रसाद पौडेल, पूर्ववत्, पृ. ११०-१११ ।

काव्यिक गति बढ्दै जाने क्रममा हर्के दौँतरीको सङ्गतले लागू पदार्थको कुलतमा फस्न पुगेको छ । श्लोक पच्चीसदेखि श्लोक पचासीसम्म कथाको चरम विकास हुन्छ । आमाको सन्दुस फोर्ने, श्रीमतीको गहना चोर्ने, पिट्ने, छोराको विद्यालयको शुल्क नतिर्नुका साथै हर्लक्क बढेकी बहिनीको विवाह गर्नपट्टि नलागी जुवातासमा व्यस्त रहन्छ । जसको फलस्वरूप उसको घर पूर्णरूपमा अस्तव्यस्त हुन पुग्छ । सुन्तलीले घर छाड्न विवश बन्छे भने ऊ स्वयम् झ्यालखानामा पर्छ । विचरा ! बुढीआमा रातदिन रोएर बाँच्नुर्पे स्थिति सिर्जना हुन पुगेको छ । सुन्तली निराशावादी भावना र हीनताबोधका कारण मुसाको विष सेवन गरी देह त्याग्ने स्थितिमा पुग्छे ।

श्लोक छयासीदेखि श्लोक एकसय छत्तीससम्म सुन्तलीलाई समाजसेवी नेतृ (जसको नाम खुलाइएको छैन) दिदीले भेट्छिन् र उसको घाउमा मलमपट्टी लगाई जीवनमा आशावादी भावको सञ्चार भरिदिने काम गर्छिन् । उसलाई एक आँटिली, साहसी र समाजचेतनाको दियो बनाएर घर फर्काउन सफल बन्छिन् ।

श्लोक एकसय सैँतीसदेखि एकसय पचाससम्ममा हर्के झ्यालखानामा परेपछि आफूले गरेको गल्तीको फल भोग्दछ । उसभित्र आफूले गरेको क्रियाकलापले जलन हुन पुग्छ र आफूलाई उक्साउनेप्रति आक्रोस पोख्दछ । आफ्नो जीवन र घरको उठीबास लगाउने यही जुवातास रहेछ भन्ने कुरा उसका हृदयमा लागेपछि यसका विरुद्ध क्रान्तिको विगुल फुक्न तम्तयार हुन्छ ।

श्लोक एकसय एकाउन्नमा झ्यालखानाभित्र हर्केले सुन्तलीलाई सपना देख्दछ भने यता गाउँमा सुन्तलीले पनि सपनामा हर्केलाई देख्दछे र भित्रभित्रै खुशी हुन्छे ।

श्लोक एकसय बाउन्नमा सुन्तलीले सपनामा देखेको कुरा सासू र समासेवी दिदीलाई अभिव्यक्त गर्दछे । समाजसेवी दिदीले “सङ्घर्ष गर नखाई हरेस” भनेर सम्झाउँछिन् । श्लोक १५३ र १५४ मा हर्केले पश्चातापको अग्निमा परी सुन्तलीलाई बाचा कसमसहित चिठी लेख्दछ । आफूले प्राप्त गरेको चिठी समाजसेवी दिदीलाई देखाइ हर्केलाई भेट्न झ्यालखाना जान तयार देखिन्छे ।

अन्तिम श्लोकमा सुन्तलीले हर्केलाई सही मार्ग देखाउने उद्देश्यले हर्केका काला कर्तुतलाई माफ गरी झ्यालखानामा भेट्न जान्छे ।

यसरी कुलतमा फँसेका मानिसलाई अपमान र घृणा होइन, माया र सद्भावले सही मार्गमा ल्याउन सकिन्छ । देशको युवाशक्तिलाई बहुलाउने बनाउने यस्तो जाँडरक्सी,

जुवातासलाई समाजबाट मात्र हैन राष्ट्रबाट नै बहिष्कार गर्नु पर्दछ । तबमात्र स्वस्थ समाजको निर्माण हुन सक्छ भन्ने कुरा यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ ।

### ४.५.१.२ लय वा छन्द

प्रस्तुत खण्डकाव्यमा एक पङ्क्तिमा सोह्र अक्षर हुने देवकोटाको लोकप्रिय झ्याउरे छन्दमा उनको काव्यिक चमत्कार देखिए तापनि कतै-कतै सर्जक चुकेको पनि देख्न सकिन्छ । काव्यको सौन्दर्य पक्ष सबल देखिनुका साथै काव्यमा अन्त्यानुप्रासको प्रयोग सफलताका साथ गरिएको पाइन्छ । छन्द प्रयोग भएका केही श्लोकहरू यसप्रकार रहेका छन् :-

अनि त हर्के खेलमा सधैं लम्पट बन्दथ्यो
गलत यस्ता मित्रका बोली सक्कली ठान्दथ्यो ।
नहुँदा धन एक दिन खेल्न जसले पत्नीको
थिचेर गला गहना पात लुटेर ल्याएथ्यो ॥ (श्लोक १४३, पृ. ५३)

यहाँ कविले कुलतमा फँसेपछि मानिस कतिसम्म नराधाम बन्दो रहेछ भन्ने कुरा व्यक्त गरेका छन् ।

### ४.५.१.३ परिवेश

यस काव्यभित्र किटानी नाउँ नतोकेपनि हाम्रै ग्रामीण समाजको स्वरूपलाई देखाइएको छ । श्रममा विश्वास गर्ने श्रमजिवी किसानको पारिवारिक माहोल यसमा रहेको छ । मानिसको मति परिवर्तन हुन समय नलाग्ने र मति बिग्रेकै कारण झ्यालखानामा सड्नुपर्ने स्थितिलाई देखाइएको छ । समाजमा सज्जन र दुर्जन दुबै किसिमका मानिस रहेको र जस्तो सङ्गत गरे त्यस्तै भइने कुरा यसमा व्यक्त गरिएको छ ।

### ४.५.१.४ पात्रविधान

यस काव्यको प्रमुख पुरूष पात्र हर्के हो । हर्केकै सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । ग्रामीण परिवेशमा हुर्किएको हर्के प्रगतिशील विचारधाराको भएपनि ऊ परिवर्तनशील पात्रका रूपमा देखा परेको छ । सज्जन, भद्र र विवेकी पात्र हर्के कुसङ्गतको लतमा फँसेर जड्याहा बन्न पुगेको छ । अन्त्यमा उसमा चेतना पसेको छ र सत्मार्गमा हिँड्ने बाचा गरेको छ । यसका साथै काव्यमा प्रमुख स्त्री पात्रका रूपमा सुन्तली रहेकी छ । जसले

हर्केकी अर्धाङ्गिनी भएर उसका हरेक क्रियाकलापमा साथ दिएकी छ । अन्त्यमा एक सङ्घर्षशील पात्रका रूपमा रहेकी सुन्तली सत्पात्र हो । यसरी काव्यमा हर्केकी आमा, हर्केकी बहिनी, उसको बुबा, समाजसेवी दिदी, हर्केका साथीहरू गौण पात्रका रूपमा रहेका छन् । समग्रमा सबै पात्रको सही प्रयोगले काव्यिक उचाइ बढाउन सहयोग पुऱ्याएको छ ।

### ४.५.१.५ उद्देश्य

देशको होनहार युवाशक्ति जाँड-रक्सी र जुवा-तासको हिलोमा लटपटिएको र त्यसलाई पखालेर सुकिलो घाममा सुकाउनु यसको उद्देश्य रहेको छ । उचित रोजगारको व्यवस्था नहुँदा देशले यस्तो विकराल अवस्था भोग्नु परेको र त्यसबाट बेलैमा सचेत हुनुपर्ने सुधारमूलक सन्देश दिई स्वस्थ समाजको नवनिर्माणमा एउटा कोशेढुङ्गा स्थापित गर्न खोज्नु यसको मूलभूत उद्देश्य रहेको छ । सुन्तली र समाजसेवी नेतृ दिदीका माध्यमबाट चेतनाको दियो देशका सम्पूर्ण हर्केका मस्तिष्कमा सल्काउनु पर्ने सन्देश यसमा पाइन्छ । देशलाई नै बिगार्ने जुवातास जस्ता कुरालाई तुरुन्तै बन्द गरिनुपर्छ भन्ने मूलभाव यसमा रहेको छ ।

### ४.५.१.६ भाव

प्रस्तुत काव्यमा समाज सुधारको भाव पाइन्छ । रसका दृष्टिले करुण रस प्रमुख रहेको पाइन्छ । करुण रसका साथै शान्त रसको पनि संयोजन गरिएको छ । करुण रसको स्थायी भाव शोक हो । करुण रस प्रयोगको उदाहरण यसप्रकार रहेको छ :-

टिपेर लग्यो कालले कठै हर्केका बाबुलाई
टुहुरो छोरो छाडेर गए हर्केकी आमालाई ।
ढिकी र जाँतो गरेर कठै हुर्काइन बढाइन्
अनेक थरी गरेर दुःख हर्केलाई पढाइन् ॥ (श्लोक ३, पृ. १८)

### ४.५.१.७ कथनपद्धति

अम्मलको रछ्यानमा लट्पटिदै त्यसै पोखरीभित्र जाकिएका युवावर्गलाई सचेतना प्रदान गर्ने उद्देश्यले लेखिएको यस काव्यमा तृतीय पुरुषात्मक कथन पद्धतिको प्रयोग गरिएको छ ।

### ४.५.१.८ भाषाशैली र संरचना

**सुन्तली-हर्के** खण्डकाव्यको भाषा सरल, सहज र बोधगम्य रहेको छ । भ्याउरे छन्द भङ्गका स्थितिहरू पनि प्रशस्तै छन् त कतै छन्द मिलाउन शब्द भाँचिएको र वर्णविन्यासक्रम खजमजिएको अनुभव हुन्छ । आलङ्कारिताको निर्वाह काव्यमा रहर मात्रै बन्न पुगेको छ । प्रस्तुत काव्यको भाषाशैली सरल, सहज रहेपनि यदाकदा व्याकरणिक त्रुटि रहेको पाइन्छ । यस काव्यको कथानक वर्णनात्मक र विवरणात्मक ढाँचामा झिनो रूपमा अगाडि बढ्दै गएर पाठकमा चेतनामूलक प्रभाव पार्न सफल बनेको छ ।

संरचना भन्नाले कुनै पनि वस्तुको आकार, प्रकार वा आयाम भन्ने बुझिन्छ । **सुन्तली-हर्के** (२०५६) आयामका दृष्टिले लघु आकारको काव्य हो । जम्मा पृष्ठ सङ्ख्या छपन्न रहेको प्रस्तुत काव्यको कवितात्मक भाग उनन्चालीस पृष्ठ रहेको छ । जसमा एकसय पचपन्न श्लोकहरू रहेका छन् । यसको मुख्य आवरणमा दुर्व्यसनलाई झल्काउने मुखाकृति र जुवा-तास, रक्सीजस्ता वस्तुहरूलाई देखाइएको छ । यही संरचनामा **सुन्तली-हर्के** खण्डकाव्यको बाह्य संरचनालाई ठम्याउन सकिन्छ ।

### ४.५.१.९ प्रतीक, बिम्ब, अलङ्कार, रस

ग्रामीण जनजिब्राका **सुन्तली-हर्के** नाम लिई दुर्व्यसनका विरुद्ध जनचेतना जगाउने उद्देश्यले लेखिएको समाज सुधारक प्रस्तुत काव्यमा करुण रसको बाहुल्यता रहेको छ । यस काव्यमा सचेत रूपमा कुनै बिम्ब, प्रतीकहरूको प्रयोग नगरेपनि कविले काव्यमा शब्दालङ्कारको उचित प्रयोग गरेका छन् । यस काव्यमा प्रयोग भएका उपमा र रूपक अलङ्कारका उदाहरणलाई यसरी देखाउन सकिन्छ :-

बोली र वचन हर्केको थियो मह झैं रसिलो
रूपको पनि सुन्दर थियो जुन झैं उज्यालो ।
सुन्तली पनि ऊ जस्तै थिई हँसिली उज्याली
सीपकी धनी रूपकी ज्योति धपक्क बलेकी ॥

कविले यहाँ हर्के र सुन्तलीको वर्णन गर्नेक्रममा उपमा अलङ्कारको प्रयोग गरेका छन् । यसरी कविले कतै करुणरस त कतै शब्दालङ्कारको चमत्कार देखाएका छन् । सरल, सहज भाषाशैलीका माध्यमबाट भन्न खोजेको कुरा प्रस्तुत गर्न कवि सफल बनेका छन् ।

### ४.५.२ निष्कर्ष

कवितात्मक पृष्ठ उनन्चालीस र एकसय पचपन्न श्लोक रहेको **सुन्तली-हर्के** लघुकाव्य हो । यस काव्यमा मुख्य रूपमा लागूपदार्थको दलदलमा फँसेका युवाहरूलाई चेतना जगाउने प्रयत्न गरिएको छ । देशको शक्ति नै युवा भएकाले युवावर्गलाई सीपमूलक कार्यतिर लगाई राष्ट्र समुन्नत हुने उद्योगधन्दा खोल्नका लागि आह्वान र भट्टी पसलहरू बन्द गर्नका निम्ति पनि आग्रह गरेको छ । समाज सुधारको सन्देशलाई अत्यन्त सरल भाषामा व्यक्त गरिएको प्रस्तुत काव्यको आफ्नै महत्त्व रहेको छ ।

## ४.६ अठोट खण्डकाव्यको सङ्क्षिप्त विश्लेषण

यस शीर्षक अन्तर्गत **अठोट** खण्डकाव्यलाई खण्डकाव्यका तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

### ४.६.१ पृष्ठभूमि

**अठोट** खण्डकाव्य श्यामबहादुर 'भावुक'द्वारा लिखित दोस्रो काव्य कृति हो । काव्यात्मक दृष्टिकोणले दोस्रो कृतिका रूपमा रहेको यस खण्डकाव्यमा नेपाली समाजमा लागूपदार्थले पारेको असरलाई उदाङ्गो पार्नुका साथै युवावर्गलाई चेतना प्रदानगर्ने काम गरिएको छ । यस खण्डकाव्यमा हाम्रै ग्रामीण परिवेशका जुठे र सानीजस्ता पात्रका माध्यमबाट जाँडरक्सीले समाजमा पारेको नकारात्मक असरलाई समेटिएको छ । सुरा र सुन्दरीमा युवावर्ग व्यस्त रहने हो भने व्यक्ति, घर, परिवार र राष्ट्रनै लथालिङ्ग हुन सक्छ । तसर्थ सरकारको ध्यान यतातिर पनि जाओस् भन्दै खण्डकाव्यकार 'भावुक'ले देशका जिम्मेवारवर्गलाई सचेत बन्न आग्रह गरेका छन् भने अर्कोतिर जाँडरक्सी नखाने अठोट जुठेलाई गराएका छन् । जुन युवावर्गको प्रतिनिधि पात्र हो । यसैको सेरोफेरोमा यसको विषयवस्तु रहेको छ ।

#### ४.६.१.१ कथानक

प्रस्तुत **अठोट** (२०५८) खण्डकाव्यको आख्यान कुनै पौराणिक, धार्मिक तथा सांस्कृतिक जीवनबाट नटिपिइ हाम्रै समाजको सामाजिक घटना हो । कविको परिकल्पनाले परिपूर्ण भएको यो खण्डकाव्यमा समाजमा घट्ने घटनालाई यथार्थरूपले पस्कने कार्य गर्नुका साथै आदर्शोन्मुख पात्रको समेत चयन गरेका छन् । वर्तमानकालीन समाजका व्यक्तिलाई

आदर्शतिर उन्मुख गराइ कथाकार गुरुप्रसाद मैनालीका कथाका पात्रहरूको झल्को दिन पुगेका छन् ।

गाउँघरलाई नै कार्यपीठिका बनाएर लेखिएको यस खण्डकाव्यमा निम्न सामाजिकस्तरका पात्रहरू रहेका छन् । आदि, मध्य र अन्त्यको ढाँचामा संरचित यस खण्डकाव्यमा कथाको घटनाक्रम शृङ्खलाबद्ध रूपमा अगाडि बढेको छ । यस खण्डकाव्यको नायक जुठे हो । ऊ गाउँको एक परिश्रमी र इमान्दार समाजसेवीको छोरो हो । उसको बाबु पूर्णे परिश्रमी र इमान्दारी मात्र नभई वडाको अध्यक्ष पनि छ । पूर्णे आफ्नी श्रीमतीसँग सल्लाह गरेर छोरो जुठे र छोरी मसिनीलाई पढ्न पठाउँछ । छोरी घरको कामले पढ्न नपाइ सात कक्षामा अनुत्तीर्ण हुन्छे र पढाइ रोकिन्छ तर छोरो जुठेले एस.एल.सी. उत्तीर्ण गर्छ । ऊ पढ्नका लागि सहर जान्छ । सहरिया वातावरणको प्रभाव र गुण्डा केटाहरूको सङ्गतले जाँडरक्सी खान सिक्छ । एक दिन जाँडरक्सी खाएको बेलामा ऊमाथि उसैका साथीहरू जाइलाग्छन् । भएको रूपैयाँ पनि लुटेर लगिदिन्छन् र उसलाई बाटोमा नै छाडिदिन्छन् । त्यसै बखत प्रहरीले भेटाएर जुठेलाई लगेर थुनिदिन्छ । गाउँमा भएका बाबुले उक्त घटना थाहा पाइ धरौटीमा छुटाएर जान्छन् तर त्यसको बीसै दिनमा पुनः सहरमा जुठे बिरामी भएको खबर गाउँमा पुग्छ, त्यतिबेला जाँडखाँदा उसको साथीले उसलाई बोतलले हिर्काएर घाइते बनाई अस्पताल लगिएको हुन्छ ।

जुठेको अवस्था देखेर पूर्णेले गाउँमा लिएर जान्छ । गाउँमा पनि नपढेका, जँड्याहा साथीको सङ्गतले उसको लत छुट्दैन । बाबुको नाममा मागेर, ठगेर जे गरेर भएपनि रक्सीका लागि पैसा जुटाउँछ । त्यस्तैमा एकदिन जाँड खाएको बेलामा साँझमा मामाघरबाट आउँदै गरेकी सानीलाई हातपात गर्न पुग्छ । गाउँभरि बेइज्जत हुन्छ । अन्तमा सबैको प्रयासमा अड्डामा गएर पूर्णेले जुठे र सानीको कानुनी विवाह गरिदिन्छ ।

विवाह भएपछि जुठेमा सुधारोन्मुख अवस्था देखिए तापनि उसकी श्रीमती सुत्केरी भएर माइत गएपछि पुनः पुरानो बानीले उसमा जरा गाड्न थाल्छ । जसको कारण माइतमा रहेकी सानी आएर सम्झाउँदा पनि उसको 'घैँटोमा घाम लाग्दैन', उल्टै गलाको तिलहरी खोसी भट्टीमा पस्छ । जुठेको भ्रष्टमतिका कारण घरमा सबैजना चिन्तिन हुन पुग्छन् भने उता सानीकी आमाले यस्तो अवस्थामा सानीलाई त्यहाँ रहन उपयुक्त नठानी सानीकी आमा सानीलाई माइत जानका लागि लिन आउँछे तर सानीले पति भनेको ईश्वर हो, परमेश्वर हो, ऊ त्यस्तो भयो भन्दैमा मैले पति र उसको घर छाडेर माइत जानु हुँदैन बरु उसलाई

सुधार्नु पर्दछ भन्ने विचार व्यक्त गर्दछे । अन्तमा सानीको साहस, धैर्यता, सहनशीलता र पतिभक्तिले उसको पति जुठेमा परिवर्तन आउँछ । ऊ सुध्रिने अठोट गर्छ । सुखी र सुन्दर परिवार निर्माणको थालनी हुन्छ र खण्डकाव्य समाप्त हुन्छ ।

### ४.६.१.२ लय वा छन्द

प्रस्तुत खण्डकाव्य मझौला झ्याउरे लयमा लेखिएको छ । जसमा एकसय छ्यानब्बे श्लोक रहेका छन् । झ्याउरे छन्दमा उनको काव्यिक चमत्कार देखिए तापनि कतै-कतै सर्जक चुकेको पनि देख्न सकिन्छ । काव्यको सौन्दर्यपक्ष सबल देखिनुका साथै काव्यमा अन्त्यानुप्रासको प्रयोग सफलताका साथ गरिएको पाइन्छ । यसका केही दृष्टान्तहरू यी रहेका छन् :-

तिलहरी खोसी गैहाल्यो जुठे दिउँसै भट्टीमा
सम्पत्ति सबै सर्वनाश गरी मिलायो मट्टीमा । (श्लोक १५९, पृष्ठ ६०)

जाँड रक्सीका कारण आजको होनहार युवा पिँढी कुन दिशातर्फ अघि बढिरहेको छ भन्ने कुराको जीवन्त तस्बिर माथिको श्लोकले प्रस्तुत गरेको छ ।

ईश्वरको रूप पतिलाई मैले छोडेर गएमा
मिल्दैन मुक्ति ए आमा मलाई म जिउँदो भएमा । (श्लोक १८४, पृष्ठ ६६)

ए आमा बुबा ए दिदी बहिनी सम्पूर्ण दाजुभाइ
बिचल्ली पार्छ जाँड र रक्सी नखानु होला है । (श्लोक १९५, पृष्ठ ६८)

यसरी एकतिर आफ्नै पूर्वीय हिन्दू सभ्यता र संस्कृतिको आदर्शता देखाइएको छ भने अर्कोतिर सामाज सुधारको सन्देश पनि अभिव्यक्त गरिएको छ ।

### ४.६.१.३ परिवेश

प्रस्तुत खण्डकाव्य **अठोट**मा नेपालको पहाडी भू-भागमा पर्ने गाउँले परिवेश र त्यहाँका न्यूनस्तरका मानिसहरूको सामाजिक आर्थिक अवस्थाको चित्रण गर्नुका साथै सहरीया परिवेशको पनि चित्रण पाइन्छ । जाँडरक्सी सेवन गर्दा मानव समुदाय कुन हदसम्म तिरस्कृत र वहिस्कृत हुँदोरहेछ अनि त्यसबाट उत्पन्न परिणाम कतिसम्म भयावह हुँदोरहेछ भन्ने देखाउनुका साथै जाँडरक्सीले देशका युवाशक्तिलाई कसरी गाँजिरहेको छ भन्ने देखाइएको छ । देशको ऊर्जा युवावर्ग जाँडरक्सीमा फस्नुका कारणले आफ्नो मात्र नभई धनको सर्वनाश र परिवारको दुर्दशा समेत भएको छ । जसले वर्तमानकालीन समाजका युवावर्गको यथार्थ चित्र उतारेको छ । जुठे र उसका साथीहरू कुलतमा फँसेर आफ्नो जीवन

र परिवारको आशालाई निराशामा बदलेका छन् । यसबाट आजका युवावर्ग अछुतो रहन नसकेको यथार्थ परिवेश यसमा रहेको छ ।

### ४.६.१.४ पात्र वा चरित्रचित्रण

यस खण्डकाव्यको नायक जुठे हो, उसकै केन्द्रीयतामा कथावस्तु अगाडि बढेको छ । नायिकाको रूपमा सानी रहेकी छे । ग्रामीण परिवेशमा हुर्किएको जुठे पढेलेखेको पात्रको रूपमा रहेको छ । यो स्थिर पात्र नभइ परिवर्तनशील पात्र हो । सहायक पात्रहरूमा पूर्णे रहेको छ भने गौण पात्रहरूमा जुठेकी आमा, मसिनी, जुठेका गाउँका तथा सहरका साथी लगायत सानीकी आमा रहेका छन् । आदर्शवान् व्यक्ति पूर्णे असल अभिभावकका रूपमा रहेको छ । हिन्दू समाजकी आदर्शवान्, कर्तव्यपरायण नारीका रूपमा रहेकी सानीले अन्त्यमा आफ्नो लोग्नेलाई सही मार्गमा ल्याउन सफल भएकी छ । 'सङ्गत गुनाको फल' भनेजस्तै गलत साथीहरूको सङ्गतले ऊ पनि त्यस्तै बन्छ तापनि अन्त्यमा सानीको प्रयासले कर्मशील बन्ने अठोट गर्छ । जुठेलाई सुधार्नका लागि सानेकी आमा, जुठेका घरपरिवार सबैले सानीलाई सहयोग गर्छन् । यसरी समग्रमा सबै पात्रको सही प्रयोगले काव्यिक उचाइ बढाउन सहयोग पुऱ्याएको छ ।

### ४.६.१.५ उद्देश्य

खण्डकाव्यकार 'भावुक'द्वारा रचित यस **अठोट** खण्डकाव्यमा समाजको यथार्थ परिवेशलाई देखाउन खोजिएको छ । यस खण्डकाव्यले जाँडरक्सीको कुलतमा फँसेका युवावर्गलाई विकृति र विसङ्गतिको गर्तबाट उकासी जनचेतना जगाउने काम गरेको छ । जाँडरक्सीले धनजनको सर्वनाश हुने भएकाले आजका युवावर्गलाई परिश्रमी, लगनशील, कर्तव्यनिष्ठ र समाजसेवी बन्न उत्प्रेरित गराउनु नै यसको उद्देश्य रहेको छ । जुठेलाई वर्तमान समाजको गलत मार्गमा लागेका युवावर्गहरूको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्रका रूपमा उभ्याएर समाजलाई नैतिक चेतनाको डोरेटोमा डोऱ्याउनु र स्वस्थ समाजको निर्माण गरी युवावर्गलाई कर्मशील बनाउनु यसको मुख्य ध्येय रहेको छ ।

### ४.६.१.६ भाव

प्रस्तुत काव्यमा व्यक्तिमा रहेको ह्रासोन्मुख नैतिक आचरणलाई हटाइ नैतिकवान बनाउनु र उनीहरूका माध्यमबाट समाजलाई सुधार गर्नु पर्दछ भन्ने भाव व्यक्त भएको छ ।

यस काव्यमा प्रमुख रसका रूपमा करुण रस र सहायक रसका रूपमा शान्त रस पाइन्छ । करुण रसको स्थायी भाव शोक वा दुःख हो । रस प्रयोगका केही उदाहरणहरू यी रहेका छन् :-

पूर्णेले पनि दिएर बिदा आँशु नै झारेर
रगतको नाता त्यो मुटुभित्र भकानो पारेर ।
राम्ररी पढ्नू भन्दछन् अनि गाउँले साथीभाइ
तुरुन्तै पत्र पठाउँछन् जुठे नभुल्नू हामीलाई ॥ (श्लोक २७, पृ. २७)

टुहुरी छोरी भएन भर हजुरको घरमा
सुम्पेको थिएँ अहिलेसम्म हजुरकै भरमा ।
शरीरभरि देखिन्छ नीलडाम ज्वाइँले कुटेर
बिल्लिबाँठ भयो छोरीको सबै गहना लुटेर ॥ (श्लोक १७४, पृष्ठ ६४)

### ४.६.१.७ कथनपद्धति

लागूपदार्थ दुर्व्यसनका कारणले घरबार तहसनहस हुनुका साथै अल्पायु मै मृत्युको शिकार बन्नुपर्ने यथार्थबाट समाजका युवावर्गलाई त्यस्तो लत छाड्नका लागि युवावर्गको प्रतिनिधि पात्र हर्केले गरेको अठोट हो **अठोट** खण्डकाव्य । यस खण्डकाव्यमा तृतीय पुरुष कथनपद्धतिको प्रयोग गरिएको छ ।

### ४.६.१.८ भाषाशैली र संरचना

**अठोट** खण्डकाव्यको भाषा सरल, सहज रहेको छ । मझौला झ्याउरे लयमा लेखिएको यस खण्डकाव्य आदर्शोन्मुख यथार्थवादको धरातलमा रहेको छ । लयलाई मिलाउनका लागि शब्द भाँचिएको र वर्णविन्यासक्रम खजमजिएको अनुभव हुन्छ । अलङ्कारको प्रयोग त्यति पाइदैन । प्रस्तुत काव्यको भाषाशैली सरल, सहज रहेको छ । यस काव्यमा कथानक वर्णनात्मक र विवरणात्मक ढाँचा अगाडि बढ्दै गएर पाठकमा सचेतनामूलक प्रभाव पार्न सफल रहेको छ ।

संरचना भन्नाले कुनै पनि वस्तुको आकार, प्रकार वा आयाम भन्ने बुझिन्छ । **अठोट** (२०५८) खण्डकाव्य आयामका दृष्टिले लघु आकारको काव्य हो । यसमा १९६ श्लोक रहेका

छन् । कवितात्मक भाग ४८ पृष्ठ रहेको यस काव्यको पृष्ठ सङ्ख्या ६९ रहेको छ । यसको मुख आवरणमा दुर्व्यसनलाई झल्काउने बोतलहरू, जुठे र सानीका प्रतिनिधि चित्रहरू रहेका छन् । यसरी यस खण्डकाव्यको बाह्य संरचनालाई ठम्याउन सकिन्छ ।

### ४.६.१.९ प्रतीक, बिम्ब, अलङ्कार, रस

ग्रामीण जनजिब्रोका जुठे, सानी नामका पात्रलाई उपस्थित गराई दुर्व्यसनका विरुद्ध जनचेतना जगाउने उद्देश्यले लेखिएको समाज सुधारक काव्य हो यो । करुण रसको बाहुल्यता रहेको यस खण्डकाव्यमा सचेत रूपमा कुनै प्रतीकहरूको प्रयोग नगरिए पनि कविले काव्यमा शब्दालङ्कारको र अर्थालङ्कारको प्रयोग गरेका छन्, जस्तै :-

ए मेरो हिरा नमान्नू पीर सानीले भनेर
निको होस् भनी दिइछिन् पैसा दयालु बनेर ।
पाएर पैसा गैहाल्यो जुठे बेलुकी साँझमा
भएर खुशी गरेछ कुरा साथीको माझमा ॥ (श्लोक १०३, पृष्ठ ५६)

कविले यहाँ शब्दालङ्कारका साथै अन्त्यानुप्रासको प्रयोग गरेका छन् । कविको काव्यिक चमत्कारका कारणले सरल र सहज भाषाशैलीका माध्यमबाट भन्न खोजेको कुरा स्पष्ट पारेका छन् ।

### ४.६.२ निष्कर्ष

मझौला झ्याउरे लयमा सुमधुर शब्दमा लेखिएको यस खण्डकाव्यले समाज सुधारको अठोट गरेको छ । वर्तमान समयको यथार्थलाई प्रस्तुत गर्ने काम यसमा गरिएको छ । गाउँले परिवेशमा चित्रित यस खण्डकाव्यले आजको युवावर्गको जिम्मेवार स्वयम् राष्ट्र हो भनेर भनेको छ । बेरोजगारी समस्यालाई समाधान गर्ने उपाय खोजिने हो भने सुरा र सुन्दरीमा रल्लिएर देशको शक्ति खेर जाने थिएन । सरकारले पनि कलकारखाना वा उद्योगतिर वा महाविद्यालय वा पुस्तकालय-वाचनालय खोल्नेतिर बढी प्रोत्साहन गर्नुपर्थ्यो तर जनताको दिमाग चाट्ने, शरीर नास्ने र पैसा मास्ने यस्ता रक्सीभट्टी खोल्नतिर प्रतिबन्ध लगाउनु पर्थ्यो तर त्यस्तो हुन नसकी प्रोत्साहन दिएको आभास यसमा भएको छ । त्यसले पारेको असरको प्रतिफलको रूपमा अठोट खण्डकाव्य रहेको छ । आदर्शोन्मुख यथार्थताको धरातलमा रहेर लेखिएको यस काव्यले जनचेतना जगाउने काम गरेको छ ।

## ४.७ 'होसियार' कवितासङ्ग्रहको सङ्क्षिप्त विश्लेषण

**होसियार** कवितासङ्ग्रहमा सङ्ग्रहित अठ्चालीसवटा कविताहरूको सङ्क्षिप्त विश्लेषण यसमा गरिएको छ ।

### ४.७.१ पृष्ठभूमि

युवाकवि श्यामबहादुर 'भावुक'को चौंथो कृतिका रूपमा **होसियार** कवितासङ्ग्रह (२०५२) रहेको छ । यसमा विभिन्न समयमा विभिन्न पत्र-पत्रिका आदिमा प्रकाशित कविताहरूलाई सङ्कलित गरिएको छ । आख्यान साहित्यबाट नेपाली साहित्यमा पदार्पण गरेका 'भावुक'को वर्चस्व कवितामा नै देखिन्छ । लामोमा छत्तीस हरफ र छोटोमा सात हरफसम्मका कविताहरू सङ्कलित यस कवितासङ्ग्रहमा अठ्चालीसवटा कविता रहेका छन् । स्थानविशेष, स्वास्थ्यविशेष र सामाजिक विसङ्गति विकृतिविशेष गरी तीन प्रकारका कविताहरूको बाहुल्यता रहन गएको यस कृतिमा कृतिभित्रकै एउटा कविताबाट यसको शीर्षक **होसियार** राखिएको पाइन्छ । यहाँ यस कवितासङ्ग्रहभित्र सङ्कलित कविताहरूको सङ्क्षिप्त विश्लेषण गरिन्छ ।

#### ४.७.१.१ धोका दिन सक्छ

**होसियार** कवितासङ्ग्रहको पहिलो कविताको शीर्षक *धोका दिन सक्छ* रहेको छ । **जनभावना** पत्रिकामा २०५५ मङ्सिर ११ गते प्रकाशित भएको यस कवितामा कविले लयात्मक रूपले जुनसुकै परिस्थितिमा पनि धोका हुन सक्छ भन्ने कुरालाई व्यक्त गरेका छन् । आफ्नो नीति-नियम र अनुशासनभित्र रहेर काम गर्ने बानी बसाल्नु पर्छ नत्र समयले नै फ्याँकीदिन सक्ने कुरा अभिव्यक्त गरेका छन् । जीवनमा धोकैधोका खान सकिन्छ । विद्यार्थीदेखि लिएर पाइलट, चालक, हाकिम, योजनाविद्, प्रहरी, सैनिक, कृषक लगायत स्रष्टाहरूलाई समेत सजग गराउने उद्देश्यले लेखिएको प्रस्तुत कविता समयसापेक्ष र मर्मस्पर्शी रहेको छ ।

#### ४.७.१.२ आफूलाई पनि फर्केर हेर

प्रस्तुत कवितामा कविले वर्तमान समयका मानिसमा रहेको स्वार्थीपनलाई व्यक्त गरेका छन् । आफू उच्च ओहदामा पुगेपछि आफ्नो धरातललाई बिर्सेर अरूलाई अर्ति उपदेश दिन थाल्दछन् । तसर्थ हरेक व्यक्तिले कुनैपनि कार्य गर्दा आफ्नो विगतलाई सम्झेर

गर्नुपर्छ । विगतबाट पाठ सिकी वर्तमानमा अरूप्रति क्रूर र दयाहीनताको भावना नदेखाई मायालु वातावरण र व्यवहार पस्कन सक्नुपर्छ । समयानुसार परिवर्तन हुन सक्नु पर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

गीति लयमा लेखिएको यस कवितामा कविले विगत नै हाम्रो मार्गदर्शन भएको कुरा अभिव्यक्त गरेको पाइन्छ ।

### ४.७.१.३ मन्त्रीमहिमा

**खबरकागज** पत्रिकामा २०५५ पौष ९ गते प्रकाशित भएको *मन्त्रीमहिमा* कवितामा देशमा विद्यमान नेताहरूको स्वार्थी प्रवृत्तिको महिमा गाइएको छ । पतित, भ्रष्ट नेताहरू जनताका अगाडि भोट माग्न जाँदा चिल्ला कुरा गरेर आउँछन्, भोट प्राप्त गरेर मन्त्री बनेपछि सबै बिर्सन्छन । मन्त्री बन्दा हुने सान, घुस खान पाइने, आफ्ना शाखा सन्तानको चाँजोपाँजो मिलाउन सकिने भएकाले नै कुर्सीका निम्ति होडबाजी गर्ने प्रवृत्तिलाई यसमा पस्किएको छ । वर्तमानकालीन समय परिवेशसँग सुहाउँदो यस कवितामा मन्त्री महोदयहरू प्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । गलामा चड्कन लगाएर मन्त्री बन्ने नेताहरूलाई तर्साउनुपर्ने आक्रोशयुक्त विचार व्यक्ति गरिएको छ ।

### ४.७.१.४ पार्टी खोल्न थाले

वर्तमान समयमा मानिसहरू अवसरवादी बन्दै गइरहेको विचार यस कवितामा व्यक्त गरिएको छ । आजका मान्छे जता आफ्नो दुनो सोभिन्छ त्यतैपट्टि लागेका छन् । निश्चित अडान र सोच भएका स्वच्छ व्यक्ति पाउनु भनेको 'प्याज नखाने बाहुन भेट्टाउनु' जत्तिकै गाह्रो भइसकेको छ । हिजो आफूलाई राम्रो भनाउने नेताहरू आज उनीहरूकै चरित्र र बोली परिवर्तन भएका छन् । सबैले आफ्नो व्यक्तिगत स्वार्थ सिद्धिका लागि पार्टी परिवर्तन गरे जस्तै कवि पनि पार्टी खोल्न थाले भनी देशका नेताहरूप्रति तिखो व्यङ्ग्यको भटारो प्रस्तुत गरेका छन् । राष्ट्रको समुन्नतिका लागि स्वच्छ छवि भएका व्यक्ति भेट्टाउनु भनेको 'चामलमा बियाँ खोज्नु बराबर' रहेको छ भनी देशअनुसारको भेष गर्नुपर्ने पो हो कि भनी राजनैतिक विषयलाई समेटिएर लेखिएको यो कविता समयसापेक्ष रहेको पाइन्छ ।

### ४.७.१.५ मन्त्रीले कसलाई के दिने ?

**प्रकम्पन** पत्रिकामा २०५५ पौष २१ गते प्रकाशित भएको प्रस्तुत कवितामा मन्त्री महोदयलाई पर्ने फसादको बारेमा वर्णन गरिएको छ । गरिब जनतालाई मीठा सपना बाँडी

भोट मागेर मन्त्री बनेपछि गरिबको भलाइभन्दा पनि आफ्नै भलाइ गर्दा ठीक्क हुने कुरा अभिव्यक्त गरिएको छ । श्रीमती, छोरो, छोरी, साली, जेठान, भान्जा, भान्जी र साथीभाइका चाहना पूरा गर्नुपर्ने पहिलो प्राथमिकता रहेको छ । जसबाट देशमा व्याप्त नातावाद, कृपावाद र फरियावादको झल्को दिन पुग्छ । उच्च ओहोदामा दक्ष जनशक्तिभन्दा पनि आफ्नो शक्ति प्रयोग गर्ने प्रचलनले नै देशले यो दुर्गति भोग्नु परेको छ । चार हरफे कविताका रूपमा रहेको यस कविताले राजनैतिक माहोललाई आफ्नो विषयवस्तु बनाएको पाइन्छ ।

### ४.७.१.६ काठमाडौँमा धेरै छन्

**राष्ट्रवाणी** पत्रिकामा २०५५ माघ ६ गते प्रकाशित भएको यस *काठमाडौँमा धेरै छन्* शीर्षकको कविताले काठमाडौँमा देखिएको विकृति र विसङ्गतिलाई उजागर गरेको छ । जसबाट कुनै पनि क्षेत्र अछुतो रहन सकेको छैन । हुनत काठमाडौँ हाम्रो देशको मुख्य सहर हो तापनि त्यहाँ सामाजिक सुरक्षाको अभाव रहेको छ । मानिस दिनानुदिन नैतिकहीन, चरित्रहीन, अनुशासनहीन, अमर्यादित बन्दै गएको प्रति कविले चिन्ता प्रकट गरेका छन् । सोझा जनताले जिउन मुस्किल परेको बताउँदै सामाजिक सुरक्षाप्रति नै प्रश्न चिह्न खडा गरेका छन् । राम्रो काम गर्नेभन्दा नराम्रो काम गर्ने मानिसहरूको वर्चस्व रहेको हुँदा भोलिको देशको अस्मिता र भविष्यप्रति नै खतरा हुने शङ्का गरिएको छ । तसर्थ बेलैमा सचेत रहनुपर्ने सन्देश यसमा पाइन्छ ।

### ४.७.१.७ समयमै गर

**पुनर्जागरण** पत्रिकामा २०५५ माघ १२ गते प्रकाशित भएको कविता हो *समयमै गर* । समयले कसैलाई पनि पर्खदैन । समयको न आदि हुन्छ न अन्त्य । जसले समयको सदुपयोग गर्छ, त्यो नै महान् बन्छ । यही समयलाई लिएर लेखिएको यस कवितामा कविले नेताहरू जे गर्नु छ समयमै गर । आफू नेता बनेकै बेला ब्रह्मलुट गर, पुस्तौंपुस्तालाई कमाउने सोच गर भन्दै नेताहरूको चरित्रलाई पर्दाफास गरिएको प्रस्तुत कविता मर्मस्पर्शी रहेको छ ।

### ४.७.१.८ मानिसको जीवन कस्तो ?

**युगसंवाद** पत्रिकामा २०५५ फागुन ११ गते प्रकाशित भएको कविता हो *मानिसको जीवन कस्तो ?* जीवनका सम्बन्धमा सबैका आ-आफ्ना विचार र भावनाहरू हुन्छन् ।

कविका सोचमा मान्छेको जीवन निभ्नै आँटेको दियो जस्तो भएको छ । जीवनलाई आफ्नै तर्क र विचारले हेर्नेक्रममा कसैले चुँडिएको चङ्गाजस्तो त कसैले बाटो बिराएको यात्रीजस्तो भन्छन् । जीवनलाई जसरी लियो त्यसरी नै बित्छ । काँडा सम्झे यो जीवन काँडाजस्तै हुन्छ भने फूल सम्झे यो जीवन फूलजस्तै हुन्छ । यसरी कविले मानिसको जीवन रहस्यमय रहेको कुरा यसमा अभिव्यक्त गरेको पाइन्छ ।

### ४.७.१.९ साँच्चिकै पीर

**समकालीन** पत्रिकामा २०५५ फागुन १३ गते प्रकाशित भएको कविता हो *साँच्चिकै पीर* । पीर पनि थरि-थरिका हुन्छन् । कुनै देखावटी पीर हुन्छन् भने कुनै साँच्चिकै पीर हुन्छन् । यहाँ कविलाई साँच्चिकै पीर परेको छ । रातदिन कडा मेहनत गर्दा पनि मेहनतअनुसारको फल नपाइने पो हो कि भन्ने पीर रहेको छ भने अर्कातिर काम गर्ने भरियालाई मात्रै नभइ साहुलाई पनि पीर परेको कुरा यहाँ व्यक्त गरिएको छ । मानिस जुनसुकै ठाउँ र पदमा रहेपनि हरेकलाई आफ्नै किसिमको पीर परेको हुन्छ । पीर बिनाको मानिस यस संसारमा रहेको पाइँदैन । कसैलाई धेरै सम्पत्ति कसरी कमाउने भन्ने पीर हुन्छ भने निम्नवर्गका सर्वहारा व्यक्तिका लागि नाम्लो छिन्छ कि, चप्पल फाट्छ कि, छोराछोरी भोकाउँछन् कि भन्ने पीरले सधैँ सताइरहेको हुन्छ । जीवनमा आइपर्ने यर प्रकारका पीरलाई प्रस्तुत कवितामा विषयवस्तु बनाइएको छ ।

### ४.७.१.१० समय

**सञ्जीवनी** हवाईपत्रिकामा २०५५ फागुन-चैतमा प्रकाशित भएको कविता हो *समय* । *समय* शीर्षकको यस कवितामा कविले समयको सदुपयोग गर्न नजान्दा आफू विभिन्न अवसरबाट बञ्चित भएको कुरा राजनैतिक विषयका माध्यमबाट व्यक्त गरेका छन् । नेता बन्दा समयको सदुपयोग गरेको भए मन्त्रीको कुर्सीमा बसेर भुँडी पल्टाउन पाइने कुरा बताएका छन् । राजनैतिक क्षेत्रमा धाँधली, चक्काजाम, नेपाल बन्द, आन्दोलन, घुसजस्ता कुरा सामान्य हुने भएकाले पद र समयको सदुपयोग गरी आफ्नो इच्छापूर्ति गर्नुपर्छ भनी यसमा देशका नेता र कार्यकर्तालाई व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.७.१.११ गुरुचेला

**युगसंवाद** पत्रिकामा २०५५ चैत्र २ गते प्रकाशित भएको यस *गुरुचेला* शीर्षकको कवितामा गुरुको महिमा र महत्त्व घट्दै गएको छ भने अर्कातिर चेलाहरू उद्दण्ड र घमण्डी

बन्दै गएकाले गुरु र चेला बीचको सह-सबन्धमा धमिलोपना देखिएको कुरा यसमा अभिव्यक्त भएको छ । गु+रु मिलेर गुरु शब्द बनेको हुन्छ । 'गु' भनेको अन्धकार र 'रु' भनेको नाश गर्ने वा हटाउने भन्ने जनाउँछ । तसर्थ गुरु शब्दको अर्थ अन्धकारलाई नाश गर्ने बुझिन आउँछ । गुरु पद प्राप्त गर्नेले पनि गुरु शब्दको अर्थ बुझेर चेलालाई जीवनका नैतिकता र अनुशासनका पाठ सिकाउनु पर्छ । जीवनको पाठशालामा गुरु बिना शिक्षा आर्जन गर्न सकिँदैन भन्ने भावना पनि चेलामा हुनुपर्छ । चेलाहरू पनि घमण्डी बन्नु हुँदैन । जीवनमा सिक्ने कुराप्रति चासो देखाउनु पर्छ । अनुशासनको सीमाभित्र रहेर गुरुले चेलालाई शिक्षा दिनुपर्ने र चेलाले पनि अनुशासनको चौघेराभित्र रहेर अध्ययन गर्नुपर्ने कुरा यसमा व्यक्त गरिएको छ ।

### ४.७.१.१२ भोट कसरी माग्ने ?

**समदृष्टि** पत्रिकामा २०५५ चैत्र २ गते प्रकाशित भएको कविता हो *भोट कसरी माग्ने ?* । भ्रष्ट र बेइमान नेताले पुनः चुनावका लागि कसरी भोट माग्ने भन्ने सन्दर्भमा नेताको मनमा उब्जिएका भावनालाई समेटी लेखिएको कविता हो यो । यस कवितामा कविले जनताका अगाडि झुट र बेइमानीको खेती गरेर खान पल्केका भ्रष्ट र पतित नेताको मनोदशालाई चित्रण गरेका छन् । जनताका अगाडि मीठा कुरा गरेर भोट जितेपछि गाउँ नफर्कने नेता अर्को पटक चुनावका लागि कसरी जनताका अगाडि मुख देखाउने भन्ने समस्याले पिरोलिएको कुरा यसको मुख्य विषयवस्तुको रूपमा रहेको छ ।

### ४.७.१.३ नेताको मर्म

हरेक मानिसमा चिन्ता रहेको हुन्छ । चिन्ताविहीन मानिस पाउन गाह्रो पर्छ । धनी र सम्पन्न भएपनि उसमा पनि मर्म लुकेको हुन्छ । नेताको पनि आफ्नै मर्म रहेको छ । नेतासँग लाठी र धन भएपनि चुनाव कसरी जित्ने भन्ने सुर्ता उसलाई रहेको हुन्छ । चुनाव आउँदा उसको मुटु काम्न थालेको छ । आफूले गरेका विगतका क्रियाकलापले उसलाई वर्तमानमा तर्साइरहेको छ । जनताका सामु मुख देखाउने साहस उसले बटुल्न नसकेको अवस्थामा कसरी चुनाव जित्ने भन्ने चिन्ताले उसलाई भित्रभित्रै गलाएको छ भन्ने कुरा यसमा अभिव्यक्त गरिएको छ ।

### ४.७.१.१४ भङ्गालेको गुनासो

**युगसंवाद** पत्रिकामा २०५५ चैत्र ३० गते प्रकाशित भएको *भङ्गालेको गुनासो* शीर्षकको कविता स्थान विशेष कविता हो । कविले यस कविता आफ्नो जन्मथलो भङ्गालमा पानीको समस्या रहेको र सबैसँग गुहार माग्दा पनि पानीको समस्या समाधान हुन नसकेको गुनासो व्यक्त गर्दै सम्पूर्ण काठमाडौँबासीको मूल समस्या नै पानी रहेको कुरा बताएका छन् । जलस्रोतमा नेपाल विश्वमा धनी देशका रूपमा प्रसिद्धि कमाए तापनि पानीको सदुपयोग गर्न नजान्नाले खानेपानीको समस्याबाट नेपाली जनता पिरिनु परेको कुरा यहाँ प्रस्तुत गरिएको छ । कृषिप्रधान देशमा पानीको सही उपयोग गर्न जाने भोकले मर्नुपर्ने र अँध्यारोमा बस्नुपर्ने स्थिति नहुनु पर्ने हो तर विधिको बिडम्बना त्यसो हुन सकेको छैन । तसर्थ यो एउटा भङ्गालबासीको मात्र गुनासो नभइ सम्पूर्ण नेपालबासीको गुनासो बन्न पुगेको छ ।

### ४.७.१.१५ जता पनि पाइने

**प्रकाश साप्ताहिक** पत्रिकामा २०५६ वैशाख १३ गते प्रकाशित भएको यस कवितामा कविले यो देशमा स्वच्छ छवि भएका नेताभन्दा पनि विकृत छवि भएका सामाजिक किराका रूपमा रहेका भ्रष्ट नेताहरू जता पनि पाइने भनेर आफूलाई देश निर्माणको बुज्रुक ठान्ने नेतृत्वप्रति व्यङ्ग्य प्रहार गरेका छन् । नेताहरू आफ्नै काम र क्रियाकलापले चरित्रमा दाग लगाइ रहेका छन् । देश र जनताका लागि मरिमेट्ने नेताभन्दा पनि जहान परिवार र आफन्तका लागि पद खोज्ने ऐस, आराम गर्ने, विदेश गएर स्वदेशको धन पचाउने नेताहरू प्रशस्त रहेकाले यस्ता स्वाँठहरू मात्र यो देशलाई किन चाहिने भन्दै कविले प्रश्न गरेका छन् ।

भाइ-भाइका बीचमा मेलमिलाप र राष्ट्रनिर्माणको सहकार्यभन्दा पनि आफ्नै भुँडी भर्न तल्लीन रहने नेता जता पनि पाइने भनेर यसमा वर्णन गरेको पाइन्छ ।

### ४.७.१.१६ अमर हुनु भो

**सम्बोधन** पत्रिकामा २०५६ वैशाख १७ गते प्रकाशित भएको *अमर हुनु भो* शीर्षकको यस कवितामा जनताका प्यारा नेता मनमोहन अधिकारीको निधनले मर्माहत बनाएको कुरा व्यक्त गरिएको छ । देश र जनताका लागि व्यक्तिगत स्वार्थभन्दा माथि उठेर दिलोज्यानले

समर्पित व्यक्तित्वको असामयिक निधनले सबैलाई रुवाएको छ । नौ महिने प्रधानमन्त्री कालमा बुढाबुढीलाई बृद्धभत्ता दिने, शोषित पीडितका लागि समर्पित व्यक्तिको २०५६ साल वैशाख १३ गते निधन भएको थियो । स्वार्थी नेताको समयमा तपाईंजस्ता सच्चा नेताको देशलाई खाँचो छ भन्दै कविले यस्ता व्यक्ति नै अमर हुने कुरा व्यक्त गरेका छन् । असल नेताले मात्रै शहीदका सपना पूरा गर्न सक्छ । शहीदको रगत र बलिदानको मर्म बुझ्न सक्छ भन्दै राष्ट्रका लागि अपूरणीय क्षति भएको कुरा यसमा जनाइएको छ ।

### ४.७.१.१७ क्यान्सर अस्पताल

**नारायणी टुडे मासिक** पत्रिकामा २०५६ आषाढ १७ गते प्रकाशित भएको *क्यान्सर अस्पताल* शीर्षकको यस कवितामा क्यान्सर अस्पतालको बारेमा वर्णन गरिएको छ । चितवन जिल्लामा अवस्थित क्यान्सर अस्पताल शान्ति र प्रजातन्त्रका महासेनानी स्व. गिरीजाप्रसाद कोइरालाले २०४८ सालको निर्वाचनपछि आफू प्रधानमन्त्री हुँदा चीन भ्रमणको उपलक्ष्य स्वरूप चीन सरकारको सहयोगबाट यो निर्माण गराइएको हो । राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणी स्व. वी.पी. कोइरालाको देहावसान क्यान्सर रोगबाट भएको र धेरैजना क्यान्सरबाट पीडित भएर देहान्त हुन सक्ने भएकोले नेपालमा यसको स्थापना हुन पुग्नु हामी सम्पूर्ण नेपालीको सौभाग्य बन्न पुगेको छ । क्यान्सर एउटा भयावह रोग हो तापनि समयमै उपचार गरे यो निको पनि हुन सक्छ । सुरुमा सय शैयाबाट सञ्चालन भएको क्यान्सर अस्पतालले हाल आएर आफ्नो सेवाक्षेत्रलाई विस्तार गर्दै लगेको छ । यसरी स्थापित क्यान्सर अस्पतालले सयौँ व्यक्तिलाई जीवनदान पनि दिएको कुरा यसमा अभिव्यक्त भएको पाइन्छ ।

### ४.७.१.१८ चितवन

**पारदर्शी दैनिक** पत्रिकामा २०५६ श्रावण २ गते प्रकाशित भएको *चितवन* शीर्षकको कवितामा चितवन जिल्लाको वर्णन गरिएको छ । यहाँ प्राकृतिक दृश्यका साथै विकासका कार्यको चर्चा पनि गरिएको छ । विभिन्न जातजातिको सङ्गमस्थल चितवन छयहत्तरौँ जिल्लाका रूपमा परिचित हुनुका साथै सौराहा, कसरा, मेघौली, सिराईचुलीजस्ता पर्यटकीय स्थलले सुन्दर रहेको कुरा यसमा वर्णन गरिएको छ । पहिले चितवनमा औँलो रोगले सताउँछ भन्थे । अहिले क्यान्सर जस्तो भयावह रोगको उपचार पनि चितवनमा नै हुन्छ ।

गर्मी केही बढी भए तापनि बस्नका लागि चितवन उपयुक्त छ भन्दै कविले चितवनमा जिन्दगी बिताउन रमाइलो लाग्यो भन्दै आफ्नो मनका भावना यस कवितामा व्यक्त गरेका छन् ।

### ४.७.१.१९ पुरैपुर

**नारायणी** पत्रिकामा २०५६ श्रावण ६ गते प्रकाशित भएको कविता हो *पुरैपुर* । प्रस्तुत कविता चितवन जिल्लाको वर्णन गर्ने क्रममा लेखिएको स्थान विशेष कविता हो । यस कवितामा कविले चितवन जिल्लाभित्र महत्त्वपूर्ण अर्थ बोकेका थुप्रै पुरहरू रहेका छन् । त्यसमध्ये सदरमुकाम भरतपुर पहिलो पुर हो । त्यस्तै शरदपुर, क्षेत्रपुर, रामपुर, कल्याणपुर, नारायणपुर, मङ्गलपुर, कृष्णपुर, यज्ञपुर जस्तै थुप्रै पुरैपुर रहेकाले कविले यस ठाउँभित्र रहँदा बस्दा भावनाका बहकाइमा बहकिँदा आफ्नो सुरसमेत पाउन नसकेको कुरा यसमा अभिव्यक्त गरेका छन् ।

### ४.७.१.२० चोकैचोक

**नारायणी** पत्रिकामा २०५६ श्रावण १३ गते प्रकाशित भएको कविता *चोकैचोक* शीर्षकमा कविले चितवनभित्र रहेका चोकको वर्णन गरेका छन् । पुलचोकदेखि हाकिमचोकसम्म आइपुग्दा त यस्ता थुप्रै चोक छन् भने चितवन जिल्लाभित्र यस्ता चोक कति होलान् जसको गणना गरेर पनि साध्य छैन । कवितामा एकातिर वरपीपल रोप्ने हाम्रो धार्मिक मान्यतालाई पनि सङ्केत गरिएको हो कि जस्तो पनि लाग्छ । सार्वजनिक ठाउँमा वृक्ष रोपेर पुण्य कमाउने धार्मिक भावनाले गर्दा वातावरणमा हरियाली छाएको र उखरमाउलो गर्मीमा शीतल छायाँमा बस्न पाइने उद्देश्यले निर्माण गरिएका यस्ता चोकहरूको वर्णन यस कवितामा रहेको छ ।

### ४.७.१.२१ नगरैनगर

**नारायणी** पत्रिकामा २०५६ श्रावण २० गते प्रकाशित भएको *नगरैनगर* शीर्षकको कविता स्थानविशेष कविता हो । यस कवितामा चितवन जिल्लाभित्र रहेका नगरहरूको वर्णन गरिएको छ । चितवनको प्रवेशद्वारका रूपमा रहेको रामनगरबाट चितवनमा यस्ता थुप्रै नगरहरू रहेका छन् । नगरमा बस्ने नगरबासीहरू काम गर्नेहरूका खुट्टा तान्ने होइन सबैलाई काम गर्नका लागि प्रोत्साहन गर भन्दै कविले आफ्नो नगर आफै बनाउनका लागि

आग्रह गरेका छन् । नगरभित्र बसेर नगर भन्नेहरूलाई नगरलाई चिनाउन अघि सर भन्दै सबैलाई महानगर बनाउन आग्रह गरेका छन् ।

### ४.७.१.२२ भरियाको जीवन

**युगसंवाद** पत्रिकामा २०५६ श्रावण २५ गते प्रकाशित भएको *भरियाको जीवन* शीर्षकको यस कवितामा श्रमजीवी भरियाको जीवनको वर्णन गरिएको छ । भरियाको जीवनमा उज्यालो घाम हुँदैन । ऊ अहोरात्र मेहनत गर्छ तापनि दुई गाँस खानलाई उसलाई धौ-धौ पर्छ । सूर्योदयदेखि सूर्यास्तसम्म कामकै खोजीमा लाग्ने भरिया आफ्नै श्रम र पसिनामा बाँच्न चाहन्छ । भरियालाई सधैँ आफ्ना सन्ततीको पेट कसरी पाल्ने भन्ने चिन्ताले जलाइरहेको हुन्छ । यसरी भरियाको कारुणिक जीवनको व्यथा यस कवितामा व्यक्त गरिएको छ ।

### ४.७.१.२३ एकदिन जानुपर्छ सबैजना बगर

**जमर्को** साहित्यिक पत्रिका २०५६ कार्तिकमा प्रकाशित भएको यो *एकदिन जानुपर्छ सबैजना बगर* शीर्षकको कवितामा मानव जीवन क्षणभङ्गुर भएको कुराको वर्णन गरिएको छ । मानिस धनी, गरिब जे भए पनि आखिर सबैले यो संसार छाडेर जानुपर्छ । मरेर जाँदा ब्रह्मलुट गरेर सम्पत्ति कमाए पनि कसैले लैजादैंन । मानिसको यो चोलामा असल कर्म गर्नुपर्छ, असल विचार लिएर अगाडि बढ्नु पर्छ । मानिसले प्राप्त गरेको यो जीवनमा सत्यतालाई अँगाल्नुपर्छ, इमान्दार बन्नुपर्छ, रिस, डाह गरेर चोरेर कहिल्यै खानु हुँदैन । जीवनको यथार्थलाई बुझेर भ्रममा पर्नु हुँदैन भन्ने दार्शनीक चिन्तन यसमा व्यक्त गरिएको छ ।

### ४.७.१.२४ मेरो प्यारो भङ्गाल

**जनदर्पण** पत्रिकामा २०५६ भाद्र ०२ गते प्रकाशित भएको *मेरो प्यारो भङ्गाल* शीर्षकको कवितामा कविले आफ्नो जन्मथलो भङ्गाल पानीमा कङ्गाल भएको बताएका छन् । यस भङ्गाललाई फलाउन-फुलाउन सबै भङ्गालबासी एकजुट हुनुपर्छ भन्दै सबैमा दुईहात जोडी विनम्र विन्ती गरेका छन् । जन्मथलो छाडी विदेश पलायन हुनेहरू प्रति दु:ख व्यक्त गरेका छन् । आफ्नै भङ्गालमा रहेको माइलीखोकमा गोठालो जाँदा किताब पढेको सम्झना

आज पनि उनका हृदयमा रहेको छ । उनका हृदयमा भङ्गालको स्मृतिपल रहेकाले त्यहाँका भीर, पाखा, पहरा, लतालतिका, कुञ्ज आफ्नै नयन अगाडि रहेको आभाष उनमा भएको छ । आफ्नो जन्मथलोलाई सिर्जनाको नमूना बनाउन सबैलाई आग्रह पनि गरेका छन् । कृषिप्रधान देशका कृषक हामी कृषिमा नै मेहनत गरी जीविकोपार्जन गर्नुपर्छ । बसेर खान पाइँदैन, कर्म गरे फल पाइन्छ भन्दै कर्म गर्नका निम्ति सबैमा उत्प्रेरणा जगाउने काम कविले गरेका छन् ।

### ४.७.१.२५ आमाको सपना

**नारायणी** पत्रिकामा २०५६ भाद्र ०३ गते प्रकाशित भएको *आमाको सपना* शीर्षकको कविता साह्रै नै मार्मिक रहेको छ । एउटी आमाको सन्तानप्रतिको मोहलाई यसमा देखाइएको छ । जन्मदिने आमा र कर्मदिने कामलाई लात हानेर विदेश हानिने छोराहरूको उन्नति नभई अलपत्र भएको कुरा यहाँ दर्शाइएको छ । वैदेशिक रोजगारका लागि ममतामयी माताका अमृतमय वाणीलाई लत्याएर विदेशतिर हुत्तिदा कुनैपनि छोराको भलो हुँदैन भन्दै सबैलाई आफ्नै गाउँ फर्कौं, आफ्नै देशमा रमाऔँ, देश र गाउँका लागि केही गरौँ, आफ्नो गाउँ आफै बनाऔँ भन्ने भावना मनमा लिन यसमा आग्रह गरेका छन् । आफ्नो काख रित्तिन लागेको र छोरो विदेशमा अलपत्र परेको पीडाले मेरो राजा विदेश जान्छु नभनन भनेर छोराप्रति अनुनय-विनय गरिएको यो कविता मर्मस्पर्शी रहेको छ ।

### ४.७.१.२६ किसानको मर्म

**जनदर्पण** पत्रिकामा २०५६ भाद्र ९ गते प्रकाशित भएको *किसानको मर्म* शीर्षकको यस कवितामा किसानको मर्मलाई प्रस्तुत गरिएको छ । वास्तवमा किसान धर्तीको पहिलो वीर हो । धर्तीको सच्चा पुजारी हो । किसानले रातदिन मेहनत नगर्ने हो भने कसैले पनि खान पाउँदैनन् । तसर्थ किसानको महिमा बुझेर किसानप्रति श्रद्धा प्रकट गर्नुपर्छ । घाम, पानी, असार, साउन, भेल, वर्षा केही नभनी अहोरात्र खेतमा खटिरहन्छ । तैपनि किसानको सही मूल्य-मान्यता स्थापित हुन सकिरहेको छैन । अझ हाम्रो समाजमा किसानलाई हेला गर्ने प्रचलन रहेको छ । त्यसैले यस कवितामा कविले किसानप्रति निर्दयी नबन्नका लागि आग्रह गरेका छन् ।

### ४.७.१.२७ भेटवार्ता

**नारायणी** पत्रिकामा २०५६ भाद्र १० गते प्रकाशित भएको *भेटवार्ता* शीर्षकको यस कवितामा मन्त्री र जनताको भेटवार्तालाई प्रस्तुत गरिएको छ । मानिस आफू पदमा पुगेपछि चढ्ने सिँढीलाई नै बिर्सेको कुरालाई देखाइएको छ । नेताहरूले भोट माग्न जाँदा जनताले सहयोगका हात र साथ दिन्छन् । मन्त्री बनेपछि “खोलो तर्‍यो लट्ठी बिर्स्यो” भनेझैँ सबै कुरा बिर्सन्छन् । जनताका न्यूनतम आधारभूत आवश्यकता गाँस, बाँस र कपासको परिपूर्ति गरिदिनु त कता हो कता आफ्नै आफन्तका आवश्यकता परिपूर्ति गर्न लाग्छन् । हिजो सँगसँगै भएको मानिस मन्त्री भएपछि आफ्ना सहयात्रीहरूलाई नै चिन्दैनन् । त्यसैले यस्ता फटाहा र लुटाहा नेतालाई चिन्न सक्नु पर्दछ । बाहिर आदर्शका कुरा गरेर जनताको आँखामा छारो हाले पनि यथार्थता यिनीहरूको अर्कै हुन्छ भन्दै कविले आक्रोश अभिव्यक्त गरेका छन् ।

### ४.६.१.२८ म त भङ्गालबासी

**नारायणी** पत्रिकामा २०५६ भाद्र ३१ गते प्रकाशित भएको *म त भङ्गालबासी* शीर्षकको यस कवितामा कविले आफ्नो जन्मथलोप्रति गर्व गर्दै म त भङ्गालबासी भनेर चिनाएका छन् । काठमाडौँ जिल्लाको महाङ्काल गा.वि.स. मा भङ्गाल पर्दछ । पिता कमलबहादुर र माता रत्नकुमारीका गर्भबाट २०२९ सालमा यस धर्तीमा आफ्ना चर्मचक्षु खोल्न पुगेका ‘भावुक’ले आफ्ना तीन दिदीबहिनी र एउटा दाजु भएको बताएका छन् । भङ्गालको सेरोफेरोमा हुर्की बढेकोले यसलाई चिनाउनका लागि सामाजिक विकृतिका विषयलाई लिएर साहित्यारम्भ गरेको कुरा पनि अभिव्यक्त गरेका छन् । जाँड, रक्सी, जुवा, तासजस्ता कुराले समाजको विनाश गर्छ भन्दै समाजको उत्थानका लागि सबैसँग अनुरोध गरेर लेखिएको यो कविता चेतनामूलक रहेको छ ।

### ४.७.१.२९ रक्सीको करामत

**जनदर्पण** पत्रिकामा २०५७ असोज २९ गते प्रकाशित भएको *रक्सीको करामत* शीर्षकको कवितामा रक्सी एउटा नशालु पदार्थ हो । धेरै खायो भने यसले मानिसको दशा उब्जाइदिन्छ । थोरै खाए आनन्द पनि दिन्छ भनी कविले रक्सीको बयान गरेका छन् । रक्सीले मानिसका घर बर्बाद भएका छन् । समाजमा सामाजिक अपराध बढेका छन् । समाज नै दुर्गन्धित बनाउने यस रक्सीले मानिसलाई त झन बढी दुर्गन्धित बनाएको

हुन्छ । व्यक्तिको मान, प्रतिष्ठा, इज्जत सबै माटोमा मिल्छ । ऋण काढेर नै भए पनि अरूलाई खुवाउने रहर गर्छ । आफ्नै जीवन जहर भएको ऊ बेवास्ता गर्छ । त्यसैले यस कवितामा कविले रक्सीले देखाउने करामतका बारेमा वर्णन गरेका छन् ।

### ४.७.१.३० स्कुलको प्रतीक्षामा रहेको भङ्गाल

**नारायणी** पत्रिकामा २०५६ मङ्सिर १६ गते प्रकाशित भएको यस कवितामा कविले आफ्नो जन्मथलो भङ्गाल स्कुलको प्रतीक्षामा रहेको कुरा व्यक्त गरेका छन् । देशको राजधानीभित्र रहेको भङ्गालमा विद्यालय नहुनु दुःखको कुरा हो । राजधानीजस्तो ठाउँमा त शिक्षाको उज्यालो छायाँ पर्न सकेको छैन भने राजधानीदेखि टाढा रहेका दुर्गम जिल्लाको हालत के होला ? भङ्गालका मानिसहरू धेरै कुराको असुविधा भोग्न विवश भएको कुरा यहाँबाट प्रष्ट हुन्छ । पानीको दुःख त एकातिर छँदै छ अर्कोतिर विद्यालय नहुँदा त्यस ठाउँका मानिसले धेरै दुःख बेहोर्नु परेको छ । त्यसैले सम्पूर्ण भङ्गालबासीलाई जाँडरक्सी छाडी स्कुल बनाउने कार्यमा आफ्ना सिर्जनशील हातहरू बढाउनका लागि आग्रह गरेका छन् ।

### ४.७.१.३१ क्यान्सर

**नारायणी** पत्रिकामा २०५६ माघ ६ गते प्रकाशित भएको *क्यान्सर* शीर्षकको यस कवितामा क्यान्सर रोगका बारेमा जनचेतना जगाउने जमर्को गरिएको छ । धुम्रपान, मध्यपान जस्ता पदार्थले मानव जीवनमा क्यान्सरजस्तो भयावह कालो मृत्युले अड्डा जमाउन सक्छ । तसर्थ बेलैमा सचेत भई आफूमा यस्ता नराम्रा बानीहरू छन् भने छाडौँ र क्यान्सर अस्पताल भरतपुरमा गई जचाऔँ भनेर भनिएको छ । स्वास्थ्य विषयसँग सम्बन्धित यस कवितामा कविले आफू यसै संस्थासँगै आबद्ध भएको र क्यान्सरले पीडितका रुवाइ र चित्कारलाई नजिकैबाट नियाल्ने मौका पाएको हुनाले त्यस्तो दुःखद मृत्यु र धनको नास नहोस् भन्नका खातिर स्वस्थ रहौँ, स्वस्थ जीवन जिऔँ भन्ने सन्देश दिन यो सन्देशमूलक कविताको रचना भएको देखिन्छ ।

### ४.७.१.३२ वेदना

**नारायणी** पत्रिकामा २०५६ माघ १३ गते प्रकाशित भएको *वेदना* शीर्षकको कवितामा प्रेयसीबाट टाढा हुँदा भोग्नु परेको पीडालाई यसमा पोखिएको छ । आफूले स्वच्छ

र कञ्चन माया दिँदा पनि आफूबाट टाढा हुन खोज्ने प्रेयसीलाई तिमी स्वतन्त्र भयौ, तिमी आफ्नो जीवन आफ्नै तरिकाले बाँच तर भुल भयो भनी मेरो सामु माफ माग्न नआऊ भनेर आफ्नो दर्दलाई आफैभित्र दबाएका छन् । आफ्नो नौनीजस्तो मनमा ढुङ्गा हानेर अविश्वास गरी शङ्का तिमीले गऱ्यौ भनी कविले मलाई अब तिम्रो माया चाहिदैन, अरूका लागि नै साँच भनेर भनेका छन् । तिमी खुशी भएर रमाएर जीवन काट भन्ने भाव व्यक्त गरेका छन् ।

### ४.७.१.३३ व्यस्त प्रजातन्त्र

**नारायणी** पत्रिकामा २०५६ फागुन ५ गते प्रकाशित भएको *व्यस्त प्रजातन्त्र* शीर्षकको यस कवितामा प्रजातन्त्रले ल्याएका छाडापनप्रति व्यङ्ग्य प्रहार गरिएको छ । राजनैतिक विषयवस्तुलाई समेटिएर लेखिएको यस कवितामा प्रजातन्त्र, लुटतन्त्र, कुटतन्त्र, फुटतन्त्रमा परिणत भएको कुराप्रति दुखेसो व्यक्त गरिएको छ । प्रजा+तन्त्र मिलेर प्रजातन्त्र बन्छ तर प्रजातन्त्र, प्रजातन्त्रजस्तो नभई नाङ्गो हुँदै गएको प्रति कविको गुनासो छ । प्रजातन्त्र प्राप्त गरेपछि देशमा अमन-चयन, शान्ति, सु-व्यवस्था हुनुपर्ने हो तर यहाँ त्यो हुन सकिरहेको छैन । शान्तिप्रिय देशमा अशान्ति मच्चिदै गएको छ । भ्रष्टाचार, पापाचार, दुराचार, व्यभिचारले मौलाउने मौका पाएको छ भन्दै बम पड्काएर शान्तिका गीत गाउन नसकिने कुरा यहाँ स्पष्ट पार्न खोजिएको छ । हाम्रा सहिदका रगत र पसिनाले प्राप्त गरेको यो प्रजातन्त्रलाई संरक्षण गर्नका निम्ति सबैमा आग्रह गरिएको छ । नत्र गोली निलेका सहिदका लासले हामीलाई धिक्कार्न सक्छन् । तसर्थ प्रजातन्त्रका लागि हामी प्रजा नै सजग हुन पर्ने कुरा यस कवितामा व्यक्त गरिएको छ । प्रजातन्त्रले उब्ज्याएका समस्याप्रति दिक्क मान्दै कविले प्रजातन्त्र जोगाउनु पर्ने कुरामा जोड दिएका छन् ।

### ४.७.१.३४ श्रद्धाञ्जलि

**नारायणी** पत्रिकामा २०५६ फागुन १२ गते प्रकाशित भएको कविता हो *श्रद्धाञ्जलि* । श्रद्धापूर्वक अञ्जुलीभरि सुमन लिएर राखिने भावलाई श्रद्धाञ्जलि भनिन्छ । कविले आफ्ना अत्यन्त मिल्ने साथी तिलचन साँखीको अल्पायुमा नै डाक्टरहरूको हेलचक्र्याइँबाट हुन गएको मृत्युको कारण उत्पन्न मानसिक पीडालाई कवितात्मक रूपमा प्रस्तुत गरेका छन् । च्याउ जस्तै उम्रिएका अस्पतालहरूले बिरामीहरूप्रति गरिने हेलचक्र्याइँका कारण धेरै व्यक्तिको अकालमै देहावसान हुन पुगेको छ । दक्ष डाक्टरको अभाव तथा डाक्टरहरूको

लापरवाहीका कारणले धेरै व्यक्तिको जीवन जोखिममा परेको छ । यसको भागिदार को हुने भनी प्रश्न गरिएको छ । आफ्ना अनन्य मित्रको अपूरणीय क्षतिलाई सम्झी चीर शान्तिको कामना गरिएको यस कवितामा जीवन बचाउने व्यक्तिले नै जीवनप्रति खेलवाड गरिदिँदा यस्तो दुखद् अवस्थाको सिर्जना हुन पुग्दछ तसर्थ यस्तो प्रक्रिया पुनः नदोहोरियोस् भन्दै लेखिएको शोक कविताको रूपमा यो रहेको छ ।

### ४.७.१.३५ नजाउ परदेश

**गोरखापत्र**मा २०५६ फागुन १४ गते छापिएको *नजाउ परदेश* शीर्षकको कवितामा विदेशतिर पलायन हुने आजका युवावर्गलाई स्वदेशमा नै रमाउन आग्रह गरिएको छ । काम नगरी माम कसैले दिँदैन । भौतिक भोग विलासीका निम्ति धनका पछि लागेर आफ्नो स्वाभिमान र स्वतन्त्रतालाई बन्दकी राखेर परदेशमा रहनुभन्दा साग र सिस्नो खाएर आफ्नै पाखाबारीमा रमाउन सक्नु पर्दछ । यहीँका खोरियालाई हराभरा बनाउनुपर्छ । देशका लागि श्रम बगाउनु पर्छ । आफ्नै आमाका काखमा लडीबुडी गर्दै रमाएर कर्म गरे पक्कै पनि ढिँडो र सिस्नो पाइन्छ । यस कवितामा आफ्नै जन्मभूमिमा रमाउन कविले सबैलाई आग्रह गरेका छन् ।

### ४.७.१.३६ स्वस्थ जीवन

**नारायणी** पत्रिकामा २०५७ वैशाख २९ गते छापिएको *स्वस्थ जीवन* शीर्षकको कवितामा स्वस्थ जीवनका रहस्यहरू प्रस्तुत गरिएको छ । मानव जीवन निरोगी भएन भने आफ्नो लागि मात्रै नभई परिवार, समाज र राष्ट्रकै लागि बोझ हुन सक्दछ । तसर्थ स्वस्थ जीवन जिउनका लागि दिनहुँ व्यायाम गर्नुपर्छ । स्वच्छ, सफा खानेकुराका साथै हाम्रा खाने हात र भाँडाहरू पनि सफा हुनुपर्छ । व्यक्तिगत सरसफाइका साथै आफ्नो घर, आँगन, चोक र समाज सरसफाई गर्न तिर ध्यान दिनुपर्छ । स्वस्थ बन्नका लागि लागूपदार्थको सेवन गर्नु हुँदैन, यसबाट क्यान्सर जस्तो भयावह रोगले समात्न सक्छ र अकालमै मृत्युको मुखमा पुग्नु पर्दछ । स्वास्थ्य विषयलाई समेटिएर लेखिएको यस कविताले स्वस्थ जीवन जिउनका लागि अनुरोध गरेको पाइन्छ ।

### ४.७.१.३७ चेपाङजातिको मर्म

**जनसत्ता** पत्रिकामा २०५७ जेठ २४ गते छापिएको *चेपाङ जातिको मर्म* शीर्षकको यस कवितामा चितवन जिल्लाको शक्तिखोर गा.वि.स. मा रहेका चेपाङजातिले जीवन जिउने

क्रममा भोग्नु परेको पीडालाई विषयवस्तु बनाएर व्यक्त गरिएको कविताको रूपमा यो रहेको छ । पिछडिएको जातिका रूपमा रहेको चेपाङ जातिको अझै पनि उत्थान हुन सकेको छैन । देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापना भए पनि अझै पनि गाँस, बाँस र कपासका लागि जङ्गलका कुना चहार्नुपर्ने बाध्यता रहेको छ । पिँडालु, लसुन, कोदो, फापरजस्ता खानेकुरा खाएर आफ्नो जीवन गुजारा गर्नुपर्ने चेपाङजातिलाई दशैं तिहारजस्ता चाडपर्व आउँदा पनि मनमा कुनै खुशी छैन । हामीजस्ता पिछडिएका जातिलाई सरकारले पनि कुनै वास्ता गरेको छैन भन्ने उनीहरूको गुनासो रहेको छ । धैरै बच्चा पाल्नलाई कठिन हुने समस्याले उनीहरूलाई सधैँ पिरोली रहेको हुन्छ भन्दै कविले चेपाङ्जातिको पीडालाई बुझ्नुपर्ने भएको छ भनेका छन् ।

### ४.७.१.३८ धनी र गरिब

**नारायणी टुडे** अङ्क ५, वर्ष १ राष्ट्रिय मासिक पत्रिकामा प्रकाशित भएको *धनी र गरिब* शीर्षकको यस कवितामा धनी र गरिबका बीचमा रहेको असमानतालाई देखाउने जमर्को गरिएको छ । धनीहरू धनले नै रमाउने गर्छन्, विचरा गरिबहरू दुई छाकका निम्ति मरिमेटी गर्छन् । गरिबको लागि पाखुरी बजार्ने, ओत लाग्ने ठाउँ कहीँ हुँदैन तर धनीका लागि जताततै जग्गैजग्गा हुन्छ तैपनि किसानलाई कर्मका निम्ति दिँदैनन् भनेर पूँजीवादीवर्ग प्रति व्यङ्ग्य प्रहार गरिएको छ । विभिन्न प्रपञ्च रचेर नै भएपनि चिल्ला कार उनै चढ्छन् । आदर्शको कुरा उनै गर्छन् । गरिबका दुःख, दर्द, मर्म कहाँ बुझ्छन् । धनीहरू बुझेर पनि अबुझ र निर्दयी बन्दै गएकाले गरिबहरूले कहिल्यै पनि न्याय-निसाफ पाएनन् भनेर यस कवितामा गरिबका पक्षमा वकालत गरिएको छ ।

### ४.७.१.३९ देशको विकास कसो गरी हुन्छ ?

**युगसंवाद** पत्रिकामा २०५७ पौष ११ गते प्रकाशित भएको *देशको विकास कसो गरी हुन्छ ?* कवितामा देशप्रति चिन्ता भाव प्रकट गरिएको छ । देश विकास नभएसम्म राष्ट्र समृद्धशाली बन्न सक्दैन । राष्ट्र समृद्धशाली बन्नका लागि भ्रष्टाचार, घुसखोर, नातावाद, कृपावादको अन्त्य हुनुपर्छ । राष्ट्रप्रति बफादार रहने छु भनेर कसम खाए पनि घुमाउने कुर्सीमा पुगेपछि व्यक्तिको नैतिकता चारैतिर फनफनी घुम्न थाल्छ । एउटा दिशातिर घुम्ने घडी काम लाग्छ ? यदि घडीका सुई आफ्नो मनपरी ढङ्गले चल्छन् भने त्यस घडीको औचित्य हुँदैन । त्यसैगरी पदमा बस्नेहरू देश र जनताप्रति निष्पक्ष र बफादार बनेर काम

गरे मात्र देशको विकास हुन सक्छ । जतिबेलासम्म अन्याय, अत्याचार र दुराचारले समाजमा जरो गाडिरहन्छ । व्यक्तिले कानुनलाई आफ्नो हातमा लिने गर्छन् भने देशको विकास कसो गरी हुन्छ भनी कविले चिन्ता दर्शाएका छन् ।

### ४.७.१.४० सम्झना

**युगसंवाद** पत्रिकामा २०५७ माघ ३ गते  प्रकाशित भएको *सम्झना* शीर्षकको यस कवितामा कविले आफ्ना मामा (ठुल्काजी) को सम्झना व्यक्त गरेका छन् । थालीटार निवासी ठुल्काजी समाजमा सबैका प्रिय थिए । आफ्नो समयमा कसैप्रति अन्याय, अत्याचार नगर्ने न्यायका पक्षधर ठुल्काजी मामाको २०५६ साल वैशाख १७ मा आएको हुरीले उनको जीवनलीला समाप्त पाऱ्यो । समाजको न्यायका बत्ती निभ्दा आज गाउँ नै अन्धकारमा डुबेको छ । उनको सम्झनामा डाडाँकाँडा रसाएका छन् भनी कवि भावविह्वल बनेका छन् । समाजसेवी ठुल्काजी मामा नहुँदा गाउँ नै अँध्यारो भएको छ । सबैका ढुकढुकी बनेका ठुल्काजी मामालाई आज पनि गाउँले खोजिरहेको छ भन्दै कविले समाज सुधारका लागि यस्ता व्यक्तिको आवश्यकता छ भनी उनको सम्झनालाई यहाँ अभिव्यक्त गरेको पाइन्छ ।

### ४.७.१.४१ बिलौना

**युगसंवाद** पत्रिकामा २०५७ फागुन २३ गते प्रकाशित *बिलौना* शीर्षकको यस कवितामा कविले आफ्नी प्रेयसीको वियोगमा बिलौना गरेका छन् । अल्पायुमा दैवले सुटुक्क चोरेर लगेकी आफ्नी प्रेयसीलाई दुई दिनको माया देखाई मलाई किन एक्लै पाऱ्यौ ? तिमी बिना मेरो जीवन मर्नु न बाँच्नु भएको छ । अश्रुका भेलसँगै नुहाउँदै सपनामा भए पनि तिमीसँग भेट्ने जमर्को गरेको छु भन्दै कविले सपनामा भए पनि एकपटक भेट्न आऊ भनेर आग्रह गरेका छन् । आफ्नी प्रेयसीप्रतिको अगाध स्नेह यहाँ शब्द-चित्रका माध्यमबाट व्यक्त भएको छ ।

### ४.७.१.४२ शपथ

२०५८ वैशाख २५ गते **युगसंवाद** पत्रिकामा प्रकाशित *शपथ* शीर्षकको यस कविता राजनैतिक विषयसँग सम्बन्धित रहेको छ । मन्त्री बनेर देश बनाउने कुराभन्दा कुन मन्त्री हुँदा के-के गर्ने भनेर शपथ खाने नेताहरूको तीव्र आलोचना गर्दै लेखिएको यो कविता समसामयिक परिस्थितिसँग मिल्दोजुल्दो देखिन्छ । देश र जनताका लागि भनेर शपथ खाए पनि काम अर्कै हुन्छ । भ्रष्टाचार, नातावाद, कृपावाद, घुसको कुरामात्रै हुन्छ । गरिबका

आङ्मा लुगा, दुई छाक रोटी र ओतको कुरा पर सर्छ । फूलमाला लगाएर मञ्चमा गएर चर्को भाषण गर्नु, देश विदेश घुम्न, भत्ता पचाउने बाहेक अरू कुनै काम हुन नसक्ने यस्तो परिपाटीमा शपथ खान पाउनु भनेको भाग्य चम्काउनु हो । भेडा जनताप्रति ऋणको बोझ बोकाउनु हो । देशमा अमनचयन स्थापना गर्नु त कता हो आफैले चयन गर्नु हो भन्दै कविले शपथप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.७.१.४३ श्रद्धासुमन

*श्रद्धासुमन* शीर्षकको यस कवितामा २०२२ साल भाद्र महिनामा जन्मिएर भङ्गालका लागि योगदान दिने वीर इन्द्रबहादुर तामाङप्रति श्रद्धासुमन प्रकट गरिएको छ । २०४९ सालमा भङ्गाल गा.वि.स. को अध्यक्ष पदमा रहेर गाउँका लागि महत्त्वपूर्ण योगदान दिने इन्द्रबहादुर समाजसेवी थिए । अन्याय, अत्याचारका विरुद्ध बुलन्द आवाज उठाउने इन्द्रबहादुर आँखाका नानी थिए । गाउँको विकास गर्नका लागि सधैँ तत्पर रहने इन्द्रबहादुरलाई चालिस वर्षको अल्पायुमा दैवले टपक्क टिपेर लगेपछि उनैको सम्झनामा कविले उनीप्रति श्रद्धासुमन वर्साएका छन् ।

### ४.७.१.४४ तिम्रो जीवन फलोस फुलोस्

*तिम्रो जीवन फलोस् फुलोस्* शीर्षकको कवितामा कविले आफूलाई धोका दिएर टाढा गएकी आफ्नी प्रेयसीलाई आफूबाट टाढा भएपनि उनको जीवन फलेको-फुलेको देख्न चाहेका छन् । माया गर्ने मान्छेले कहिल्यै पनि उसको कुभलो सोचेको हुँदैन र सधैँ उसको उज्ज्वल जीवनको कामना गरेको हुन्छ । माया प्राप्त गर्नु मात्रै पनि ठूलो होइन मायामा त्याग पनि हुनु जरुरी छ भन्दै कविले आफ्नी प्रेयसीको जीवन फलेको फुलेको देख्न चाहेका छन् । मुटुभरि बिझ्ने काँडा दिएर टाढा भए पनि उनीप्रति आफ्नो माया प्रगाढ रहेको कुरा कविले अभिव्यक्त गरेका छन् । प्रेयसीले धोका दिँदा उत्पन्न पीडाका कारण आँखाबाट आँसु बग्दा आँसु पनि सिद्धिएको कुराको भाव व्यक्त गरेका छन् । यसरी कविले प्रेयसीको वियोगबाट तड्पिएर बाँचेपनि उनको जीवन फलेको-फुलेको देख्न चाहेका छन् ।

### ४.७.१.४५ यो कस्तो आजको सहर ?

**युवसंवाद** पत्रिकामा २०५८ मङ्सिर १२ गते प्रकाशित भएको *यो कस्तो आजको सहर ?* शीर्षकको यस कवितामा कविले सहरमा देखिने विकृति र विसङ्गतिलाई औँल्याएका

छन् । मानिसै-मानिसको भीडका रूपमा परिचित यस सहरका मान्छेमा रहनु पर्ने मानवीयता दिनानुदिन खस्किँदै र होचिँदै गएको छ । मान्छेमा पापाचार, दूराचार बढ्दै गएको छ भने अर्कोतिर ध्वनि प्रदूषण, जल प्रदूषण, वायु प्रदूषण, भूमि प्रदूषण पनि बढ्दै गएको छ । बाटा-घाटा साँघुरिदै गएका छन् । मानिसमा स्वार्थी र बेइमानीपन बढेको छ । जसले गर्दा सहर नै दूर्गन्धित भएको छ । सहर सभ्यताको प्रतीक मानिए तापनि सहरको कोलाहल र चिच्याहटबाट त्रसित भएर मानिस प्रकृतितर्फ फर्कन लागेका छन् । तसर्थ कविले यो कस्तो आजको सहर भनेर आफैसँग प्रश्न गरेका छन् ।

### ४.७.१.४६ क्यान्सरको लक्षण र रोकथाम

*क्यान्सरको लक्षण र रोकथाम* शीर्षकको कविता स्वास्थ्य विषयलाई लिएर लेखिएको कविता हो । कवि क्यान्सर अस्पताल भरतपुरमा कार्यरत रहेकाले यसका बारेमा लेखेर जनचेतना जगाउने प्रयास गरेका छन् । दिनानुदिन क्यान्सर भयावह रोगका रूपमा चिरपरिचित हुँदै आएको छ । त्यसैले कविले क्यान्सर रोगका लक्षण र रोकथामका बारेमा वर्णन गरेका छन् । शरीरका कोठीमा परिवर्तन आउनु, गाँठागुँठी देखिनु, कब्जियत हुनु, लामो समयसम्म जण्डिस हुनु क्यान्सर रोगका लक्षण हुन सक्छन् । त्यसैले यसको रोकथाम गर्नका लागि बेला-बेलामा स्वास्थ्य जाँच गराउन जोड दिएका छन् । जाँडरक्सी, चुरोटजस्ता हानिकारक तत्त्वका साथै डढेका खानेकुराबाट टाढा रहनु नै यसको सर्वोत्तम उपाय हो भन्दै कविले मानव चोला स्वस्थ भएर जिउनका लागि आग्रह गरेका छन् ।

### ४.७.१.४७ युद्धको सम्झनामा

*युद्धको सम्झनामा* कवितामा कविले युद्धप्रसाद मिश्रले देश र समाजका लागि गरेका कार्यहरूको स्मरण गरेका छन् । न्यायका पक्षधर युद्धप्रसादले ज्यानको बाजी थापेर अन्यायका विरुद्ध लडिरहे । भत्केका पाटीलाई मर्मत गरी कर्म गर्ने बाटो देखाउने युद्धप्रसाद साहसी व्यक्तित्व थिए । समाजमा यथार्थवादी भएर देशका लागि सङ्घर्षरत युद्धको ४७ वर्षमा देहान्त भए पनि देशका निम्ति उनले गरेको कार्य सह्रानीलायक छ भन्दै कविले उनै युद्धप्रसादको सम्झनामा यो कविता रचेका छन् ।

### ४.७.१.४८ होसियार

**होसियार** कवितासङ्ग्रहको अन्तिम कविताका रूपमा रहेको यो कविताको शीर्षक *होसियार* रहेको छ । यही कविताको शीर्षकबाट नै कवितासङ्ग्रहको नाम पनि होसियार

राखिएको छ । यस कवितामा जनतालाई खबरदारी गरी होसियार रहनका लागि आग्रह गरिएको छ । जनताका अमूल्य भोट पाएर नेताहरू कुर्सीमा बसेर मोज गर्छन् । जनताका अगाडि चिल्ला र मीठा कुरा फ्याँकेर झुक्याउने गर्छन् । चुनाव जित्नका लागि अश्रुग्याँसको प्रयोग पनि गर्छन् भने लट्ठीको प्रयोग गर्ने र जेलखानामा पुऱ्याउन पनि पछि हट्दैनन् । गुण्डाहरू लगाएर मत पेटिका लुट्ने गर्छन् । धाँधली गरेर धेरै ठाउँमा चुनाव जितेको षडयन्त्र रच्नेछन् र जनतालाई धोका दिनेछन् । आफ्नो मात्र स्वार्थपूर्ति गर्ने छन् । त्यसैले हे जनता हो तिमीहरू होसियार बन है भनेर जनतालाई सतर्क बनाउने काम कविले यस कवितामा गरेका छन् ।

### ४.७.२ निष्कर्ष

प्रगतिवादी विचारधाराका युवा साहित्यकार 'भावुक'को कविता कोसेलीको रूपमा रहेको **होसियार** (कवितासङ्ग्रह-२०५९) सबैलाई खबरदारी गर्ने कविताको रूपमा रहेको छ । यस काव्यभित्र अठचालीसवटा कविताहरू रहेका छन् । प्रत्येक कविताहरू आफैमा पूर्ण रहेका छन् । कुनै गद्य लयमा र कुनै झ्याउरे लयमा लेखिएका यी कविताहरूमा सामाजिक विषय विविधता रहेको छ । कतिपयमा राजनैतिक विषयले अभिव्यक्तिको अवसर पाएको छ भने कतै सामाजिक विकृति-विसङ्गतिको भण्डाफोर गरेको छ । कतिपय कविताका विषयवस्तु दोहोरिएका पनि छन् । केन्द्रीय कथ्य एउटै रहेको अवस्था पनि देखिन्छ । यसलाई कविको कमजोरी भन्न सकिन्छ । मानिसलाई चेतना जगाउने स्वास्थ्य चेतनाका कुराहरू पनि यसैभित्र समावेश रहेका छन् । सुरा र सुन्दरीले बिग्रिन लागेको समाजलाई चेतनाको दियो बाल्ने जमर्को पनि यस सङ्ग्रहमा रहेको छ । राष्ट्रको अभिभारा बोक्ने काँधहरू गन्हाउन थालेकाले त्यस्ता गन्हाउने काँधहरू फेर्नुपर्ने र खबरदारी गर्नुपर्ने सङ्केत पनि यसमा रहेको छ । समसामयिक विषयले भरिपूर्ण यस काव्यमा रहेका कविताहरू समयसापेक्ष उत्कृष्ट रहेका छन् ।

## ४.८ सम्झनाको दियो गीति शोककाव्यको सङ्क्षिप्त विश्लेषण

**सम्झनाको दियो** एक गीति शोककाव्य हो । यसलाई पनि खण्डकाव्यकै तत्त्वहरूका आधारमा सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

### ४.८.१ पृष्ठभूमि

**सम्झनाको दियो** गीति शोककाव्य (२०६०) 'भावुक'द्वारा लिखित पाचौँ कृति हो । यस कृतिमा वि.सं. २०५८ जेठ १९ गते नेपालको इतिहासमा भएको अकल्पनीय राजदरबारको हत्याकाण्डलाई प्रस्तुत गरिएको छ । राजा वीरेन्द्र र उनका स-परिवारसहित दसजनाको अकल्पनीय घटनालाई विषयवस्तु बनाएर लेखिएको यस कृतिमा उनीहरूको दुःखद् मृत्युले राष्ट्रलाई पुग्न गएको अपुरणीय क्षतिप्रति दुःख प्रकट गर्दै चिरशान्तिको कामना गरिएको पाइन्छ ।

#### ४.८.१.१ कथानक

यो प्यारो जन्मभूमि नेपाल राष्ट्रमा अत्यन्त संवेदनशील दयालु राजा श्री ५ वीरेन्द्र र साहित्य सङ्गीत कलाकी मर्मज्ञ श्री ५ बडामहारानी ऐश्वर्यसहित दसजनाकै वियोगमा आँसुको मूल फुटाइएको शोकमञ्जरी हो । अठ्ठाईस पृष्ठभित्र चार-चार पङ्क्तिको अन्तरा र दुई-दुई पङ्क्तिको थेगोमा रचना गरिएको लघु शोककाव्य भएपनि यसभित्र राजदरबारभित्र घटेको दर्दनाक घटनालाई समेटिएको पाइन्छ ।

विषयवस्तुलाई उठान गर्नुभन्दा अगाडि २०५८ साल जेठ १९ गते राति ९:१५ को त्यो अँध्यारो रातमा घटेको घटनाबाट भावविह्वल भएका नेपाली जनतालाई धैर्यधारण गर्न र मृत आत्माको चिरशान्तिको कामना गरिएको छ ।

प्रतिवेदनका आधारमा लेखिएको यस शोककाव्यमा २०५८ साल जेठ १९, शुक्रबार ९:१५ बजे आफन्त भेटघाट भई खाना खाने समयमा दीपेन्द्र सरकारबाट गोली हानी हत्या भएको कुरा उल्लेख गरिएको छ । घरायसी कारणबाट उत्पन्न झगडाका कारण यो अकल्पनीय घटना घटेको कुरालाई यसको मूल विषयवस्तु बनाइएको छ ।

राजा वीरेन्द्र, रानी ऐश्वर्य, निराजन, श्रुति लगायत दीपेन्द्र सरकार स्वयम्को मृत्यु भएको यो रहस्यमय घटना रहेको छ । घटना भएपछि पहिलो खबर केशरजङ्गले पाएपछि त्यसपछि केशवप्रसाद, माधव नेपाल, प्रहरी नायब निरीक्षक (आई.जी.पी.) र महारथी, प्रधानमन्त्री पनि तुरुन्तै छाउनी आइपुगे । शाह वंशको विनास भयो भनी सबै आत्तिएका थिए । ज्ञानेन्द्र सरकारको खोजतलास गर्दा पोखरा सवार भएको कुरा थाहा पाई तुरुन्त खबर गरे । खराब मौसमका कारण समयमा हेलिकप्टर पोखरा पुग्न नसक्दा भोलिपल्ट बिहान ६ बजेमात्र ज्ञानेन्द्रको काठमाडौँ सवारी भयो ।

घाइते दीपेन्द्र सरकारको पनि मृत्यु भएपछि आँखाभरि आँशु र गहभरि पीडा बोकी राज्यभार सम्हाल्नका लागि उनलाई आग्रह गरियो । त्यसपछि देशको राजा उहाँलाई घोषण गरिएको थियो । राजा वीरेन्द्रको मृत्युमा स्वदेशी मात्रै नभई विदेशीले पनि अचम्म परेको कुरा यहाँ उल्लेख गरिएको छ । यो अकल्पनीय घटना रहस्यमय रहेको र आजसम्म पनि पत्ता लाग्न नसकिएको कुरा व्यक्त भएको छ । नेपाली जनताका आँखाबाट वर्षेका अश्रुका भेलले राजा रानीको तस्बिरलाई बगाउन सकेको छैन । घटनाको सत्य-तथ्य बाहिर नआउनुले घटनालाई अझै रहस्यमय बनाए पनि राजारानीको आत्माले सुख पाओस् भनी कामना यसमा गरिएको छ ।

### ४.८.१.२ लय वा छन्द

प्रस्तुत गीति शोककाव्य लोकलयमा आधारित चार-चार पङ्क्तिको अन्तरा र दुई-दुई पङ्क्तिको थेगोमा सिर्जित भएको छ । पहिलो पृष्ठदेखि अन्तिम पृष्ठसम्म एउटै लोकलयलाई निरन्तरता दिइएको छ । प्रस्तुत लोकलयमा सिर्जित रचनाका उदाहरणहरू यसप्रकार छन् :

धैर्यधारण गर्नु होला नेपालीले अब
बितेका ती घटनालाई बिर्सिदिनु सब
रोए पनि कराए पनि हुन्न अब केही
जस्तोसुकै परे पनि बस्नुपर्छ सही ।
जस्तो सुकै पीर परे पनि
सँगै जान कोही पनि नसक्नी ।

यहाँ कविले मृत्युको पीडामा जतिसुकै रोइकराई गरे तापनि सँगै जान नसकिने कुरालाई प्रस्तुत गरेका छन् । त्यस्तै काव्यको सौन्दर्य पक्ष पनि त्यतिकै सबल रहेको छ । कविले काव्यमा अन्त्यानुप्रासको प्रयोग सफलताका साथ गरेका छन् ।

### ४.८.१.३ परिवेश

देशको राजधानी काठमाडौँमा अवस्थित नारायणहिटी राजदरबारभित्र भएको घटनालाई यसमा प्रस्तुत गरिएको छ । त्यसैले परिवेशका रूपमा मुख्यतः राजदरबार आएको छ । यसका साथै पोखरा, छाउनी, आर्यघाट, पोखरी आदि जस्ता क्षेत्रहरूको परिवेशलाई पनि उल्लेख गरिएको छ । जस्तै :-

प्रहरी र शाही सैनिक एकजुट भएर
राजारानी दीपेन्द्र र श्रुतिलाई बोकेर
छाउनीमा पुऱ्याएछन् नारायणहिटीबाट
रुँदै भने डाक्टरले लैजाउ आर्यघाट ।

### ४.८.१.४ पात्रविधान

यस काव्यका प्रमुख पात्र राजा वीरेन्द्र र ऐश्वर्या हुन् । नेपाली समाजमा राजालाई ईश्वरस्वरूप मानिन्छ । देशको अभिभावकका रूपमा रहेका राजा वीरेन्द्रको अकल्पनीय, दर्दनाक मृत्यु भएको थियो । जनताको मनोभावना बुझ्ने दयालु राजा वीरेन्द्र नेपाली जनताको मन-मुटुमा बसेका थिए । त्यस्तै यस काव्यकी प्रमुख स्त्री पात्रका रूपमा साहित्य-सङ्गीत कलाकी मर्मज्ञ रानी ऐश्वर्या रहेकी छिन् । यसका साथै यस काव्यमा खलनायक र वंशविनाशकको रूपमा राजा दीपेन्द्रलाई लिइएको छ । यसका साथै यसमा निराजन, श्रुति, केशरजङ्ग, सैनिक राजा ज्ञानेन्द्र, नेपाली जनतालगायत थुप्रै पात्रहरू रहेका छन् । समग्रमा सबै पात्रको सही प्रयोगले काव्यिक उचाइ बढाउन सहयोग पुऱ्याएको छ ।

### ४.८.१.५ उद्देश्य

**सम्झनाको दियो** गीति शोककाव्यमा कविले वि.सं. २०५८ जेठ १९ गते भएको राजा वीरेन्द्रको अकल्पनीय घटनाको फलस्वरूप उत्पन्न शोकबाट भावविह्वल भई काव्यिक भाषाका माध्यमबाट सम्पूर्ण नेपाली जनताको शोकलाई प्रस्तुत गरेका छन् । नेपालीको हृदयमा रहेका राजा वीरेन्द्रको परिवारको अकल्पनीय मृत्युजन्य शोकलाई शब्दका माध्यमबाट सबैका सामु ल्याउनु र हत्याको छानविन गराउने प्रयत्नमा जुट्नका लागि आग्रह गर्नु यसको प्रमुख उद्देश्य रहेको छ ।

### ४.८.१.६ भाव

**सम्झनाको दियो** गीति शोककाव्यमा शोक भावले सुरुदेखि अन्त्यसम्म स्थान पाएको देखिन्छ । राजदरबारभित्र अकल्पनीय तरिकाले भएको घटनालाई सबै स्वदेशी तथा विदेशीलाई आहत पारेको कुरालाई शोकमा प्रस्तुत गरिएको छ । करुण रसको स्थायी भाव शोक हो । काव्यमा यो स्थायीभाव परिपाक अवस्थामा पुगेको हुँदा यसलाई सफल शोककाव्य मान्न सकिन्छ ।

### ४.८.१.७ कथनपद्धति

राजा वीरेन्द्रको परिवारसहित दश जनाको दर्दनाक तवरले घटेको घटनालाई कविले शोकमूलक भावमा प्रस्तुत गरी उक्त काव्यमा तृतीय पुरुष कथन पद्धतिको प्रयोग गरेको पाइन्छ ।

### ४.८.१.८ भाषाशैली र संरचना

**सम्भनाको दियो** गीति शोककाव्यको भाषा सरल, सहज रहेको छ । चार-चार पङ्क्ति अन्तरा र दुई-दुई पङ्क्तिको थेगो प्रयोग गरिएको छ । अन्तरा र थेगो मिलाउने क्रममा शब्द भाँचिएको र वर्णविन्यासक्रम खजमजिएको देखिन्छ । यस काव्यमा कथानक वर्णनात्मक र विवरणात्मक ढाँचामा अगाडि बढ्दै गई पाठकमा घटनामूलक प्रभाव पार्न सफल रहेको छ ।

**सम्भनाको दियो** (२०६०) गीति शोककाव्य आयामका दृष्टिले लघु आकारको काव्य हो । कवितात्मक भाग अठ्ठाईस पृष्ठ रहेको यस काव्यमा जम्मा पृष्ठ सङ्ख्या पचास रहेको छ । अठ्ठाईस पृष्ठबाहेक अन्य पृष्ठमा प्रकाशनका तर्फबाट लेख, विभिन्न साहित्यकारहरूको भूमिकाका साथै राजनैतिक व्यक्तिहरूको शुभकामना रहेको छ । यसमा चार-चार पङ्क्तिको असीवटा अन्तरा र असीवटा थेगो रहेका छन् । यसको मुख आवरणमा काव्यका नायक राजा वीरेन्द्र र नायिका ऐश्वर्याका दुई छोरा, एक छोरी राजकीय पोसाकमा साथमा खिचिएको तस्बिर राखिएको छ । यसरी **सम्भनाको दियो** गीति शोककाव्यको बाह्य संरचनालाई ठम्याउन सकिन्छ ।

### ४.८.१.९ प्रतीक, बिम्ब, अलङ्कार, रस

प्रस्तुत **सम्भनाको दियो** गीति शोककाव्य नेपालको इतिहासमा घटेको दर्दनाक, असामयिक, अकल्पनीय घटनाबाट शोकाकुल भई लेखिएको काव्य हो । करुण रसमा लेखिएको यस शोककाव्यमा सचेत रूपमा कुनै बिम्ब, प्रतीकहरूको प्रयोग नगरे पनि कविले शब्दालङ्कारको भने उचित प्रयोग गरेका छन् । यस शोककाव्यमा अधिकांश श्लोक करुण रसमा लेखिएकाले तिनका उदाहरणलाई यसरी देखाउन सकिन्छ :-

कोहीको हातै छैन हेर कोहीको छैन खुट्टा
ठाउँ ठाउँको मासु पनि भएका छन् चौटा
जताततै घाउ-घाउ हेर्नै नसकिने
अलाप-विलाप गरिकन भए धेरै रुने ।

राजारानी परिवार मारेछन्

कति सारो बिजोक पारेछन् ।

कविले यहाँ त्यो दर्दनाक घटनाको बीभत्स रूपलाई उतारेका छन् । त्यो बीभत्स रूपलाई देख्दा कसैको पनि अश्रुवर्षा नरोकिएको कुरालाई यहाँ भनिएको छ । राजा वीरेन्द्रको परिवारको अकल्पनीय घटनाले सबैलाई मर्माहत बनाई नेपाली जनतालाई टुहुरो बनाएको कुरा उक्त पङ्क्तिहरूमा पाइन्छ । शोककाव्यको स्थायी रस करुण रस नै भए पनि शोकलाई शक्तिमा बदल्ने वीर रसले पनि स्थान लिएको हुन्छ । क्रान्तिका उद्घोषहरू ठाउँ-ठाउँमा शोकबाट बाहिरिएर शक्ति वा विद्रोहमा रूपान्तरित भएको देखाइएको छ :-

दुई करोड चौतीस लाख नेपालीले हेर

भित्रैदेखि आँशु झारे टुहुरो भएर

चारै पल्टन सैनिकहरू के हेरेका खाई

सबैजना नेपालीले भन्छन् रोई रोई ।

सैनिकले के दिए पहरा,

नेपाली सब भै सके टुहुरा ।

यसरी कविले यहाँ आक्रोशको भावमा नेपाली जनता टुहुरो हुने समयसम्म सैनिकले के पहरा दियो त भनी विद्रोहको भावसमेत प्रस्तुत गरेका छन् । यस शोककाव्यमा कविले अत्यानुप्रासको सफल प्रयोग गरेका छन् । कविले काव्यमा सरल, सहज भाषाशैलीका माध्यमबाट भन्न खोजेको कुरा प्रस्तुत गरेका छन् ।

### ४.८.२ निष्कर्ष

असीवटा अन्तरा र असीवटा थेगोमा संरचित भएको प्रस्तुत काव्य अठ्ठाईस पृष्ठको लघुकाव्य हो । यस गीति शोककाव्यमा मुख्य रूपमा राजा वीरेन्द्र र उनको स-परिवारको अकल्पनीय घटनाबाट आकुल-व्याकुल भइ शोकका अनुभूतिलाई काव्यको रूपमा प्रस्तुत गरिएको छ । जनताको मर्मलाई बुझी जनताकै इच्छानुसारको शासन व्यवस्था चलाउने राजाको असामयिक हत्याले देशका सम्पूर्ण नागरिकका मनमा उब्जिएको पीडालाई आँसुको भावमा कवि कल्पनाद्वारा अत्यन्त सरल भाषामा व्यक्त गरिएको प्रस्तुत शोककाव्यको आफ्नै महत्त्व रहेको छ ।

## ४.९ गजलकार श्यामबहादुर 'भावुक'को गजलकृतिको सङ्क्षिप्त अध्ययन

गजलकार श्यामबहादुर 'भावुक' को गजलकृति **मौन खबरहरू** (२०६५) हो । यस शीर्षकमा गजलको व्युत्पत्ति र संरचना, गजल शब्दको स्रोत र अर्थ, गजलको परिभाषा, गजलको विकासक्रम र गजलका तत्त्वहरुलाई समावेश गरिएको छ । यिनै गजलका तत्त्वहरूका आधारमा यस गजलसङ्ग्रहभित्र सङ्कलन गरिएका बहत्तरवटा गजलहरुको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

### ४.९.१ गजलको व्युत्पत्ति र संरचना

'गजल' शब्द अरबेली भाषाको संयुक्त शब्द हो । गजल शब्द तीनओटा शब्दहरू संयुक्त भएर बनेको हो । 'ग' को अर्थ बोली अथवा वाणी हो । अर्को शब्दमा वार्तालाप वा कुराकानी हो । 'ज' को अर्थ नारी हो र 'अल' को अर्थ सँग वा साथ हो ।[७४] यसरी गजल शब्दले नारीका साथ हुने कुराकानीलाई बुझाउँछ । प्रेमिकासँग गरिने प्रणय भावना र याचनाको अभिव्यक्तिको रूपमा विकसित हुँदै आधुनिक युगमा गजलले समसामयिक सचेतना र संवेदनाका भावलाई पनि समेटेको हुन्छ । गजल भाव र अनुभूतिविशेषको कलात्मक र लयात्मक अभिव्यक्ति पाइन्छ । यसरी गजल क्रमशः अरबेली, फारसेली हुँदै भारतमा उर्दु र हिन्दी भाषाका माध्यमबाट नेपालीमा भित्रिएको लोकप्रिय गेयात्मक विधा हो ।[७५] माध्यमिक कालबाट प्रवेश गरेको गजलका प्रमुख प्रयोक्ता मोतिराम भट्ट हुन् ।

गजल फारसी, हिन्दी र उर्दु हुँदै नेपालीमा भित्रिएको लोकप्रिय गेयात्मक विधा हो ।[७६] २१औं शताब्दीको उत्तरार्धको सुरुदेखि नै नेपाली साहित्य आकाशमा गजल साहित्यले निकै चर्चा पाएको छ । समालोचकहरूले गजललाई नेपाली साहित्यमा छुट्टै विधाको स्थान दिइहाल्न नसकिने बताए पनि हालसम्म यसले पाएको व्यापकता र लोकप्रियताले गर्दा गजलले आफ्नो छुट्टै पहिचान बनाएको यथार्थमा भने कसैको दुईमत छैन ।[७७]

गजल साहित्यिक विधा हो र साहित्यका विभिन्न विधाहरूको आ-आफ्नै अनुहार भएजस्तै गजलको पनि आफ्नै अनुहार हुन्छ । आफैमा पूर्ण सेरहरू तथा काफिया, रदिफ, तखल्लुस, बहर आदिको प्रयोगका कारण गजलले साहित्यका अन्य विधाभन्दा छुट्टै प्रकारको

[७४] मोहनहिमांशु थापा, पूर्ववत्, पृष्ठ ५० ।
[७५] मोहनहिमांशु थापा, पूर्ववत्, पृष्ठ ५१ ।
[७६] केशवराज आमोदी, *मुजाहिफ बहरअन्तर्गत मुसद्दस सालिनसँग सम्बन्धित बहरहरूका छनकहरू*, **स्वर्ण स्मारिका २०६७**, श्री चतुर्मुखी उच्च मा.वि., शक्तिखोर, चितवन, पृष्ठ ६७ ।
[७७] थानेश्वर पाण्डेय 'आशिक', *गजल संरचना र विश्लषण* : **कुञ्जिनी साहित्य समालोचना विशेषाङ्क**, त्रि.वि. कीर्तिपुर (२०६२/०६३) ।

पहिचान प्राप्त गर्न सक्दछ ।[७८] गजल सेरहरूको समष्टि रूप हो । यो मतलादेखि मकता वा अन्तिम शेरसम्म एउटै बहरमा आबद्ध हुन्छ । यसलाई गुरुशिष्य परम्परासँग सम्बन्धित काव्यिक विधा मानिन्छ । यसका हरेक सेर आफैँमा पूर्ण हुन्छन् । गजलको सङ्गीतसँग अत्यन्त घनिष्ठ सम्बन्ध रहेको हुन्छ । गजल लयबद्ध हुन्छ । कुनै न कुनै छन्दमा हुनु गजलको विशेषता हो । एउटा गजलमा जतिओटा सेर छन् त्यति नै पृथक्-पृथक् भावमय कथ्य हुन्छन् ।

### ४.९.२ गजल शब्दको स्रोत र अर्थ

गजल कुन स्रोतबाट आएको शब्द हो भन्नेबारे विद्वान्हरूमा मतमतान्तर पाइन्छ । गजल अरबीमा जन्मेर फारसी, उर्दु र हिन्दी हुँदै नेपालीमा प्रवेश गरेको एक साहित्यिक संरचनायुक्त विधा मानिन्छ ।

**नेपाली वृहत शब्दकोश** (प्रथम संस्करण) मा गजललाई फारसी शब्द भनिएको छ ।[७९] वसन्तकुमार शर्मा नेपालले गजललाई फारसी स्रोतकै शब्द स्वीकार्दै यसलाई त्यस भाषाको स्त्रीलिङ्गी शब्द मानेका छन् ।[८०] सरदार मुजावरले हिन्दी गजलकै विविध आयाममा गजल शब्दको स्रोत बारे चर्चा गर्दा नरेन्द्र वशिष्ठ तथा बालकृष्ण गर्गले फारसी स्रोत बनाएको उल्लेख गरेका छन् । नेपाली साहित्यका समीक्षक हिमांशु थापाले गजललाई अरबी मूलको शब्द मानेका छन् ।[८१]

गजल शब्दको उद्गम भाषिक भूमि अरबी हो । यो स्त्रीलिङ्गी शब्द हो । डा. मोहनहिमांशु थापाका अनुसार ग+ज+अल पदहरूको यौगिक विधानबाट गजल शब्दको व्युत्पादन भएको हो । अरबी भाषामा ग को अर्थ वाणी, ज को अर्थ नारी र अलको अर्थ को वा सँग हुन्छ ।[८२] गजललाई तस्बिबबाट विकसित विधा मानिन्छ । तस्बिब भनेको कसिदाको सुरुमा कविले आफ्ना बारेमा स्वतन्त्र भई लेख्ने भाग वा खण्ड हो भने कसिदा भनेको कसैको प्रशंसा गरेर लेखिएको लामो कविता हो । फारसी भाषामा गजलको शाब्दिक अर्थ प्रेमी वा प्रेमिकासँग गरिएको वार्तालाप भन्ने हुन्छ । यसैलाई उर्दुमा “मीर” वा “गाली” पनि भनिन्छ । कसैको मतमा अरबी भाषाको ‘गजाला’ शब्दबाट गजल शब्दको व्युत्पत्ति भएको

---

[७८] कृष्णहरि बराल, **गजल : सिद्धान्त र परम्परा**, ललितपुरः साझा प्रकाशन (२०६४) पृ. १ ।
[७९] **नेपाली वृहद् शब्दकोश** (काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृष्ठ ३१८ ।
[८०] बसन्तकुमार शर्मा नेपाल (सम्पा.:), **नेपाली शब्दसागर,** दो.सं. (काठमाडौँः भाभा पुस्तक भण्डार, २०५८), पृष्ठ ३४२ ।
[८१] मोहनहिमांशु थापा, पूर्ववत्, पृष्ठ ५१ ।
[८२] विमला भट्ट, पूर्ववत्, पृ. ३३ ।

हो जसको अर्थ हुन्छ 'हरिण' । त्यसैगरी कसैले 'गजल' नामक शायरको नामबाट र कसैले संस्कृतिको 'कज्जल' बाट पनि गजल शब्दको व्युत्पत्ति भएको अनुमान गर्दछन् । यसरी गजल क्रमशः अरबेली, फारसेली हुँदै भारतमा उर्दु र हिन्दी भाषाका माध्यमबाट नेपालीमा भित्रिएको लोकप्रिय गेयात्मक विधा हो ।

वर्तमानसम्म आइपुग्दा गजलले प्रेमिका वा प्रेमीसँगको कुराकानी, स्त्रीवाणी, प्रेमिका विषयक चर्चा, प्रणयवार्ता, यौवनावर्णन, प्रमभावको अभिव्यक्ति, प्रणयप्रधान गीत, धागोको तान जस्ता अर्थहरूलाई बहन गर्ने गरेको विभिन्न समालोचकहरूको दावी छ । तर वर्तमान समयमा गजल विधा सुरा र सुन्दरीको व्याख्यामा मात्र सीमित नभएर हास्यव्यङ्ग्य, राजनैतिक चित्रण, विसङ्गतिप्रति तीखो प्रहार तथा घटनावर्णन जस्ता कुराहरूमा देखिन थालेको छ ।[८३]

## ४.९.३ गजलको परिभाषा

कृष्णहरि बरालका अनुसार भाव कल्पना, बिम्ब तथा प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा काफिया प्रयोग गरिने त्यस्तो काव्यरूपलाई गजल भनिन्छ, जसमा एउटै छन्दका तीन वा तीनभन्दा बढी स्वतन्त्र सेरहरू हुन्छन् ।[८४]

मोहनहिमांशु थापाका अनुसार गजल एक प्रकारले गीतको अर्को रूप हो । जसमा भाव र अनुभूति विशेषको कलात्मक र लयात्मक अभिव्यक्ति हुन्छ ।[८५]

## ४.९.४ गजलको विकासक्रम

फारसका सायर 'रोद्रकी' ले इसाको दशौं शदीतिरै जन्माएका हुन् र यसलाई फारसकै 'सादी सिराजी'ले विकास गरेका हुन् । त्यसैगरी हिन्दीमा गजल विकासको इतिहास हेर्दा 'अमीर खुसरो' को नाम सर्वप्रथम देखा पर्छ भने उर्दुमा 'जनान बली औरङ्गावादी'को नाम लिनुपर्छ । नेपाली साहित्यमा सर्वप्रथम वि.सं. १९४० तिर मोतिराम भट्टद्वारा 'गजल' भित्रिएको हो । गजलको विकास गर्ने क्रममा मोतीमण्डलीको नाम अग्रपङ्क्तिमा आउँछ । नेपाली गजल परम्पराको विकास मुख्यतः तीन चरणमा भएको पाइन्छ ।

---

[८३] थानेश्वर पाण्डेय, पूर्ववत्, पृ. १३३ ।
[८४] कृष्णहरि बराल, **गजल : सिद्धान्त र परम्परा**, पृ. १ ।
[८५] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. ५१ ।

प्रथम चरण - वि.सं. १९४० देखि १९९६ सम्म

दोस्रो चरण - वि.सं. १९९७- २०३५ सम्म

तेस्रो चरण - वि.सं. २०३५-हालसम्म

वि.सं. १९६९ मा प्रकाशित 'सङ्गीत चन्द्रोदय' लाई प्रथम नेपाली गजलसङ्ग्रहका रूपमा स्वीकार गरिएको छ भने वि.सं. २०५० को साहित्यिक दशकलाई गजल दशकको रूपमा चर्चा गरेको पाइन्छ।[८६]

### ४.९.५ गजलका तत्त्वहरू

अन्य साहित्यिक विधामा झैं गजलका पनि निश्चित नियामक घटकहरू तथा संरचना विधान भएको पाइन्छ। यहाँ गजलका घटकहरूको अध्ययन गरिएको छ।

### ४.९.५.१ सेर

दुई पङ्क्तिको संरचनालाई सेर भनिन्छ। अरबीमा सेरको अर्थ 'केश' वा रौँ भन्ने हुन्छ। प्रत्येक सेर आफैमा पूर्ण हुनु आवश्यक हुन्छ। एउटै गजलका प्रत्येक सेर अलग-अलग विषयका पनि हुन सक्छन्। एउटै विषयका पनि हुन सक्छन्। प्रायशः पाँचदेखि एघार सेर सङ्ख्यासम्मको गजललाई उपयुक्त मानिन्छ। तर सेरहरू बिजोड सङ्ख्यामा हुनुपर्छ।

### ४.९.५.२ मिसरा

गजलका प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ। यो परम्परागत कविताको 'पाउ' को समानधर्मी घटक हो। दुईवटा मिसरा मिलेर एक सेर बन्दछ। यसमा पनि सेरको माथिल्लो पङ्क्तिलाई 'मिसरा ए उला' र तल्लो पङ्क्तिलाई 'मिसरा ए सानी' भनिन्छ। मिसरा ए उलाले कुनै विषयमा जिज्ञासा उठाउँछ भने मिसरा ए सानीले त्यसको समाधान देखाउँछ।

### ४.९.५.३ मतला

मतलाको अर्थ 'उदय' हो। गजलको सुरुको सेरलाई नै मतला भनिन्छ। यसले गजलको समग्र भावलाई बहन गर्ने हुनाले यसलाई मुख्य भाव भनिन्छ। मतलाका दुइवटै मिसरामा अनुप्रास, काफिया अनिवार्य रूपमा हुनुपर्छ। गजल गायनका समयमा प्रत्येक सेरको अन्त्यमा मतलाको कुनै एक वा दुवै मिसरालाई बारम्बार दोहोऱ्याइन्छ।

---

[८६] थानेश्वर पाण्डेय, पूर्ववत्, पृ. १३३।

### ४.९.५.४ मकता

गजलको अन्तिम सेरलाई मकता भनिन्छ, जसको अर्थ 'समापन' हुन्छ । यसको मिसरा ए सानीमा प्रायः लेखकको नाम वा उपनामलाई श्लेषात्मक अर्थमा प्रयोग गरिएको हुन्छ ।

### ४.९.५.५ तखल्लुस

मकताको मिसरा ए सानीमा हुने गजलकारको श्लेषार्थक नामलाई 'तखल्लुस' भनिछ । तखल्लुस नभएको अन्तिम सेरलाई मकता नै भनिँदैन । तर तखल्लुस मकताको मिसरा ए उलामा पनि राख्न सकिन्छ । मूलतः अर्थ चमत्कारको लागि प्रयोग गरिने तखल्लुस गजलको ऐच्छिक घटक या तत्त्व भएकाले यो नभए पनि मकता हुनसक्ने मान्यता पनि धेरैको छ ।

### ४.९.५.६ काफिया

गजलमा प्रयोग हुने अनुप्रासयुक्त शब्द नै काफिया हो । यो मतलाका दुवै मिसरामा र अन्य सेरका ए सानीमा मात्र आउने गर्छ । यो नभए गजल बन्दैन भन्ने मान्यता छ ।

काफियाको उदाहरण :-

हार्ने मनहरूको यहाँ कहिल्यै जीत हुँदैन
जीतेर के गर्नु जब जिन्दगी गीत हुँदैन ।

मृत्युलाई पाली-पोखी हुर्काएर राखे पनि
ज्यूनसिल मृत्युहरूको यहाँ कहिल्यै हित हुँदैन ।[८७]

माथिल्लो शेर चाहिँ मतलाको उदाहरण हो । मतलाको 'जीत हुँदैन' र 'गीत हुँदैन' काफियाको उदाहरण हो । पछिल्लो शेरको दोस्रो पङ्तिमा प्रयुक्त 'हित हुँदैन' मा काफियाको निर्वाह भएको पाइन्छ । यसमा पूर्ण काफियाको प्रयोग भएको छ ।

काफिया पनि तीन प्रकारको हुन्छ । जस्तै :- (१) पूर्ण शब्द काफिया (काम, नाम, दाम) (२) आंशिक शब्द काफिया (वर्षात्, रात, पारिजात) र (३) एकाक्षरी काफिया (यएको, दो, चोखो)

[८७] मञ्जु बराल, **क्षितिज साहित्यिक मासिक** पत्रिका, अप्रकाशितः मैयादेवी कन्या कलेज, भरतपुर, पृष्ठ ३७ ।

### ४.९.५.७ रदिफ

रदिफ भनेको एक प्रकारको अन्त्यानुप्रयास हो ।[८८] यो मतलाका दुवै मिसरामा र अन्य सेरको मिसरा ए सानीको अन्त्यमा मात्र आउँछ । रदिफ पनि गजलको ऐच्छिक घटक हो । रदिफ भएको गजललाई नै मुरद्दफ गजल भनिन्छ । यसले गजलमा सङ्गीतात्मकता र लयात्मकता बढाउँछ । यो जति धेरै शब्दको लामो भयो त्यति राम्रो मानिन्छ ।

रदिफको उदाहरण:

यतिसम्मन् भयेको हाल्, कि ऊ जानोस् कि मै जानूँ ।

कि उस्तै क्वै भये जान्ला, कि ऊ जानोस् कि मै जानूँ ।[८९]

माथिका मतलामा दुबै पङ्तिको अन्त्यमा 'कि ऊ जानोस् कि मै जानूँ' शब्द समूह अन्त्यानुप्रासका रूपमा प्रयोग भएको छ । अन्त्यानुप्रासको प्रयोग भई आवृत्तिका रूपमा भएकाले यसमा रदिफ पर्न गएको छ ।

### ४.९.५.८ रुक्न

परम्परागत नेपाली छन्दमा 'गण' को समानार्थी पदसंयोजनलाई 'रुक्न' भनिन्छ । रुक्न खासगरी ३ (तीन) देखि १५ (पन्ध्र) अक्षरसम्मको हुन्छ । रुक्नकै आधारमा अर्कान र बहरहरू छुट्टिन्छन् । यसमा ह्रस्व र दीर्घको गणना पनि हुन्छ । संस्कृतमा जस्तै गजलमा पनि रुक्न आठ प्रकारका हुन्छन् । ती हुन् :

| | | | |
|---|---|---|---|
| मफाईलुन् | ल.गु.गु.गु. | १ २ २ २ | । ऽ ऽ ऽ |
| मुस्तफ्इलुन् | गु.गु.ल.गु. | २ २ १ २ | ऽ ऽ । ऽ |
| फाइलातुन् | गु.ल.गु.गु. | २ १ २ २ | ऽ । ऽ ऽ |
| फऊलुन् | ल.गु.गु. | १ २ २ | । ऽ ऽ |
| फाइलुन् | गु.ल.गु. | २ १ २ | ऽ । ऽ |
| मुतफाइलुन् | ल.ल.गु.ल.गु. | १ १ २ १ २ | । । ऽ । ऽ |
| मुफाइलतुन् | ल.गु.ल.ल.गु. | १ २ १ १ २ | । ऽ । । ऽ |
| मफ्ऊतालु | गु.गु.गु.ल. | २ २ २ १ | ऽ ऽ ऽ । |

।[९०]

[८८] मोहनहिमांशु थापा, पूर्ववत, पृष्ठ ५२ ।
[८९] राजेन्द्र सुवेदी (सम्पा.), **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** (पाठ्य सामग्री पसल-२०५७), पृष्ठ ३३ ।
[९०] केशवराज आमोदी, पूर्ववत् पृष्ठ ६७ ।

### ४.९.५.९ अर्कान

रुक्नहरूको संयोगबाट निर्मित एक मिसरा खण्डको संरचनालाई अर्कान भनिन्छ । गजलमा प्रयुक्त एकल रुक्नलाई पनि अर्कान भन्न सकिन्छ । यसको मेलबाट बहरको निर्माण हुन्छ ।

### ४.९.५.१० बहर

अर्कानहरूको संयोगभई निर्माण हुने एक पङ्क्तिलाई नै 'बहर' भनिन्छ । यसमा एक वा एकभन्दा बढी अर्कामा या रुक्नहरूको पनि प्रयोग हुन सक्छ । यो छन्दको समानधर्मी घटक हो बहरलाई गजलको सर्वोच्च अनुशासन मानिन्छ र यो शास्त्रीय मान्यता पनि हो । यो नेपाली पिङ्गल (मिश्रित) छन्दसँग निकै नजिक हुन्छ । उर्दु छन्दशास्त्रले प्रारम्भमा उन्नाईसवटा बहरहरूको निर्माण गरे तापनि पछि एकाउन्नबाट बढाउँदै पछिल्ला गजलका बहर पारखीहरूले बहरका सङ्ख्यामा यथेष्ट बृद्धि गरेका छन् । पिङ्गल छन्दसित समानता राख्ने बहरहरूको सङ्ख्या नै शताधिक भेटिन्छन् । आजको अवस्थामा जे-जति बहर निर्माण भएका छन् ती समग्र बहरलाई तीन भागमा विभाजन गरिएको छ ।[९१]

१) मुफरद बहर (एउटै मात्र रुक्नको सयोजनबाट निर्मित) (मूल छन्द)

२) मुरक्कव बहर (धेरै रुक्नको संयोगबाट निर्मित) (मिश्रित छन्द)

३) मुजाहिक बहर (एकभन्दा बढी रुक्नलाई टुक्र्याएर मिसाइएको) (परिवर्तित छन्द)

### ४.९.५.११ यति

प्रत्येक मिसराको गायनमा लिइने विश्राम नै 'यति' हो । यो आदि, मध्य, अन्त्य आदि विभिन्न किसिमका हुन्छन् ।

### ४.९.५.१२ भाव

गजलका तत्त्वहरू मध्ये भाव पनि महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि लेखनका पछाडि कुनै न कुनै भाव लुकेको हुन्छ । माया, प्रेम, मिलन, बिछोड, द्वन्द्व, सङ्घर्ष, मृत्युबोध आदि भावहरूको समायोजनले गजलले पूर्णता पाउँछ । यी बाहेक देशभक्ति, राष्ट्रभक्ति, प्रकृतिप्रेम आदि विषयवस्तुसँग समेटिएका भाव पनि गजलमा पाइने गरेका छन् । भावको गाम्भीर्यताले गजलको स्तरीयता बढाएको हुन्छ ।

---

[९१] केशवराज आमोदी, पूर्ववत् पृष्ठ ६७ ।

### ४.९.५.१.३ लयविधान

लय संस्कृत शब्द हो । 'ली' धातुमा 'अच्' प्रत्यय लागेर बनेको यस शब्दले टाँसिनु, मिलाप, लगाव, लुकेको, पग्लनु, घोल, विनाश आदि अर्थलाई बुझाउँछ भने सङ्गीतमा प्रयुक्त द्रुत, मध्य, विलम्बित लयलाई पनि बुझाउने गर्छ ।[९२] गजल सिद्धान्तमा लयविधानलाई महत्त्वपूर्ण पक्षको रूपमा लिइन्छ । यसले गजललाई उत्कर्षता प्रदान गर्दछ । विभिन्न स्वरवर्ण, व्यञ्जनवर्णको समान विवरण, पुनरावृत्ति, अन्त्यानुप्रास जस्ता अति कलात्मक पक्षले लयविधानको स्परूपलाई प्रष्ट पार्ने काम गरेको हुन्छ । साङ्गीतिकता र लयबद्धताको दायरामा रहेको गजलको मिठास अति नै आनन्दप्रदायक हुन्छ । लयविधानलाई पनि दुई भागमा वर्गीकरण गरिएको छ :- शास्त्रीय लय र स्वनिर्मित लय । गजल सिद्धान्तको शास्त्रीय मान्यता एवम् नियममा आबद्ध भई लेखिएका गजल शास्त्रय लयअन्तर्गत पर्दछ । शास्त्रीयता गजल लेखन र गान दुवैका लागि अपरिहार्य मानिन्छ । शास्त्रीय लय तथा सङ्गीतको आधारभूत ज्ञानविनाको गजल लेखन तथा गायन अत्यन्तै अव्यवहारिक र अशोभनीय जस्तो देखिन्छ । हिजोआज शास्त्रीय लयलाई छाडेर स्वनिर्मित लयमा गजल लेखन परम्परा अँगालिएको देखिन्छ । शास्त्रीय नियममा नबाँधिईकन आफूखुसी लय निर्माण गरी लेखिएका यस्ता खाले गजलहरू गजल नभएर गीत तथा कविताजस्ता देखिन्छन् ।[९३]

### ४.९.५.१.४ प्रतीक वा बिम्ब

स्रष्टाका मानसपटलमा रहेको भावलाई अभिव्यक्त गर्ने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । त्यसैले यो सर्जकका मनमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो ।[९४] गजलमा बिम्ब र प्रतीकहरूको महत्त्वपूर्ण स्थान हुन्छ । गजलमा प्रयोग गरिने बिम्ब र प्रतीकको घुमाउरो प्रस्तुतिले गजललाई उच्चता प्रदान गरेको हुन्छ ।

## ४.१० मौन खबरहरू गजलसङ्ग्रहको सङ्क्षिप्त विश्लेषण

**मौन खबरहरू** गजलसङ्ग्रहलाई गजलका तत्त्वहरूका आधारमा सङ्क्षिप्त विश्लेषण गरिएको छ । यस सङ्ग्रहभित्र बहत्तरवटा गजलहरू रहेका छन् ।

---

[९२] बालकृष्ण पोखेल, **नेपाली वृहत् शब्दकोश**, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०४०) पृ. ११६८ ।
[९३] विमला भट्ट, पूर्ववत्, पृ. ३७-३८ ।
[९४] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. १ ।

### ४.१०.१ पृष्ठभूमि

श्यामबहादुर खड्का 'भावुक' को छैटौँ कृतिका रूपमा **मौन खबरहरू** गजलसङ्ग्रह (२०६५) रहेको छ । **अधुरो सपना** उपन्यास लिएर नेपाली साहित्यको फाँटमा उदाएका 'भावुक' खण्डकाव्य, कवितासङ्ग्रह, गीति शोककाव्य हुँदै गजलमा आइपुगेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाउने 'भावुक'को यस गजलसङ्ग्रहभित्र ७२ ओटा गजल रहेका छन् । कतै मायाप्रेमका सेरहरू रहेका छन् भने कतै सामाजिक विकृति र विसङ्गतिका सेरहरू रहेका छन् । प्रत्येक गजलमा तखल्लुस 'भावुक' को प्रयोग गरिएको छ । देशमा शान्ति स्थापनाको कामना पनि यिनका सेरमा पाइन्छ ।

#### ४.१०.१.१ माया गर्ने मायालुको

**साप्ताहिक जनसत्ता** पत्रिकामा प्रकाशित यस गजलमा गजलकारले खात, पात, रात, भात, जात, साथजस्ता पूर्ण काफियाको प्रयोग गरी मायालाई कुनै जात, धर्म, धन, सम्पत्तिसँग दाँजिदैन भन्दै चोखो माया लगाउन आग्रह गरेका छन् । पाँच सेरको यस गजलमा गजलकारले मकताको मिसरा ए सानीमा तखल्लुसको रूपमा 'भावुक' शब्दको प्रयोग गरेका छन् ।

#### ४.१०.१.२ कसैले नि नपत्याउने

*कसैले नि नपत्याउने* गजलमा गजलकारले पैसाका लागि मानिसले जस्तोसुकै नीच कार्य गर्न पनि कम्मर कसेको हुन्छ भनी वर्तमान समयका स्वार्थी मानिसका व्यवहारप्रति सङ्केत गरेका छन् । जीवनको अन्तिम समयसम्म पनि मानिस पैसाको भोको रहेको हुन्छ भनी मिसरा ए उलामा तखल्लुस 'भावुक' शब्दको प्रयोग गरेका छन् । यसका साथै बसेको छु, फसेको छु, डसेको छु, कसेको छु, पसेको छु भनी पूर्ण काफियाको प्रयोग गरेका छन् ।

#### ४.१०.१.३ गरिबको

**गतिविधि** पत्रिकामा वि.सं. २०५८ कार्तिक ४ गते प्रकाशित यस गजलमा गरिबका समस्यालाई उजागर गरिएको छ । शोषक र सामन्तीबाट पीडित गरिबलाई चाडपर्व मनाउन समेत धौ-धौ परेको हुन्छ भन्दै साम्यवादी समाजको चाहना राखेका छन् । समाज परिवर्तनको चाहना राखिएको यस गजलमा मिसरा ए सानीमा तखल्लुस 'भावुक' शब्दको

प्रयोग गरिएको छ । साथै गऱ्यो आज, सऱ्यो आज, पऱ्यो आज, झऱ्यो आजजस्ता पूर्ण काफियाको प्रयोग गरेका छन् ।

### ४.१०.१.४ कतिलाई बाडौं मैले

यस गजलमा गरिब भएर बाँच्न गाह्रो भएको कुरालाई नायकले सङ्केत गरेका छन् । लुटाहा र फटाहाको समाजमा लाटा-सोझा जनता रोग, भोक र गरिबले पिल्सिएर बाँच्नु परेको समस्यालाई देखाई वर्गीय द्वन्द्वलाई समाप्त पारेर साम्यवादी समाजको स्थापना हुनुपर्नेमा जोड दिइएको छ । मार्क्सवादी दर्शनबाट प्रेरित यस गजलमा अन्तिम सेरको मिसरा ए उलामा तखल्लुस 'भावुक' शब्दको प्रयोग गरिएको छ ।

### ४.१०.१.५ नेताहरू कुहिनाले

यस गजलमा नेताहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । नेताहरू भ्रष्ट र पतित हुनाले देश विकास हुन सकिरहेको छैन । अवसरवादी नेताहरू आफ्नो स्वार्थ परिपूर्ति गर्नतिर मात्रै लिप्त छन् । पदमा बसेर पदको दुरूपयोग गर्ने नेताहरूलाई सजायँ दिनु पर्छ भन्ने भाव व्यक्त भएको यस गजलमा पाँच सेर रहेका छन् भने मकताको मिसरा ए सानीमा तखल्लुस 'भावुक' शब्दको प्रयोग गरिएको छ ।

### ४.१०.१.६ मानिस भै

**गोरखापत्र** पत्रिकामा वि.सं. २०६० कार्तिक १ गते प्रकाशित यस गजलमा मानिस भएर जन्मेपछि विभिन्न जातहरूमा वर्गीकृत गर्न नहुने कुरा लेखकले बताएका छन् । जातीय छुवाछुतबाट पीडित नेपाली समाज अझै चोखिन सकेको छैन । जातीयताका कारणले आफ्नी नायिका टाढा भएकी हुन् कि भन्दै नायिकलाई खोज्दै हिँड्दा भेट्टाएमा मनका बातहरू गर्थे भनेका छन् । तखल्लुस 'भावुक' को प्रयोग गरी लेखिएको यस गजलमा पूर्ण काफियाको प्रयोग गरिएको छ ।

### ४.१०.१.७ नयाँ वर्ष

**गोरखापत्र** पत्रिकामा वि.सं. २०५९ चैत्र २९ गते शनिबार प्रकाशित भएको यस गजलमा नयाँ वर्ष सबैको मीत बनेर आउन आग्रह गरिएको छ । शान्तिको प्रतीक बनी नेपालीको ढुकढुकी बनिदेऊ विगतका घाउमा मलमपट्टी लगाई पुरानो घाउ नबल्झाइ देऊ

भनी नयाँ वर्षसँग पुकारा गरेका छन् । खुशी र उमङ्ग नयनमा बोकी नेपालीका ओठमा रङ्ग चढाईदेउ भनी नायकले यसमा अभिव्यक्त गरेका छन् । पाँच सेरको यस गजलमा मिसरा ए सानीमा तखल्लुसको प्रयोग गरिएको छ ।

### ४.१०.१.८ नेपालभित्र जताततै

**युगसंवाद** पत्रिकामा वि.सं. २०५९ साउन २१ मङ्गलबार प्रकाशित भएको यस गजलमा नेपाल गृहयुद्धमा रहेको र धर्तीमाता आफ्नै सन्तानले आफ्नै वक्षस्थलमाथि रगतका खोला बगाएको पीडाले पीडित बनेको कुरालाई गजलकारले प्रस्तुत गरेका छन् । गौतम बुद्धको शान्तिको देशमा अशान्ति मच्चिएको छ । 'भाइ फुटे गवार लुटे' हुनसक्ने सम्भावनाले सशङ्कित भएर नेपालआमा भित्रभित्रै छट्पटिएको कुरालाई पाँच सेरका माध्यमबाट अभिव्यक्त गरेका छन् । अन्तिम सेरको मिसरा ए सानीमा तखल्लुसको रूपमा 'भावुक' शब्दको प्रयोग भएको छ ।

### ४.१०.१.९ पहिरो लाग्यो

यस गजलमा गजलकारले आफ्नो मनभित्र पहिरो गएको कुरालाई अभिव्यक्त गरेका छन् । आफ्नी प्रेयसीले आफूले बारेको मायाको करेसो भत्काइदिएको हुनाले अत्यन्त पीडित भएको कुरा व्यक्त गरेका छन् । आफू मर्दासमेत कसले आँसु झारीदेला भनी मनको बह पोखेका छन् । वर्तमान समयमा मायामा स्वार्थीपन बढ्दै गएकाले सच्चा माया गर्ने मायालुहरूको मुटुमा तीर रोपिएको कुरालाई पाँच सेरका माध्यमबाट तखल्लुस भावुक शब्दको प्रयोग गरी अभिव्यक्त गरेका छन् ।

### ४.१०.१.१० झुल्के घाम

यस गजलमा नायकले आफ्नी प्रेयसीलाई उषाका रूपमा लिएका थिए तर उनी सर्प बनेर डसेको कुरा अभिव्यक्त गरेका छन् । आफूलाई डसेर घाइते बनाए पनि उनको जीवन फलोस् भन्ने कामना गरेका छन् । आफ्नो बगैँचा उजाड भए पनि उनको मनको बगैँचा सधैँ पुष्पित रहोस् भन्ने चाहना व्यक्त गरेका छन् । पसी दिइन्, कसी दिइन्जस्ता पूर्ण काफियाको प्रयोगले मार्मिक बन्न पुगेको यस गजलमा तखल्लुस्को समेत प्रयोग गरिएको छ ।

### ४.१०.१.११ उनकै सम्झनाले

यस गजलमा आफूले चोखो हृदयले माया गरे तापनि आफ्नी प्रेयसीले छोडेर जाँदा जीवनमा ठक्कर पाएको कुरा नायकले व्यक्त गरेका छन् । बैगुनीसँग झुठो माया लगाउनाले जीवन जिउन सकस भएको छ । पीडितलाई कालले पनि बिर्सदो रहेछ भन्दै जीवनप्रतिको निराशा व्यक्त गरेका छन् । गजलकारलाई आफ्नो जीवन आफैलाई भारी भएको र बिसाउने चौतारी नभेटिएको गुनासो उनको सम्झनामा गरेका छन् । मतला र मकताको राम्रो संयोजन रहेको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छ ।

### ४.१०.१.१२ उठ उठ

साहित्यिक पत्रिका **जमर्को** २०६० पुसमा प्रकाशित भएको यस गजलमा नायकले जोसिलो पारामा देश विकास गर्नका लागि जुर्मुराएर उठ्नुपर्छ भन्दै तन्द्रावस्थामा रहेका नेपालीहरूलाई झकझकाउने प्रयत्न गरेका छन् । पसिनाको मूल्य बुझी आवाल-वृद्ध-बनिता मिलेर राष्ट्रिय विकासको महायज्ञमा होमिनुपर्छ भन्दै चेतनाको दियो बाल्ने जमर्को गरेका छन् । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा कर्मले नै मानिसको मूल्याङ्कन हुनसक्छ भनेका छन् ।

### ४.१०.१.१३ उनी कता गइन् होला

*उनी कता गइन् होला* भन्ने यस गजलमा नायकले उनी कथा गइन् भनेर थाहा पाउन सकेका छैनन् । उनी बिना रातको निद्रा नरहेको र दिनको भोक हराएको छ । उनकै मात्र यादमा चिन्तित रहँदा सबैलाई सोधे पनि उनको पत्ता नलाग्दा जीवन जिउन सकस भएकोले एक मुठी सास गइदिए हुन्थ्यो भनी पीडाका भाव अभिव्यक्त गरेका छन् । पाँच सेरमा लेखिएको यस गजलको अन्तिम सेरको मिसरा ए उलामा तखल्लुसको प्रयोग गरिएको छ ।

### १.१०.१.१४ मातृभूमि सम्झिएर

प्रस्तुत गजलमा नायकले हरेकले आफ्नो देशलाई सम्झिएर कर्म गर्नलाई आग्रह गरेका छन् । देशका सम्पूर्ण दाजुभाइ एकजुट भई राष्ट्रिय विकासका लागि हातमा हात, काँधमा काँध मिलाएर सहकार्य गर्नुपर्छ भनेका छन् । सबै एकजुट भई विकासका लागि

उद्धत हुने हो भने विकासका बीउहरू रोपिन्छन् भन्दै गजलकारले आफू मरेर पनि अरूलाई बचाउनु पर्छ भनेका छन् । देशभक्ति र राष्ट्रियताको भावना झल्किएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छ ।

### १.१०.१.१५ नेपालीले नेपालमा

यस गजलमा गजलकारले नेपालमा गृहयुद्धले घरघरमा आगो सल्काइ दिएको र नेपालमा नेपाली मासिने कार्य भएकाले त्यसबाट चिन्तित बन्दै नेपालीको आँसुले नेपाल भिजेको प्रति खेद प्रकट गरेका छन् । गोला, बारुद र रगतको भेल बगेका कुराबाट पीडित भएर नेपालीहरूलाई मार्छु र मर्छु भन्ने घमण्ड त्यागी शान्ति र सहकार्यको बाटो अपनाई शान्ति स्थापना गर्नका लागि आग्रह गरिएको यस गजलमा तखल्लुसको गरिएको छ ।

### १.१०.१.१६ कसले सुनी दिन्छ

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रेयसीको वियोगजन्य पीडा कसले सुनी दिन्छ भनेर भनेका छन् । अन्तिम सेरको मिसरा ए सानीमा तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा दैवले आफ्नो प्रीत छुटाइ दिएकोले सपनामा भए पनि भेट्न पाए हुन्थ्यो भन्दै आफ्नी प्रेयसीप्रतिको गाढा प्रेमलाई दर्शाएका छन् ।

### ४.१०.१.१७ निद्रा पनि लाग्न

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रेयसीको खोजका लागि भिर-पाखा चहारी हिँड्दा पनि कतै भेट्न नसकेकाले निद्रा पनि लाग्न छाड्यो तैपनि उनकै आस र प्यासमा बसेको छु भनी भनेका छन् । विपनामा नभेटिने तर सपनामा भेटिने आफ्नी मायालुलाई यसपाली तिम्रो प्रेमको ऋण चुकाउँछु सानु भनेर आफ्नो प्रेमलाई प्रकट गरेका छन् । मतला र मकताको संयोजन रहेको यस गजलको अन्तिम सेरको मिसरा ए सानीमा तखल्लुस शब्दको प्रयोग गरिएको छ ।

### ४.१०.१.१८. गाई-बाखा एकै

*गाई-बाखा एकै ठाउँमा सार्दिन* भन्ने गजलमा गजलकारले कसैप्रति अन्याय, अत्याचार गर्नुपर्छ भने आफै मर्न तयार हुन्छु तर अन्याय गर्दिन भन्दै समाजमा विद्यमान नातावाद र कृपावादप्रति छेड हानेका छन् । अन्यायका विरुद्ध लड्नका लागि साथमात्र दिए

पुग्छ । जातपात, धर्म, भनेर भेदभाव गर्दिन भन्दै समाजमा व्याप्त घुसखोरतन्त्रलाई समाप्त पारी स्वस्थ समाजको निर्माण गर्ने र राष्ट्रको विकासमा संलग्न हुन सम्पूर्ण जनतालाई आग्रह गरेका छन् । तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा पाँच सेर रहेका छन् ।

### ४.१०.१.१९ मलाई एक्लै

प्रस्तुत गजलमा गजलकारले आफूलाई एक्लै पारी उनी कता गइन् भनी उनको खोजमा भौतारिरहेका छन् । आफ्नो मनको व्यथा बुझिदिने कोही नभएकाले समाजमा खुनी बनाई आफूबाट टाढा भाग्ने आफ्नी प्रेयसीप्रति गुनासो पोखेका छन् । उनी, रुनी, खुनी, जुनीजस्ता पूर्ण काफियाको प्रयोग गरी लेखिएका यी सेरहरूको अन्तिम सेरमा तखल्लुसको प्रयोग पाइन्छ ।

### ४.१०.१.२० भोकै होलिन् उनी

प्रस्तुत गजलमा गजलकारले आफूलाई माया गर्ने मायालुले छोडेर टाढा गएको अवस्थामा पनि खाने बेलामा उनी भोकै छिन् कि यहाँ मैले कसरी खाऊँ भनी प्रेयसीप्रतिको आफ्नो प्रेमलाई दर्शाएका छन् । आफूलाई छोडेर गएकी प्रेयसीलाई एकपटक मात्रै भएपनि भेट्न चाहन्छन् । त्यसैले कता खोज्न जाऊँ भनी आफ्नो मनको बह पोखेका छन् ।

### ४.१०.१.२१ किन होला आजसम्म

प्रस्तुत गजलमा गजलकारले आजसम्म कतै पिरती गाँस्न नसकेका भाव अभिव्यक्त गरेका छन् । प्रेमको रोगले आफू ग्रसित बनेकाले कुनै औषधी उपचार पनि हुन नसकेको कुरा जनाएका छन् । प्रेमको अँगालोमा बेरिएर जीवन जिउन नपाएकाले आजसम्म जीवनमा हाँसो छाउन नसकेको कुरा बताएका छन् । पूर्ण काफियाको प्रयोग गरी लेखिएको यस गजलमा जीवन जिउनका लागि कसैको साथ र प्रेम आवश्यक हुने कुरा व्यक्त गरेका छन् ।

### ४.१०.१.२२ भेट गर्ने इच्छा थियो

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुसँग भेट गरी दुई-चारओटा कुरा गर्ने रहर थियो तर उनी कुरा नै नसुनी डराएर किन भागिन भनेका छन् । मलाई सधैँभरि साथ दिन्छु भन्थिन् तर कहाँ गएर पर्खिबसेकी छिन् त ? भनी भौँतारिएर खोज्दै रहेका छन् । तैपनि उनको भेट गर्ने इच्छा पूरा भएको छैन । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा मतला र मकताको पूर्ण संयोजन पाइन्छ ।

### ४.१०.१.२३ आज हाम्रो पिरतीमा

प्रस्तुत गजलमा गजलकारले आफ्नो पिरतीमा षडयन्त्र भएको भाव अभिव्यक्त छ । पिरतीको गहिराइमा फँसेकोले साउनको भेलसरी पिरती बन्न पुगेको छ । आफन्तका कुरा काटेर उनीसँगै लाग्दा पिरतीको जाँचमा फेल हुनु परेको पीडा अभिव्यक्त गरेका छन् । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुसको प्रयोगका साथै पूर्ण काफियाको प्रयोग गरी लेखिएकाले गजल उत्कृष्ठ बन्न पुगेको छ ।

### ४.१०.१.२४ कता गइन् उनी आज

प्रस्तुत गजलमा नायकले कता गइन् उनी आज भेट गर्न पाइन्छ कि भनेर आफ्नो चाह व्यक्त गरेका छन् । तैपनि नायकलाई नायिकासँग भेट हुँदैन कि भनी कता-कता डर लागिरहेको छ । उनले आफूलाई पराई ठाने पनि आफूले सधैँ चोखो माया गरिरहेको कुरा जनाएका छन् । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा पाइन्छ कि, खाइन्छ कि, छाइन्छ कि, गाइन्छ कि भनी पूर्ण काफियाको प्रयोग गरिएको छ ।

### ४.१०.१.२५ ख्याल-ख्यालैमा उनीसँग

*ख्याल-ख्यालैमा उनी*सँगको शीर्षकमा गजलकारले उनीसँग मायाप्रीति गाँसिएको र धेरै पटक खुसीले नाचेको कुरा जनाएका छन् । आफूले चोखो प्रेम लगाएकी प्रेयसीले छोडेर गइन् भन्दा पत्याउनै गाह्रो भएको छ । जसको लागि जीवन साचेको थिएँ उनैले आफूलाई छाडेर जाँदा आज यो के भयो भनी चित्त दुखाएका छन् ।

### ४.१०.१.२६ सपनीमा उनीलाई

आफूबाट टाढा रहेकी आफ्नी प्रेयसीलाई सम्झिएर लेखिएको यस गजलमा गजलकारले उनको सम्झनाका कारण निस्किएको आँसुलाई नसामा मिसाएर पिउन थालेको भनेका छन् । यो जीवन जिउनुभन्दा चीर निद्रामा पुग्न पाए हुन्थ्यो भनी निराशावादी भाव व्यक्त गरेका छन् । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुस 'भावुक' को प्रयोग गरी लेखिएको यस गजलमा सपनीमा भेटिएकी उनी विपनीमा बिउँझदा सिरानीमात्र रहेको छ भनी रतिरागात्मक प्रेमभावलाई व्यक्त गरेका छन् ।

### ४.१०.१.२७ मेरो लागि उनी अघि

प्रस्तुत गजलमा गजलकारले आफूबाट टाढा हुने प्रेयसीको सिउँदो नभरेको जाति लागेको छ । धोका दिएर जानेले मेरा लागि आँसु झार्नु पर्दैन जति आँसु झार्नु पर्छ म एक्लै झार्नेछु, उनी अब मेरो अगाडि नआइदिए हुन्थ्यो भनी आफ्नो पीडाभाव व्यक्त गरेका छन् ।

### ४.१०.१.२८ जीवनमा कुनै मूल्य

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रेयसीसँग तिमीसँग बाहेक कसैसँग मनको गाँठो फुकाएको छैन भनी आफ्नो प्रेमको विश्वास दिलाउन खोजेका छन् । आफ्नो प्रेमलाई बिस्कुनजस्तै सुकाएको छैन । आपत पऱ्यो भनी कसैसँग गुहार पनि मागेको छैन, आफ्नो शिर झुकाएको छैन भन्दै गजलकारले उनीलाई आफ्नो चोखो प्रेमको बन्धनमा बाँध्न चाहेका छन् ।

### ४.१०.१.२९ बेकारमा नेता

प्रस्तुत गजलमा जीवनमा झुक्किएर पनि नेता नबन्नु भनेका छन् । देश र जनतालाई ठगी, भ्रष्टाचारको बीउ रोपेर घुसतन्त्रलाई फस्टाउने शासन चलाउने गन्हाउने नेता कहिल्यै नबन्नु भन्न चाहेका छन् । नेताले जनताको मर्म बुझ्न सक्नुपर्थ्यो तर आफ्नै स्वार्थमा व्यस्त रहेका भ्रष्ट नेता भएको वर्तमान अवस्थामा आफू नेता नबनेको जाति भनी भ्रष्ट नेताको चरित्रलाई उदाङ्गो पारेका छन् ।

### ४.१०.१.३० मान्छेको जात किन होला

प्रस्तुत गजलमा मान्छेको जात भनेर जातविशेषलाई अङ्कित गरिएको हैन । मानिसमा कुनै ठूलो र सानो जात हुँदैन । भौतिक विलासितामा आकर्षित बनेकी नायिकालाई गरीबिको खोटो लगाई टाढा बनेकी उनलाई तिम्रा लागि अचानो बन्न तयार छु तर तिमी किन नबोलेकी भनी प्रश्न गरेका छन् । स्वार्थी समाजमा सबै स्वार्थी हुँदा रहेछन् भनी मान्छेको जात किन यस्तो होला भनेका छन् ।

### ४.१०.१.३१ यो जुनीमा

प्रस्तुत गजलमा गजलकारले उनीसँग भेटे पनि नबोल्ने भनेका छन् । आफूले उनीसँग साँचो प्रेम गर्दा पनि उल्टै आफूलाई बैरी बनाई पराइसँग नाता जोडेकोमा नायकको हृदय छियाछिया भएको छ । नायिकाबाट प्राप्त पीडाका कारण यो जुनीमा उनीले

नै बोलाए पनि फेरि उनीसँग बोलेर अर्को घाउ दिलमा रोप्न चाहेका छैनन् । लाउँदिन म, पाउँदिन म, गाउँदिन म, धाउँदिन म जस्ता पूर्ण काफियाको प्रयोग गरी लेखिएको यस गजलको अन्तिम सेरको मिसरा ए उलामा तखल्लुसको प्रयोग गरिएको छ ।

### ४.१०.१.३२ चियाभित्र चिनी

प्रस्तुत गजलमा गजलकारले जसरी चियाभित्र चिनी घुलिन्छ, त्यसैगरी उनीसँगको घुलमिलले मेरो माया उनैमा घोलिएको पो हो कि भनेका छन् । उनीसँग बिताएका ती रमाइला क्षणले गर्दा जीवनमा वसन्त छाउन पुगेको छ । खुसी र उमङ्गले फुरुङग भएकी हुँदा आजभोलि रात काट्न सकस भएको छ भनेका छन् । शब्दालङ्कारले भरिपूर्ण यस गजलमा तखल्लुसको प्रयोगका साथै प्रत्येक मिसराको पूर्ण संयोजनले गजल रोमाञ्चक बनेको छ ।

### ४.१०.१.३३ हामी सबै नेपालीले

प्रस्तुत गजल देशभक्तिको भावनाले युक्त गजलको रूपमा रहेको छ । यस गजलमा सम्पूर्ण नेपालीहरूले कृषिका निमित्त क्रान्ति गरी सबै मिली एकताबद्ध भएर कर्म गर्नुपर्छ भनेका छन् । अपाङ्ग, बुढाबुढी, बालक, गरिब, निमुखाका लागि कार्यक्रम ल्याउनुपर्छ । दश औंला खियाएर हामी नेपालीले एकता र कर्मको चुलो जोड्नुपर्छ । तखल्लुस 'भावुक' को प्रयोग गरी लेखिएको यस गजलमा नेपाल र नेपालीप्रतिको माया प्रकट गरिएको छ ।

### ४.१०.१.३४ आकाशमा चम्किएर

प्रस्तुत गजल कर्मवादी गजल हो । कर्म गरे फल पाइन्छ भन्दै आफ्नो जीवनको लक्ष्य पनि भेट्टाउन पनि कर्म गर्नु पर्छ भनिएको छ । देशको माया गर्नेहरूले देशमै उद्योगधन्दा खोलेर देशलाई विकासतिर डोऱ्याउने प्रयत्न गर्नुपर्छ । कर्मबाट नै जीवनको मूल्य प्राप्त हुन्छ । तखल्लुस 'भावुक' को प्रयोग गरी लेखिएका यी सेरहरूमा मेरो कुरा सुन भनी कर्मको मार्गतिर डोरिन सबैमा आग्रह गरेका छन् ।

### ४.१०.१.३५ सधैँभरि उनको नजिक

प्रस्तुत गजलमा नायकले नायिकाको नजिक बसेर मायाप्रेमका गफ गर्न पाए यो जीवन धन्य हुन्थ्यो भनेका छन् । उनको सम्झनामा रातको निद्रा र दिनको भोकसमेत हराउँदै गएकाले बरु उनको सिउँदो भरेर आफूसँग राख्ने चाहना व्यक्त गरेका छन् । आफ्नो

जवानी नै नायिकाको यादमा बित्न लागेकाले उनी सधैँ नजिक रही दिए हुन्थ्यो भनी प्रेमभाव व्यक्त गरेका छन् । मिसरा ए उलामा तखल्लुसको प्रयोगका साथै पूर्ण काफियाको प्रयोग गरी लेखिएको यस गजलमा नायकले आफ्नी नायिकालाई आफूसँगै राख्ने चाह व्यक्त गरेका छन् ।

### ४.१०.१.३६ जीवनसाथी उनी मेरो

प्रस्तुत गजलमा गजलकारले आफ्नो एउटै इच्छा उनीसँगै जिन्दगी जिउने चाहना रहेको भाव व्यक्त गरेका छन् । आफ्नो जीवनको सम्पूर्णता उनैलाई ठाने पनि उनलाई प्राप्त गर्न नसक्दा उत्पन्न पीडालाई शान्त पार्न एक्लै बसी नसा तान्न चाहेका छन् । प्रेमको अग्निकुण्डमा जलेकाले शितलता खोज्दै गजलकारले आफ्नो प्रेमको सच्चाइलाई सबै सामु राखेका छन् ।

### ४.१०.१.३७ तिमी बाहेक अन्त

प्रस्तुत गजलमा गजलकारले आफ्नो जीवनसँगीका रूपमा उनीलाई रोजिसकेकाले अब जतिसुकै रूप र धनले भरिपूर्ण अन्य कोही आए पनि उनी बाहेक कोही चाहिँदैन भनेका छन् । तिमीप्रति विश्वास गरी यो माया लगाएकाले मलाई धोका दिन पाइँदैन भनी गजलकारले तिमी बाहेक कसैसँग नाता लाइँदैन भनेका छन् ।

### ४.१०.१.३८ इशाराले बोलाएनि

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रेयसीले आफ्नो प्रेमप्रस्तावलाई स्वीकार गरी प्रेमको बन्धनमा बाँधिइन् भने पक्कै पनि मेरो जीवनमा सुदिन आउनेछ भनी आशावादी स्वर अभिव्यक्त गरेका छन् । हित्तचित्त मिल्यो भने खोलेफाँडो खाएपनि आनन्द आउँछ भनी आफ्नो हृदयलाई बुझाएका छन् । अन्त्यानुप्रासको संयोजनका साथै तखल्लुसको प्रयोग गरी लेखिएका यी सेरहरू मर्मस्पर्शी रहेका छन् ।

### ४.१०.१.३९ माया मोह बिर्सी

प्रस्तुत गजलमा गजलकारले जीवनदेखि विरक्त भएर माया मोहबाट टाढै बस्न पाए अश्रुवर्षा गराएर बस्न पर्दैनथ्यो भनेका छन् । सधैँभरी पीरव्यथा बोकेर बाँच्नुभन्दा छिट्टै चितामा जल्न पाए हुन्थ्यो भनी प्रेमको वियोगमा तड्पिएका छन् ।

### ४.१०.१.४० अत्याचार गर्नेलाई

प्रस्तुत गजलमा गजलकारले अन्याय र अत्याचार गर्नेलाई कुटेर समाजबाट निकाल्नुपर्ने भाव व्यक्त गरेका छन् । समाजका विषालु जीवका रूपमा रहेका यस्ता व्यक्तिहरूले समाजलाई नै ध्वस्त पार्ने भएकाले यिनीहरूलाई समाजबाट लखेट्नु पर्छ । श्रमजीविवर्गको साथ दिने चाहना राख्ने 'भावुक'ले यसमा समतामूलक र स्वस्थ समाजको परिकल्पना गरेका छन् ।

### ४.१०.१.४१ आकाशको तारा पनि

प्रस्तुत गजलमा गजलकारले जसको गुणगान गाएर प्रशंसा गरेका थिए, उनी नै आज मलाई रुवाई कता गइन् भन्दै उनैलाई खोजेका छन् । वसन्त ऋतुमा कोइलीले गाउँदा उनकै स्वरको सम्झना दिलाएको भाव व्यक्त गरेका छन् । प्राकृतिक बिम्बको प्रयोग गरी लेखिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छ ।

### ४.१०.१.४२ उनी मेरो जिन्दगीको

प्रस्तुत गजलमा गजलकारले आफ्नो जीवनको सबैभन्दा प्रिय वस्तु उनैलाई ठानेका छन् । सफा, स्वच्छ, निर्मल मनकी उनीमा कुनै छलकपट नरहेकाले जीवनको सबैभन्दा जाती उनैलाई ठानेका छन् । आफ्नो जीवनमा साँचो प्रेम गर्ने उनी बाहेक कोही नभएको भन्दै उनको प्रशंसा गरेका छन् ।

### ४.१०.१.४३ जिन्दगीलाई सधैँभरि

प्रस्तुत गजलमा गजलकारले उनकै नजिक बसी आफूलाई उनमा नै विलिन गर्ने चाह व्यक्त गरेका छन् । सुख्खा जीवनलाई प्रेमको सागरमा डुबुल्की मार्दै हरियाली छाउने चाहना व्यक्त गरेका छन् । आफ्ना मनका अव्यक्त चाह पूरा गरी जीवनलाई तृप्त बनाउन खोजेका छन् । पूर्ण काफिया र तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा शब्दालङ्कारको प्रयोग गरिएको छ ।

### ४.१०.१.४४ नेपालमा अब शान्ति

कतै प्रेम र वियोगले भरिएका त कतै राष्ट्रप्रेमले भरिपूर्ण भएका गजल लेख्ने गजलकारको यस गजलमा शान्तिको कामना गरिएको छ । सम्पूर्ण नेपालीहरू राष्ट्रिय

एकताको साङ्लोमा बेरिएर राष्ट्रिय विकासमा जुटे नेपालमा रोग, भोक र गरीबि हट्थ्यो भनेका छन् । गोला र बारुद त्यागेर शान्तिको गीत गुनगुनाउन सबैलाई आग्रह गरिएको यस गजलमा तखल्लुस र पूर्ण काफियाको प्रयोग गरिएको छ जसले गर्दा गजल अत्यन्त मार्मिक बन्न पुगेको छ ।

### ४.१०.१.४५ उनले छाडी गएपछि

प्रस्तुत गजलमा नायकले नायिकाबाट पाएको वियोगजन्य पीडालाई व्यक्त गरेका छन् । साँचो माया गर्नेभन्दा धोका दिनेको सङ्ख्या धेरै रहेको यस समाजमा आफूमाथि खेलवाड गर्नेलाई धन्यवाद सुनाइ दिनुभनी तिखो व्यङ्ग्य प्रहार गरेका छन् । उनीप्रति आफ्नो अतिशय प्रेम रहेकाले एकपटक मात्रै भएपनि भेटेर किन मलाई धोका दियौ भनेर उनलाई सोध्ने चाहना व्यक्त गरेका छन् ।

### ४.१०.१.४६ आजभोलि किन किन

प्रस्तुत गजलमा हाम्रो समाजमा रहेको रेष्टुरा जाने प्रवृत्ति र नसा पिउने प्रवृत्तिलाई देखाइएको छ । आफ्नो अभिभावकत्व र जिम्मेवारीबाट भाग्दै कुलत र कुसङ्गतको दलदलमा फँसेका नैतिक पतनमूखी युवापिँढीको सजीव चित्रण यसमा गरिएको छ । सुरा र सुन्दरीको सङ्गतले जीवन नै सखाप हुने र एच.आई.भी.-एड्सजस्ता भयावह रोगको सिकार बन्न पुगिने कुराप्रति युवावर्गलाई सचेत बनाउने काम यसमा गरिएको छ ।

### ४.१०.१.४७ छ महिनाको

प्रस्तुत गजलमा गजलकार ‘भावुक’ छ महिनाको बच्चाले भोग्नु परेको पीडाले भाव विह्वल बनेका छन् । छ महिनाको बच्चालाई डँडाल्नुमा बोकेर ढुङ्गा कुट्नु पर्ने उसकी आमाको विवशता रहेको छ । दुधे बालकले समेत घाम-पानी, हुरी-बतास झेल्नु परिरहेको छ । उसले आरामसँग सुत्नसमेत पाएको छैन । जन्म र रगतले मानिस भएपछि सामाजिक संरचनाका कारण गरिबहरूका सन्तान हुर्कन, बढ्नसमेत गाह्रो भएको कुरा यसमा देखाइएको छ । असहायको सहारा कोही नभएको दृश्यले उनको शुल रोपेको छ । त्यस बालकप्रति गजलकारले सहानुभूति प्रकट गरेका छन् ।

### ४.१०.१.४८ आज आफ्नो भए पनि

प्रस्तुत गजलमा लेखकले रुप र जवानीले मस्त हुँदा आफैलाई चिन्न नसकेकाले दुःख प्रकट गरेका छन् । आमा, बुबा र साथीसङ्गीका कुरा नमानी आफ्नै जिद्धीले गर्दा आज यो दुःखको भूमरीमा परेकाले आफ्नो बनाई सकेपछि अर्कै मान्न सकिएन भन्दै आफूले चोखो प्रेम गरेर गरेको गल्तीप्रति पश्चाताप प्रकट गरेका छन् ।

### ४.१०.१.४९ मधुरो भो आकाशमा

प्रस्तुत गजल देशमा विद्यमान नेताहरूको भ्रष्ट चरित्रप्रति आक्रोश पोख्दै लेखिएको छ । यसमा सहिदका सपना पूरा गर्ने वाचा लिएर कुर्सीसम्म पुगेका नेता आफ्नै स्वार्थमा भुलेका छन् । गरिबमाथि अन्याय अत्याचार गर्नेको दाह्रा फुकालिदिने चाहना राखेका 'भावुक'ले गरिबलाई जिउनै साह्रो भएको कुरा व्यक्त गरेका छन् । खाद्य सङ्कट र बढ्दो महँगीको चापले गरिबको ढाड सेकिएको कुरा यसमा सशक्त ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

### ४.१०.१.५० उनी आउँछिन्

प्रस्तुत गजलमा गजलकारले उनीप्रति पूर्ण विश्वास गरी आउने बाटो कुर्दा पनि उनले बिर्सिदिएकाले निष्ठुरी भनी सम्बोधन गरेका छन् । भेट्ने इच्छा तीव्र हुँदा पनि उनले माया मारेर गए तापनि उनको भलो नै चाहेका छन् । समाजमा रहेको आर्थिक विपन्नताको खाडलले गर्दा उनले मेरो साथ लिन नचाहेकी हुन् कि भनेर आफूले लगाएको गुनलाई नबिर्सन भनेका छन् ।

### ४.१०.१.५१ कसो कसो माया बस्यो

प्रस्तुत गजलमा गजलकारले कसैसँग प्रेम बसेको र अचानक मायाको डोरी छिन्दा पीडित बनेको भाव व्यक्त गरेका छन् । नायिकाले मायाको डोरी चुँडालेर गएपछि माया भन्ने यस्तो हुँदो रहेछ भनी उनले थाहा पाएका छन् । नायक आजभोलि उनलाई खोज्दै भौँतारिएर हिँडेका छन् । शब्द भङ्ग गरिएको यस गजलका सेरहरू पाँचवटा रहेका छन् । अन्तिम सेरको मिसरा ए सानीमा तखल्लुस 'भावुक' शब्दको प्रयोग गरिएको छ ।

### ४.१०.१.५२ कसलाई दसा लागेर हो

प्रस्तुत गजलमा गजलकारले आफ्नो जीवनमाथि कसैले षडयन्त्रको चक्रव्यूह बुनको भाव अभिव्यक्त गरेका छन् । जसले यो जाल बुन्छ ताकत भए अगाडि नै आऊ । पछाडि बसेर किन मुड्की ताक्छौ भनी आफ्नो सामु आउन आग्रह गरेका छन् । आफूले कुनै गल्ती नगरेकाले नडराईकन सामना गर्न तयार रहेको कुरा यस गजलमा प्रस्तुत गरिएको छ ।

### ४.१०.१.५३ डोरी खोजी यो मनले

प्रस्तुत गजलमा गरिबका गाँस, बाँस र कपासका समस्यालाई देखाइएको छ । दुःखको सागरमा चुर्लुम्मै डुबेको अवस्थाबाट निस्कने प्रयत्न गर्दा-गर्दै समयले नेटो काटिसके छ तैपनि कालले समेत आफूलाई धेरैचोटी ढाँटीसक्यो भनेका छन् । स्वार्थी समाजका मानिस मात्रै नभई कालले समेत आफूमाथि धेरै छल गरेकाले आत्महत्याको लागि डोरी खोजेको पीडाभाव व्यक्त गरिएका छन् ।

### ४.१०.१.५४ गाउँबाट सहर पसे

प्रस्तुत गजलमा जीवन धान्न गाह्रो भएको भाव जनाइएको छ । एउटाको जीवनले धेरैलाई पालिएको थियो तर आज एक्लै हुँदा पनि जीवनमा बाँच्न गाह्रो भएको छ । जीवनका ठूला-ठूला भेल तरे तापनि आज खहरे तर्नपनि गाह्रो भएको छ । आफ्नो जीवनमा खुसी र उमङ्ग छाउन नसकेकोले मायाको खडेरी र अनिकाल छाएको कुरा प्रस्तुत गजलमा रहेको छ । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुस 'भावुक' शब्दको प्रयोग गरी लेखिएको यो गजल मार्मिक रहेको छ ।

### ४.१०.१.५५ आजसम्म सधैँ मेरो

प्रस्तुत गजलमा गजलकारले माया बिना जीवनको कुनै मूल्य नरहेको कुरा व्यक्त गरेका छन् । उनले साथ छोडिदिँदा जीवन अस्तव्यस्त भएको छ । आफ्नो जीवन आफ्नै लागि भार भएकोले आफ्नै जीवनको पनि माया लाग्न छाडेको कुरा यसमा व्यक्त गरिएको छ । त्यसैले उनमा हीनताभावले छोएकोले जीवनमा सधैँ हारमात्र भयो भनी निराशाभाव व्यक्त गरेका छन् ।

### ४.१०.१.५६ मुस्किल पऱ्यो

प्रस्तुत गजलमा सारा संसार पैसामा नै बिकेको भाव अभिव्यक्त गरिएको छ । जीवनमा कतिबेला रगतको खोला बग्छ भन्ने थाहा नभएकोले आफ्नै जीवनको लगत राख्न मुस्किल परेको जनाएका छन् । अविश्वासको समय रहेकाले न्याय-निसाफ पाउन पनि साह्रो परेको छ । गरिब-दुःखीलाई समेटेर लैजाने मेरो कुरा सुनिदेउन भगत भनी आफ्नो चाहना ईश्वरसँग पुकारा गरेका छन् । मिसरा ए सानीमा तखल्लुको प्रयोग पाइने यस गजलमा पूर्ण काफियाको प्रयोग गरिएको छ ।

### ४.१०.१.५७ त्यो मनमा अनेक

प्रस्तुत गजलमा गजलकारले आफूप्रति कुनै शङ्का नगर, तिमीलाई सधैँ साथ दिन तत्पर रहेको छु । समाजका कुरा सुनी डराएर नभाग । दुईचार दिन भेट नहुँदा शङ्का गरेर लङ्का नजलाऊ भनेर आफ्नी प्रेयसीलाई सम्झाएका छन् । सङ्घर्षै-सङ्घर्षका बीचमा जीवन फुल्छ भन्दै उनीलाई विश्वास दिलाउन चाहेका छन् र सङ्घर्षसँग जुध्न आग्रह गरेका छन् ।

### ४.१०.१.५८ मात लाग्ने नशा

प्रस्तुत गजलमा गजलकारले मानिसले गर्न नहुने कुराहरूलाई अङ्कित गरेका छन् । मानिसले जीवन विनाशक नशा तान्नु हुन्न, मानिसले मानिसको स्वतन्त्रताहरू खोस्नु हुन्न । आफैले आफूलाई ठूलो मान्नु हुन्न बेइमानहरूको समाजमा इमानसमेत काम लाग्दैन भनी वर्तमान समाजको यथार्थलाई पनि पस्किएका छन् ।

### ४.१०.१.५९ उनकै यादले

आफ्नो भाग्यमा उनी नलेखिए पछि उनलाई बिर्सने प्रयत्न गरेका छन् । आफ्नो जीवनमा कोही आईदिने भेटिन्छ की भनी आजभोलि दोबाटोमा नजर लगाउन थालेका छन् । मिसरा ए उलामा तखल्लुस शब्द ‘भावुक’ को प्रयोगका गरी लेखिएको यस गजलमा आशावादी स्वर गुञ्जिएको छ । तान्ने गर्छु अचेल, धान्ने गर्छु अचेल, ठान्ने गर्छु अचेलजस्ता पूर्ण काफियाको प्रयोगले यो गजल मार्मिक बन्न पुगेको छ ।

#### ४.१०.१.६० मायालुलाई ढाँट्न

प्रस्तुत गजलमा आफ्नी मायालुको प्रेमपीडाले रातको निद्रा र दिनको उज्यालोसँग जीवन बिताउन कठिन परेको कुरा व्यक्त गरिएको छ । वियोगको पीडाले पीडित बनेर जीवन जिउन साह्रो भएको छ । अर्कैसँग पुनः मायाको डोरी बाट्न झन् गाह्रो कुरा यसमा व्यक्त भएको छ । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुस 'भावुक' शब्दको प्रयोग गरी गरिएको छ । यस गजलमा मिसरालाई मिलाउनका लागि 'रैछ' जस्तो क्रियापदको प्रयोग गरिएको छ ।

#### ४.१०.१.६१ चुहिने घर छाउने

रुढीवादी अन्धपरम्परालाई त्यागी प्रगतिवादी विचारधाराका गजलकारले नतोडिने मायाप्रेम गाँसेर जीवन जिउने परिकल्पना गरेका छन् । जात, धर्म, सम्पत्ति हेरेर नाता जोड्ने प्रशस्तै भेटिएपनि गजलकारले आफूलाई आफ्नो मनको भावलाई बुझ्ने नाता जोड्ने ज्ञाता भए पुग्छ भनी आफ्नो भाव अभिव्यक्त गरेका छन् ।

#### ४.१०.१.६२ मानिसको मनभित्र

प्रस्तुत गजलमा मानिसको मन अनौठो रहेको हुन्छ । मनभित्र अनेक तानाहरू रहेका हुन्छन् । मानिसका सपनाहरू पुरै पूरा नभए तापनि केही त अवश्य पूरा हुन्छन् भनी गजलकारले वर्तमान समयमा हाम्रो संस्कृतिमा देखिएका छाडापनहरू हटेर गए हुन्थ्यो भनेका छन् । अन्धाधुन्ध पश्चिमी संस्कृतिको पछि लाग्ने युवापिँढीलाई हाम्रो संस्कृति हाम्रो गौरव हो त्यसैले संस्कृति जोगाउनतिर लाग्न आह्वान गरेका छन् । मिसरा ए सानीमा तखल्लुसको प्रयोगका साथै पूर्ण काफियाको प्रयोग गरी लेखिएको यो गजल हाम्रो संस्कृतिप्रति जनचेतना जगाउने उद्देश्यले रचना भएकाले मर्मस्पर्शी रहेको छ ।

#### ४.१०.१.६३ थुकेपछि फेरि आफै

प्रस्तुत गजलमा वीररसको भाव पाइन्छ । अन्याय, अत्याचार, नातावाद, कृपावाद, भ्रष्टाचार मौलाउँदै गएकाले वर्तमान समयका व्यक्तिप्रति आक्रोश पोखेका छन् । पसिना बगाएर मेहनत गर्ने र मेहनतको फल मात्रै भोग्ने गजलकारले अदालतको कठघरामा लगेर उभ्याए पनि असत्यलाई नअँगाल्ने कुरा बताएका छन् । चन्द्र र सूर्य रहेसम्म सत्यका पछि

लाग्ने 'भावुक' विदुरजस्तै कर्तव्यनिष्ठ देखिन्छन् । मिसरा ए उलामा तखल्लुसका साथै पूर्ण काफियाको प्रयोगले प्रस्तुत गजल यथार्थताको नजिक पुग्न गएको छ ।

### ४.१०.१.६४ राम्रो काम गरिस् भने

**अभिनव साहित्य समाज**-२०६२ मा प्रकाशित प्रस्तुत गजलमा वीररसको बाहुल्यता रहेको छ । कुर्सीमा बसेर पदको दुरूपयोग गर्नेहरूलाई खबरदारी गरिएको यस गजलमा क्रान्तिका रूपमा 'फिलुङ्गोको भिल्को' भन्ने प्रतीकको प्रयोग गरिएको छ । नियम-कानुन मिच्नेलाई सतर्क हुन आह्वान गरिएको यस गजलमा परिआएमा पछि नहट्ने कुरा जनाएर वीर गोर्खालीको परिचय दिइएको छ । मिसरा ए उलामा तखल्लुस र पूर्ण काफियाको प्रयोगको गरी लेखिएको यस गजलमा राष्ट्रभावको झ-झल्को पाइन्छ ।

### ४.१०.१.६५ अन्याय र अत्याचारको

प्रस्तुत गजलमा अन्याय र अत्याचारको राँको सल्काएर, नियम कानुन मिल्काएर, मनभित्र कपटको जालो फैलाएर किन ममाथि आइलाग्यौ भनी समाजप्रति प्रश्न गरेका छन् । सोझा साझा कर्म गरेर खानेहरूलाई जीवनमा हिँड्न समेत गाह्रो भएको कुरा यसमा व्यक्त गरिएको छ । कसैको विगार नगर्दा पनि मेरो हिँड्ने बाटोमा किन भाँजो हाल्यौ ? भनी प्रश्न गरेका छन् । यस गजलमा चाल्यौ किन, बाल्यौ किन, पाल्यौ किन जस्ता पूर्ण काफिया र तखल्लुस 'भावुक' शब्दको प्रयोग पाइन्छ ।

### ४.१०.१.६६ ठूलो नदी महाकाली

प्रस्तुत गजलमा देशभक्तिको भावना प्रबल रूपमा रहेको छ । आफ्ना देशका ठूला नदीहरू नेताले बेचेर आफू मोटाउँदै गएको र जनता दुब्लाउँदै जानुका साथै पानीको हाहाकार भएर काकाकुल बन्नु परेको तथ्य अघि सारिएको छ । जलस्रोतको दोस्रो ठूलो देश नेपाल भनिए तापनि दिनानुदिन लोडसेडिङको समस्या एकातिर छ भने अर्कोतिर नेपालको अस्तित्त्व नै मेटिने पो हो कि भनी चिन्ताभाव व्यक्त गरिएको छ । तसर्थ नेपालको गौरव रहेका यी रोशीहरू नबेच है भनी गजलकारले अश्रुधारा बगाएका छन् । जुन गजलकारको पुकार मात्र नरही सम्पूर्ण नेपालीहरूको पुकार रहेको छ ।

### ४.१०.१.६७ एक्लो भए जस्तो

प्रस्तुत गजलमा गजलकारले अहिलेसम्म आफूलाई साँचो माया गर्ने कोही छैन । मैले तिमीलाई झुटो आश्वासन दिएर मायाको जालमा पारी अलपत्र छाड्दिन । एकपटक दिलमा राखेर हेर भनी उनीसँग मायाका लागि आफ्नो आँचल थापेका छन् । मिसरा ए सानीमा तखल्लुसको प्रयोग गरी लेखिएको यस गजलमा बेला छँदै विचार गरी मायाको डोरीलाई बलियोसँग बाँध्न उनीलाई आह्वान गरेका छन् ।

### ४.१०.१.६८ धेरै जिद्धि नगर

प्रस्तुत गजलमा सत्य कार्य गर्नका लागि जोड दिइएको छ । धेरै जिद्धि गरेर गलत कदम नचाल फेरि तिम्रो दुर्गति हुन पनि सक्छ । जीवनमा ठक्कर खाइएला । आफन्तबाट टाढा हुनुपर्ला । मनको बह बोकेर चारैतिर धाउनु पर्ला भनेर प्रस्तुत गजलमा भनिएको छ ।

मानिसले मरेपछि लाने भनेको सम्झना हो । “नाङ्गै आयौँ, नाङ्गै जान्छौँ भने धेरै ब्रह्मलुट गर्नतिर नलाग” भनी सबैमा चेतना जगाउने प्रयास गरेका छन् ।

### ४.१०.१.६९ साइँलो पनि हिजो

प्रस्तुत गजलमा देशका युवाहरूलाई देशभित्र बस्न गाह्रो भएको कुरा व्यक्त गरिएको छ । दशवर्षे गृहयुद्धको झ-झल्को दिने यस गजलमा साइँलो, माइलो, काइँलो गाउँ छोडेर सहरतिर लागेका छन् । यस्तै अरू युवाहरू पनि गाउँमा बस्न त्रसित भइरहेका छन् । जसले गर्दा युवावर्गहरू विवश भएर विदेश पलायन हुनुपर्ने अवस्थाको चित्रण गरिएको छ ।

### ४.१०.१.७० दु:ख पीडा खप्ने

प्रस्तुत गजलमा गजलकारले आफूलाई घाइते मृग बनाएर छाडेर गएपनि उनकै आशमा बसी मिलनको उज्यालो कुरेको बताएका छन् । उनले आफ्नी प्रेयसीलाई खोज्दै भौँतारिएर हिँड्दा मनभित्र आगो दनदन भएको कुरा बताएका छन् । अन्तिम सेरको मिसरा ए उलामा तखल्लुस ‘भावुक’ शब्दको प्रयोग गरिएको छ ।

### ४.१०.१.७१ नेपाली हुँ भनी बाँच्न

प्रस्तुत गजलमा सम्पूर्ण नेपाली दाजुभाइहरू एक आपसमा मिली एउटै पँधेराको पानी भर्नुपर्छ भनेका छन् । दाजुभाइको गृहकलहले नेपाल आमाको छातीलाई पोल्नुहुन्न,

गौतम बुद्धको शान्तिप्रिय देशमा शान्ति ल्याउनुपर्छ भनी सबै नेपालीलाई राष्ट्रिय शान्तिको एउटै मुलधारमा आउन आग्रह गरिएको छ । रगतको खोला धेरै बगिसक्यो अब सबै मिली देशको विकास गर्नुपर्छ भनी सबैमा राष्ट्रहितको भाव जगाइएको छ । यस गजलमा तखल्लुसका साथै काफियाको प्रयोग पाइन्छ ।

### ४.१०.१.७२ माया गरौँ नेपालीले

प्रस्तुत गजलमा गजलकारले आफ्नो लागि आफैँ काम गर्नुपर्छ र 'घर फला खाऊ, घर बुना लगाऊ' भन्ने दिव्योपदेशलाई मनन गरी अरूको मुख ताक्नु हुँदैन । सबै नेपालीले देशको माटोलाई माया गरौँ, विदेशतिर नधाऔँ भनी "जननी जन्मभूमिश्चः स्वर्गादऽपि गरियसी" भन्ने भाव सञ्चार गराएका छन् । मिसरा ए उलामा तखल्लसुको प्रयोग गरी लेखिएको यस गजलका सेरहरू मार्मिक रहेका छन् ।

### ४.१०.२ निष्कर्ष

वि.सं. २०६५ सालमा प्रकाशित भएको **मौन खबरहरू** गजलसङ्ग्रहमा बहत्तरवटा गजलहरू रहेका छन् । यस गजलभित्र कतै मायाप्रेमका झङ्कारहरू रहेका छन् भने कतै वियोगका पीडाले विक्षिप्त भाव व्यक्त गरेका छन् । कतै आक्रोशको भाव जगमगाएको देखिन्छ त कतै श्रृङ्गारको भाव पाइन्छ । विभिन्न रसपाकले भरिपूर्ण यस गजलमा राष्ट्रियताको भावना पनि रहेको छ । कतै हाम्रो संस्कृतिमा देखिएका विकृतिहरूप्रति तीव्र आक्रोश छ त कतै अन्याय अत्याचार र घुस खाने भ्रष्ट नेताप्रति आक्रोश छ । समग्रमा सम्पूर्ण विषयवस्तुलाई समेटिएर लेखिएको यस गजलसङ्ग्रह शब्दालङ्कार, अर्थालङ्कार, तखल्लुस, रदिफ, काफियाको प्रयोगले उत्कृष्ट रहेको छ । मनभित्र रहेका अव्यक्त खबरहरूको सङ्गालो **मौन खबरहरू** गजलसङ्ग्रहको शीर्षक पनि सार्थक रहेको छ ।

## ४.११ श्यामबहादुर 'भावुक'का फुटकर रचनाहरूको विवरण

प्रगतिवादी विचारधाराले भरिपूर्ण नेपाली साहित्यका नवप्रतिभा 'भावुक'का छ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त केही फुटकर रचनाहरू पनि प्रकाशित छन् । 'जीवनका कथा-व्यथा' नामक कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । 'अधुरो सपना' (उपन्यास २०५२), 'सुन्तली-हर्के' (खण्डकाव्य २०५६), 'अठोट'

(खण्डकाव्य २०५८), 'होसियार' (कवितासङ्ग्रह २०५९), 'सम्झनाको दियो' (गीति शोककाव्य २०६०) र 'मौन खबरहरू' (गजलसङ्ग्रह २०६५) उनका प्रकाशित कृतिहरू हुन् । यी कृतिहरू समाज सुधारका संवाहकका रूपमा रहेका छन् ।

'अधुरो सपना' उपन्यासमा अभिजातवर्गका थिचोमिचोका कारण विपन्नवर्गका सपना अधुरा रहन्छन् भनेर देखाइएको छ । जुन समाजको यथार्थताको रूपमा रहेको छ । 'सुन्तली-हर्के' र 'अठोट' खण्डकाव्यमा जुवातास, सुरा र सुन्दरीको कूलतमा फसेको युवावर्गको ज्वलन्त उदाहरण प्रस्तुत गरिएको छ । जसबाट जन, धनको सर्वनाश हुने भएकाले उनीहरूमा जनचेतना जगाई कर्मशील बन्न आह्वान गरिएको पाइन्छ । राजनैतिक विकृति र विसङ्गतिको भण्डाफोरका साथै रतिरागात्मक प्रेमका उपजहरू र स्वास्थ्यसम्बन्धी जनचेतनाका स्वरहरू 'होसियार' कवितासङ्ग्रहमा अभिव्यक्त गरिएको छ । सबैलाई होसियार बनाउने ध्येय यसमा पाइन्छ । जनताका प्यारा संवेदनशील राजा वीरेन्द्र र रानी ऐश्वर्यासहित राजपरिवारको अकल्पनीय पीडादायी घटनालाई शोकका माध्यमबाट श्रद्धाञ्जलीका भाव 'सम्झनाको दियो' गीति शोककाव्यमा रहेको छ । प्रगतिशीलता, सामाजिकता, नारी संवेदनाका प्रत्याभूति, माया, प्रेम, विछोड र राजनीतिमा देखिने विषमतालाई विषयवस्तु बनाइएको कृतिका रूपमा 'मौन खबरहरू' गजलसङ्ग्रह रहेको छ ।

यी विविध कृतिहरूका माध्यमबाट साहित्यिक क्षेत्रमा आफ्नो उचाइ राख्न सफल 'भावुक'का प्रकाशित फुटकर रचनाहरूसमेत यसप्रकार रहेका छन् :

- *चेपाङ जातिको कथा व्यथा* - लेख - **नारायणी टुडे,** २०५७, जेठ-असार ।
- *शान्तिप्रिय देश* - कविता - **युगसंवाद साप्ताहिक** - २०६२ साउन २५ मङ्गलबार ।
- *नेपाल हाम्रो देश* - कविता - **नवोदित साप्ताहिक** २०६२।०४।२८ शुक्रबार
- *चेलीको बिलौना* - कविता - **हिन्दु** - वर्ष २३, अङ्क २१, २०६२ भाद्र २३ बिहीबार ।
- *म त भन्छु, जाँडरक्सी नखानु* - कविता - **हाम्रो परिवार स्वास्थ्य,** वर्ष ४१, अङ्क-१, पौष २०६३ ।
- *रमाको सल्लाह* - कथा - **जनमत**, वर्ष, १९/१०-११
- *जनचेतनाको अभावमा क्यान्सर रोगको बृद्धि* - लेख - **युगसंवाद साप्ताहिक ।**
- *छिट्टै मुक्ति पाउनुहोस्* - कविता - **बी.पी.के.एम.सी.एच. न्युज लेटर (BPKMCH, News Letter)** - वर्ष १२, अङ्क -१, असोज २०६६ ।

## पाचौं परिच्छेद

# उपसंहार

### ५.१ पृष्ठभूमि

काठमाडौँ जिल्लाको महाङ्काल-२, भङ्गालमा पिता कमलबहादुर खड्का र माता रत्नकुमारी खड्काको कोखबाट दोस्रो सन्तानका रूपमा वि.सं. २०२३ सालमा जन्मिएका श्यामबहादुर खड्काको साहित्यिक नाम श्यामबहादुर 'भावुक' हो । निम्न मध्यमवर्गीय परिवारमा जन्मिएका 'भावुक'ले जीवनमा धेरै दुःख सुख एवम् उतारचढावहरू पार गरेर आएको कुरा उनको जीवनी इतिहासले बताउँछ । घरको आर्थिक स्थिति जीवनका उचारचढावका बाबजुद उनले आफ्नो पढाइलाई निरन्तरता दिँदै स्नातकोत्तर तहसम्म पुऱ्याएका छन् । यसलाई पूर्णता दिन भने सकेका छैनन् । विशेषतः आफ्नै आमाको प्रभाव र प्रेरणाबाट अगाडि बढ्न सिकेका 'भावुक'लाई पारिवारिक सहयोग पूर्णरूपमा भएको बरु आफू स्वयम्ले परिवारलाई हेर्न नसकेको दुःखेसो उनमा रहेको छ । साधारण पहिरन र सादा खानामा रुचि राख्ने 'भावुक'को मुख्य क्षेत्र साहित्य नै हो । हिन्दूधर्ममा आस्था एवम् विश्वास राख्ने 'भावुक' धार्मिक आडम्बर र स्वाङलाई त्यति मन पराउँदैनन् । वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा शाखा अधिकृत पदमा कार्यरत 'भावुक' हाल क्यान्सर अस्पतालकै क्वाटरमा बस्दछन् भने उनका दुई छोरा र श्रीमती काठमाडौँ, महाङ्काल-२, भङ्गालमा बस्दछन् । समाजमा उनको व्यक्तित्व अत्यन्त सम्मानित रूपमा रही आएको पाउन सकिन्छ । काठमाडौँ भङ्गालका एक होनहार साहित्यिक व्यक्तित्वका रूपमा 'भावुक' रहेका छन् ।

नेपाली साहित्य जगत्का उदीयमान युवा साहित्यकार 'भावुक'को जीवनी, व्यक्तित्व र कृतित्वलाई पाँच परिच्छेदमा बाँडी केलाइएको छ । तिनै परिच्छेदको निष्कर्ष क्रमशः प्रस्तुत गरिएको छ ।

#### ५.१.१ पहिलो परिच्छेदको निष्कर्ष

पहिलो परिच्छेदमा शोधपत्रको परिचय, शोधको उद्देश्यलगायत शोधपत्रको रुपरेखाको वर्णन गरिएको छ । यसमा शोधपत्र तयार गर्नुको उद्देश्य स्पष्ट पार्नुका साथै शोधकार्यको क्षेत्र र सीमा निर्धारण गरिएको छ । शोधका लागि आवश्यक सामग्रीका स्रोतहरू समेत खुलाइएको छ ।

### ५.१.२ दोस्रो परिच्छेदको निष्कर्ष

दोस्रो परिच्छेदमा श्यामबहादुर 'भावुक'को जीवनी र व्यक्तित्वको बारेमा वर्णन गरिएको छ । जीवनी अन्तर्गत 'भावुक'को पुर्ख्यौली परिचयदेखि लिएर उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूको बारेमा बताइएको छ । 'भावुक'को व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वलाई केलाइएको छ । साहित्यिक व्यक्तित्वमा उपन्यासकार, कवि, कथाकार तथा गजलकार व्यक्तित्वको आलोकमा राखेर हेर्ने काम गरिएको छ भने साहित्येतर व्यक्तित्वमा सामाजिक, धार्मिक, प्रशासनिक तथा सम्पादकीय व्यक्तित्वका रुपमा वर्णन गरिएको छ ।

### ५.१.३ तेस्रो परिच्छेदको निष्कर्ष

तेस्रो परिच्छेदमा 'भावुक'को साहित्ययात्राको चरण विभाजन गरिएको छ । यसमा उनको साहित्यिक यात्रालाई प्रथम चरण र द्वितीय चरण गरेर देखाइएको छ । 'भावुक'को साहित्यिक प्रवृत्ति केलाउने क्रममा औपन्यासिक प्रवृत्ति, कविता तथा काव्यात्मक प्रवृत्ति भनेर वर्णन गरिएको छ । यसका साथै नेपाली साहित्यको क्षेत्रमा 'भावुक' एक उदीयमान युवा प्रगतिवादी साहित्यकारका रुपमा रहेको कुरा नेपाली साहित्यको क्षेत्रमा 'भावुक'को स्थान शीर्षकमा वर्णन गरिएको छ ।

### ५.१.४ चौथो परिच्छेदको निष्कर्ष

चौथो परिच्छेदमा 'भावुक'ले रचना गरेका पुस्तकाकार कृतिहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ । कृतिहरूको अध्ययन तथा विश्लेषणका लागि साहित्य परिचय दिनुका साथै काव्यिक तत्त्वहरूको चिनारी प्रस्तुत गरिएको छ । यिनै काव्यिक तत्त्वहरूका आधारमा 'भावुक'का कृतिहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ । यसका साथै फुटकर रचनाहरूको विवरण समेत प्रस्तुत गरिएको छ ।

### ५.१.५ पाचौँ परिच्छेदको निष्कर्ष

पाचौँ परिच्छेदमा साहित्यकार 'भावुक'को जीवनी, व्यक्तित्व र कृतित्वको निष्कर्ष रहेको छ । यसका साथै यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष दिइएको छ र अन्त्यमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

साहित्यका अधिकांश विधामा आफ्नो लेखनी क्षमतालाई उजागर गरेका 'भावुक'ले **अधुरो सपना** (२०५२) नामक कृतिबाट साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । हालसम्म उनका ६ ओटा साहित्यिक कृतिहरू प्रकाशित छन् । उपन्यास, खण्डकाव्य, कविता, गजल, कथा विभिन्न विधामा कलम चलाएका 'भावुक'को स्रष्टा व्यक्तित्व खारिन गएको छ । स्रष्टा व्यक्तित्वका अनेकौं पाटाहरूमध्ये उपन्यासकार व्यक्तित्व पनि एक पर्दछ । वि.सं. २०५२ सालमा **अधुरो सपना** उपन्यास प्रकाशन गरेर आफूलाई उपन्यासकार व्यक्तित्वको कित्तामा स्थापित गराएका छन् । समाजमा देखिने थिचोमिचोलाई ज्वलन्त रूपमा अभिव्यक्त यस उपन्यासमा स्थानीयता, यथार्थता, सामाजिकता, प्रगतिशीलता, वर्गीय चिन्तन रहेका छन् । यही नै यसका मूल प्रवृत्तिहरू हुन् ।

श्यामबहादुर 'भावुक'को अर्को विधागत क्षेत्र कविता तथा काव्यात्मक क्षेत्र हो । सामाजिक यथार्थवाद, मानवतावाद, विसङ्गतिवाद, स्वच्छन्दतावाद, प्रगतिवाद, स्वमूल्य मान्यताको खोज 'भावुक'का खण्डकाव्य, कविता र गजलगत प्रवृत्ति हुन् । भावमा गहनता, विचारमा उच्चता, स्वाभाविकता र अभिव्यक्ति सरलता उनका काव्यगत विशेषता हुन् । यिनका काव्यमा प्रकृतिप्रेम, स्थान विशेष मोह, रतिरागात्मक प्रेम, देशप्रेम मूल मुद्दाका रूपमा पाउन सकिन्छ । वि.सं. २०५७ सालमा प्रकाशित **सुन्तली-हर्के** खण्डकाव्य र वि.सं. २०५८ सालमा प्रकाशित **अठोट** खण्डकाव्यमा सामाजिक यथार्थता, विकृति, विसङ्गति, नारीसंवेदना, पीडा र हीनताबोधका साथै जनचेतनामूलक मानवतावाद मुखरित भएको पाउन सकिन्छ । त्यस्तै वि.सं. २०५९ सालमा प्रकाशित **होसियार** कवितासङ्ग्रहमा अठ्चालिसवटा कविताहरू रहेका छन् । कतै रतिरागात्मक प्रेम, कतै प्रकृति प्रेम, कतै स्थान विशेष मोह त कतै स्वास्थ्यसम्बन्धी सचेतता त कतै देशप्रेमका भावहरू सलबलाएको देख्न सकिन्छ भने कतै दुष्ट र भ्रष्ट नेताको चर्तिकला देख्न पाइन्छ । यस सङ्ग्रहमा रहेका कविताहरू काठमाडौं र चितवनको स्थानीय सेरोफेरोलाई आधार बनाएर लेखिएका छन् ।

वि.सं. २०६० सालमा प्रकाशित **सम्झनाको दियो** गीति शोककाव्यमा जनताका संवेदनशील राजा वीरेन्द्र र साहित्य कलाकी मर्मज्ञ ऐश्वर्यराज्यलक्ष्मी लगायत राजपरिवारका अन्य सदस्यहरूको निधनले देश नै शोकाकुल बनेको मर्माहत विषयलाई शब्दका तुनामा तुनेर श्रद्धाञ्जलिका भावहरू अर्पण गरेको पाइन्छ । चार-चार पङ्क्तिको अन्तरा दुई-दुई

पङ्क्तिको थेगोमा संरचित यस गीति शोककाव्यमा शोकका भावहरू लहराइएको पाइन्छ । अकल्पनीय घटनाले पुऱ्याएको घाउमा मलमपट्टी लगाउने काम गराएको पाइन्छ ।

वि.सं. २०६५ सालमा **मौन खबरहरू** गजलहरूको सङ्ग्रह प्रकाशित गरी श्यामबहादुर 'भावुक' गजलकार व्यक्तित्वका रूपमा स्थापित हुन पुगेका छन् । यस कृतिमा सीप, शैलीमा इमान्दारीताका साथै लोकजीवन र सामाजिक यथार्थका कुराहरूलाई मानवीय जिजीविषाका भावनाहरूलाई यथार्थपरक रूपमा प्रस्तुति दिन सफल भएका छन् । यसका साथै प्रेममा देखिएको विसङ्गति, विद्रोह, त्याग, बलिदान, बिछोड एवम् अन्तस्करणका कुराहरूलाई लयात्मक रूप दिएर विविध प्रतीक र बिम्बहरूका माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । सामाजिक विकृतिका रूपमा देखिएको जाँड-रक्सीका कुरादेखि लिएर राष्ट्र निर्माणका लागि साहसिला हात र मस्तिष्कहरू भ्रष्टाचारमा लपेटिएका कुरा पनि व्यक्त भएको पाइन्छ । लुटतन्त्र, कुटतन्त्र र फुटतन्त्रले लोकतन्त्र नै धरासायी भएको कुरासमेत यसमा रहेको छ । तखल्लुस 'भावुक' को प्रयोग गरी लेखिएका गजलका सेरहरू मर्मस्पर्शी रहेका छन् । रुक्न, काफियाको पूर्ण प्रयोगका साथ लेखिएको यस गजलमा मतला र मकताको संयोजन पाइन्छ ।

कृतिका रूपमा यिनै छवटा कृतिहरू रहेपनि फुटकर रचनाहरूमा *चेपाङ जातिको खोज र अनुसन्धानमूलक लेख, रमाको सल्लाह* कथा आदि रहेका छन् । जसले गर्दा 'भावुक'को लेखनकला अन्य विधातिर पनि सल्बलाएको पाइन्छ । राजनैतिक विकृति र विसङ्गतिको पर्दाफास, प्रगतिशीलता, राष्ट्रियता, यथार्थता, रतिरागात्मक प्रेम एवम् समाजचेत यिनका कृतिहरूमा पाइन्छ ।

विद्यालयजीवनदेखि नै साहित्यतिर अभिरुचि राख्ने 'भावुक'ले आख्यान र काव्यात्मक क्षेत्रमा आफ्नो कलम चलाएका छन् । उनको साहित्यिक क्षेत्र र विधागत आधारमा उनका कृतिहरूलाई चरणबद्ध रूपमा वर्गीकरण गरिएको छ । जसमा वि.सं. २०४५-२०५५ सम्मको समयावधिलाई प्रथम चरण र वि.सं. २०५५ देखि हालसम्मको समयावधिलाई द्वितीय चरणको रूपमा वर्गीकरण गरी अध्ययन एवम् विश्लेषण गरिएको छ । प्रथम चरणमा उनको एउटामात्र कृति **अधुरो सपना** उपन्यास रहेको छ । जुन सामाजिक, यथार्थवादी उपन्यास हो । सिकारूपन, अपरिपक्वता, स्थानीयता, नारी संवेदनाको प्रत्याभूति, प्रेमपरकता, आर्थिक विषमता र सामाजिकता उनका प्रथम चरणका विशेषता एवम् प्रवृत्ति मान्न सकिन्छ । वि.सं. २०५५ देखि हालसम्मको अवधिलाई श्यामबहादुर 'भावुक'को साहित्ययात्राको द्वितीय

चरण मान्न सकिन्छ । यस अवधिमा उनका प्रकाशित कृतिहरू **सुन्तली-हर्के** (खण्डकाव्य-२०५६), **अठोट** (खण्डकाव्य-२०५८), **होसियार** (कवितासङ्ग्रह-२०५९), **सम्झनाको दियो** (गीति शोककाव्य-२०६०) र **मौन खबरहरू** (गजलसङ्ग्रह-२०६५) रहेका छन् । यी कृतिहरूमा लागूपदार्थको दुर्व्यसनमा फँसेका युवावर्गको अवस्था, प्रेम, बिछोड, मिलन, राजनीति दुरावस्था, स्थानीयता एवम् प्रगतिशील विचारधारा समावेश भएको पाइन्छ । परिपक्वता, सामाजिक यथार्थता, समसामयिकता, प्रगतिशीलता, राजनीतिप्रति व्यङ्ग्य, नारीसंवेदनाको प्रस्तुति, रतिरागात्मक प्रेम, परिष्कृतता, राष्ट्रियता, शोकभाव आदि यस द्वितीय चरणका प्रवृत्तिहरू रहेका छन् ।

विद्यालय जीवनदेखि नै साहित्यमा रुचि राख्ने 'भावुक'ले साहित्य सिर्जनाका माध्यमबाट समाजलाई नयाँ डोरेटो देखाउन सफल रहेका छन् । वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा कार्यरत 'भावुक'ले प्रत्यक्ष रूपमा रोगीहरूलाई देख्ने र भेट्ने भएकाले स्वास्थ्यप्रति बढी सजगता अपनाउन आग्रह गरिएका भावहरू यिनका कृतिमा रहेका छन् । उपन्यास, खण्डकाव्य, गजल र कथाका विविध विधामा आफूलाई रङ्ग्याउन सफल यिनी साहित्य समाजको दर्पण हुनुपर्छ र साहित्य बहुसङ्ख्यक जनताका हितका लागि लेखिनुपर्छ भन्ने मान्यता राख्छन् । 'भावुक' निरन्तर नेपाली साहित्यको हित र उत्थानका लागि जुटिरहने दृष्टि राख्छन् । त्यसैले उनी विभिन्न सङ्घ-संस्थाबाट पुरस्कृत तथा सम्मानित भएका छन् । श्यामबहादुर 'भावुक' **पञ्चकुमारी सामाजिक गुठी**द्वारा गजल प्रतियोगितामा तृतीय पुरस्कार (२०५९, काठमाडौँ), **स्वाजन साहित्यिक समाज**को प्रतियोगितात्मक कवि गोष्ठीमा प्रथम पुरस्कार (२०६२), **सामुदायिक सेवा केन्द्र,** बुढानिलकण्ठद्वारा नगदसहित दोसल्ला ओढाएर सम्मानित (२०६०, काठमाडौँ), **नेपाल युवा समाज**द्वारा राष्ट्रिय नागरिक स्वर्ण सम्मान-२०६२ बाट सम्मानित (२०६२), **दिगो विकास नेपाल**द्वारा राष्ट्रिय सामाजिक सेवा सम्मान-२०६३ बाट सम्मानित (२०६३) आदि पुरस्कार र सम्मानबाट सम्मानित भएका छन् ।

काठमाडौँको ठिटो चितवनमा रहेर साहित्य सिर्जनामा लागि पर्नु उनको विशेष गुण हो । वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरको प्रशासन शाखामा कार्यरत भए पनि फिल्ड कार्यका लागि कहिले बारा त कहिले बाजुरालगायत विभिन्न स्थानमा दौडधुप गर्नु पर्ने भए तापनि आफ्नो साहित्यलाई भने कत्ति पनि नछाडी अहोरात्र लागिरहेका छन् । लेखन गर्नु कर्म हो, इच्छा हो, आत्मसन्तुष्टि हो भन्ने विचार राख्ने 'भावुक' निरन्तर

लेख्न मन पराइरहेछन् । साहित्यमा केही लेखिरहन, केही खोजिरहन रुचाइरहने यिनले त्यसलाई निरन्तरता दिइरहेका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**बाट विशेष प्रभावित यिनले त्यसलाई पछ्याउँदै पहिलो कृति **अधुरो सपना** लेखेका हुन् । उपत्यकाभन्दा बाहिर रहेर पनि नेपाली साहित्यलाई टेवा दिने एक अग्रणी व्यक्तिका रूपमा श्यामबहादुर 'भावुक' रहेका छन् । तसर्थ साहित्यकार श्यामबहादुर 'भावुक' नेपाली साहित्य जगत्का उदीयमान प्रगतिशील विचारधाराका संवाहक हुन पुगेका छन् ।

# परिशिष्ट : एक

सम्मान तथा प्रमाण-पत्रहरू

# परिशिष्ट : दुई

## अन्तर्वार्ता

अन्तर्वार्ताका क्रममा सोधिएका प्रश्नहरू :-

१. तपाईंको जन्म कहिले र कहाँ भएको थियो ?

२. तपाईंको बाल्यकाल कसरी बित्यो ?

३. आफ्नो पारिवारिक तथा आर्थिक स्थितिवारे केही बताइदिनु हुन्थ्यो कि ?

४. आफ्नो शैक्षिक स्थिति तथा सामाजिक जीवनको वारेमा केही बताईदिनु हुन्छ कि ?

५. फुर्सदको समयमा के गर्न रुचाउनु हुन्छ ?

६. नेपाली साहित्यप्रति रुचि लाग्नुको कारण ?

७. साहित्य लेखनमा प्रवेश कहिले र केबाट गर्नु भयो ?

८. पहिलो पुस्तकाकार कृति कुन हो ?

९. हालसम्म कतिवटा पुस्तकाकार कृतिहरु प्रकाशित भएका छन् ?

१०. कुनै कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् कि ?

११. साहित्यका कुन-कुन विधामा कलम चलाउनु भएको छ ?

१२. कुन साहित्यिक विधाप्रति आकृष्ट हुनुहुन्छ र किन ?

१३. तपाईंलाई मन पर्ने कृति कुन हो र किन ?

१४. आफ्ना रचनाहरूमध्ये सबैभन्दा मन छुने रचना वा कृति कुन हो ?

१५. साहित्य रचना गर्नुको मुख्य ध्येय के ठान्नुहुन्छ ?

१६. कुनै सङ्घ-संस्थासँग आबद्ध हुनुहुन्छ कि ?

१७. पारिवारिक तथा जागिरे जीवन र साहित्यिक जीबनबीच कसरी तालमेल मिलाएर अगाडि बढिरहनु भएको छ ?

१८. मैले सोध्न बिर्सिएका र तपाईंलाई भन्न मन लागेका केही कुरा छन् भने बताइदिनु हुन्छ कि ?

# सन्दर्भ ग्रन्थ-सूची

## अ) प्रमुख पुस्तक-सूची

**श्यामबहादुर 'भावुक'**

- **अधुरो सपना,** श्यामबहादुर 'भावुक' (सम्पा.), काठमाडौँ (२०५५) ।
- **सुन्तली-हर्के**, सगुन, सुदय खड्का, काठमाडौँ (२०५६) ।
- **अठोट,** सगुन, सुदय, सङ्घर्ष खड्का, काठमाडौँ (२०५८)
- **होसियार,** माता रत्नकुमारी खड्का, काठमाडौँ (२०५९)
- **सम्झनाको दियो,** कुमारबहादुर थापा, कुपण्डोल, ललितपुर (२०६०)
- **मौन खबरहरू**, उद्धव थापा, काठमाडौँ : (२०६५)

## आ) सहायक पुस्तक-सूची


**आचार्य, कृष्णप्रसाद,** *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,* (कीर्तिपुर : क्षितिज प्रकाशन), २०६४ ।

**आचार्य, कृष्णप्रसाद र ईश्वरीप्रसाद गैरे,** *आधुनिक नेपाली नाटक र फुटकर कविता,* (काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज्), २०५९ ।

**आमोदी, केशवराज,** *मुजाहिफ बहरअन्तर्गत मुसद्दस सालिमसँग सम्बन्धित बहरहरूका छनकहरू,* **स्वर्ण स्मारिका-२०६७,** श्री चतुर्मुखी उच्च मा.वि., शक्तिखोर, चितवन ।

**गौतम, लक्ष्मणप्रसाद,** *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* (ललितपुर : साझा प्रकाशन), २०६० ।

**थापा, मोहनहिमांशु,** *साहित्य परिचय,* पाचौँ संस्करण, (ललितपुर : साझा प्रकाशन), २०६६ ।

**पौड्याल, कृष्णविलास,** *नेपाली आख्यान र नाटक,* (काठमाडौँ : नवीन प्रकाशन), २०५९) ।

**पौडेल, विष्णुप्रसाद,** *संस्कृत काव्यशास्त्र,* (काठमाडौँ : भुँडी पुराण प्रकाशन), २०५७ ।

**बराल, कृष्णहरि,** *गजल सिद्धान्त र परम्परा,* (ललितपुर : साझा प्रकाशन), २०६४ ।

**श्रेष्ठ, दयाराम र अन्य** (सम्पा.), *विद्यार्थी नेपाली शब्दमाला,* (काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन), २०६३ ।

**शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइँटेल**, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार), २०६३ ।

**शर्मा, वसन्तकुमार,** *नेपाली शब्दसागर,* दोस्रो संस्करण, (काठमाडौँ : भाभा पुस्तक भण्डार), २०५८ ।

**सुवेदी, राजेन्द्र** (सम्पा.), *सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,* (घण्टाघर, काठमाडौँ : पाठ्य सामग्री पसल), २०५७ ।

**सुवेदी, राजेन्द्र** (सम्पा.), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दोस्रो संस्क, (ललितपुर : साझा प्रकाशन), २०६४ ।

**त्रिपाठी, बासुदेव, दैवज्ञराज न्यौपाने र केशव सुवेदी** (सम्पादकहरू), *नेपाली कविता भाग ४,* पाचौँ संस्करण (ललितपुर : साझा प्रकाशन, २०६५)

## सहायक शोधपत्र-सूची

**कोइराला, शिवहरि,** *साहित्यकार रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस), २०६५ ।

**पौडेल, सीता,** *साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस), २०६६ ।

**बराल, मञ्जु, क्षितिज साहित्यिक मासिक पत्रिका** (२०६५), मैयाँदेवी कन्या कलेज, भरतपुर ।

**भट्ट, बिमला,** *साहित्यकार गोपाल अश्कको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस), २०६५ ।

## सहायक पत्रिका-सूची

**के.सी., हरि,** *अठोट खण्डकाव्य : एक विश्लेषण,* **साप्ताहिक दिव्यदर्शन**, काठमाडौँ, २०५८ मङ्सिर २३ गते शनिवार, पृ. ४ ।

**देवकोटा, वाई,** *बिर्सनै नसकिने घटनाको सम्झनामा कवि श्यामबहादुर 'भावुक'को सम्झनाको दियो,* **सन्देशमञ्च स्मारिका,** काठमाडौँ, २०६२ ।

**देवकोटा, वाई,** *'भावुक'को सम्झनाको दियो,* **नवदित साप्ताहिक,** काठमाडौँ, २०६२ भदौ १० गते शुक्रवार।

**पाण्डे, थानेश्वर 'आशिक',** *गजल संरचना र विश्लेषण,* **कुञ्जिनी साहित्य समालोचना विशेषाङ्क**, त्रि.वि., कीर्तिपुर, २०६२-६३ ।

**प्रेमी, किसान,** *'भावुक'का मौन खबरहरूभित्र डुबुल्की मार्दा,* **साप्ताहिक जनअर्पण,** काठमाडौँ : वर्ष १०, अङ्क २३, २०६७ आश्विन ४ गते सोमवार ।

**बानिया, के.बी.,** *अधुरो सपनाबाट झुल्केका 'भावुक',* **युगसंवाद साप्ताहिक**, काठमाडौँ, २०५५ चैत्र ४ गते विहीवार ।

**भट्टराई, रेणुका,** *'भावुक'को मनमा सुन्तली र हर्केको खण्डकाव्यीय कथा,* **जनप्रहार दैनिक,** काठमाडौँ, २०६२ माघ ४ गते मङ्गलवार ।

**'भावुक', श्यामबहादुर,** *चेपाङ जातिको कथा-व्यथा,* **नारायणी टुडे मासिक पत्रिका**, चितवनः अङ्क २०, २०५७ जेठ-असार ।

**शर्मा, केशव,** *सुन्तली-हर्के सामाजिक परिप्रेक्ष्यमा,* **युगसंवाद साप्ताहिक**, काठमाडौँ, २०५८ भाद्र १२ गते मङ्गलवार ।

**सञ्जेल, राम,** *श्यामबहादुरको सुन्तली र हर्के,* **साप्ताहिक जनसत्ता**, काठमाडौँ, २०५७ बैशाख ३ गते शनिवार ।

**सञ्जेल, राम,** *श्यामबहादुरको अठोटसित एकछिन,* **साप्ताहिक जनसत्ता,** काठमाडौँ, २०५९ भदौ १५ गते शनिवार ।

**सिंह, डम्बरबहादुर,** *अधुरो सपना,* **युगसंवाद साप्ताहिक,** २०५५, चैत्र ४ गते विहीवार ।

**सुवेदी, प्रकाश,** *'भावुक'को भावुकतामा एकैछिन लुटपुटिँदा,* **हिमालय टाइम्स,** काठमाडौँ, २०६० जेठ २४ शनिवार ।

**क्षितिज, जे.बी.,** *होसियार कवितासङ्ग्रहको एक अन्वेषण,* **चितवन आस्था दैनिक**, चितवन, २०६७ फागुन १० गते मङ्गलवार ।